# फैसला कार्यान्वयन निर्देशनालय

## स्थापना सम्बन्धी अध्ययन प्रतिवेदन

## २०६६




सर्वोच्च अदालत
SUPREME COURT OF NEPAL

नेपाल कानून समाज
NEPAL LAW SOCIETY

# फैसला कार्यान्वयन निर्देशनालय

## स्थापना सम्बन्धी अध्ययन

| निर्देशक समिति | |
|---|---|
| रजिष्ट्रार डा. रामकृष्ण तिमल्सेना, सर्वोच्च अदालत | संयोजक |
| सह-रजिष्ट्रार श्री विनोद शर्मा, सर्वोच्च अदालत | सदस्य |
| सह-रजिष्ट्रार श्री तिल प्रसाद श्रेष्ठ, सर्वोच्च अदालत | सदस्य |
| सह-रजिष्ट्रार श्री श्रीकान्त पौडेल, सर्वोच्च अदालत | सदस्य |
| सह-रजिष्ट्रार श्री विपुल न्यौपाने, सर्वोच्च अदालत | सदस्य |
| श्री गोविन्द दास श्रेष्ठ, द एशिया फाउण्डेशन | सदस्य |
| श्री कृष्णमान प्रधान, नेपाल कानून समाज | सदस्य |

| अध्ययन समूह |
|---|
| सह-रजिष्ट्रार विपुल न्यौपाने |
| उप-सचिव श्यामकुमार भट्टराई |
| उप-सचिव विष्णु उपाध्याय |
| अधिवक्ता कविता शाह |

# फैसला कार्यान्वयन निर्देशनालय

## स्थापना सम्बन्धी अध्ययन प्रतिवेदन

## २०६६


सर्वोच्च अदालत
SUPREME COURT OF NEPAL

नेपाल कानून समाज
NEPAL LAW SOCIETY

प्रकाशक नेपाल कानून समाज
अनामनगर, काठमाडौं, नेपाल
पो.ब.नं. १३२११

सर्वाधिकार © नेपाल कानून समाज

प्रकाशित मिति २०६६ वैशाख (May 2009)

प्रकाशन प्रति १०००

मुद्रण डट्स एण्ड लाइन्स् ग्राफिक आर्टस् प्रा. लि.
dnl@info.com.np

सहयोग

USAID | NEPAL FROM THE AMERICAN PEOPLE

The Asia Foundation

---

यो अध्ययन प्रतिवेदन सम्बन्धित क्षेत्रका सरोकारवालाहरूको राय सुझावको आधारमा तयार पारी संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत् अमेरिकी जनताको सहयोगमा प्रकाशन भएको हो । यस अध्ययन प्रतिवेदनमा समाविष्ट विचार तथा विषयवस्तुका लागि नेपाल कानून समाज जिम्मेवार छ र यसले युएसएआइडी वा अमेरिकी सरकारको दृष्टिकोण प्रतिवम्बित गर्ने छैन ।

# प्रकाशकीय

फैसला कार्यान्वयन न्याय सम्पादनको सिलसिलामा अदालतबाट गरिने अन्तिम तर महत्वपूर्ण कार्य हो । वास्तवमा कुनै पनि फैसलाको महत्व त्यसको कार्यान्वयनमा निर्भर गर्दछ । फैसला जतिसुकै सही र औचित्यपूर्ण भए पनि कार्यान्वयनको अभावमा त्यस्तो फैसलाको महत्व कागजी न्यायमा सीमित हुनपुग्दछ । फैसलाबाट मुद्दाका पक्षहरूले हार्नु वा जित्नु एउटा कुरा हो तर पक्षले त्यतिबेला मात्र न्याय पाएको अनुभूति गर्दछ जतिबेला आफूले जितेको कुराको उपभोग गर्न पाउँछ । त्यसैले न्यायलाई यथार्थतामा परिणत गरी सरोकारवाला सबैलाई न्यायको अनुभूति दिलाउन तथा कानूनी राज्यको मूल्य र मान्यता प्रति आश्वस्त तुल्याउन पनि फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउनु जरूरी छ । तर फैसला कार्यान्वयन सम्बन्धी पछिल्ला आकडाहरूलाई आधार मान्ने हो भने अदालतको फैसला कार्यान्वयनको कार्य अपेक्षित मात्रामा प्रभावकारी हुन नसकेको स्पष्ट हुन्छ । वास्तवमा जति जोड मुद्दाको फैसला गर्नमा दिइन्छ फैसलाको कार्यान्वयनमा त्यति ध्यान दिइदैन भन्ने आरोप लाग्ने गरेको सुनिन्छ ।

फैसला कार्यान्वयनको सुस्त गतिलाई ध्यानमा राखेर न्यायपालिकाले यसमा सुधार को प्रयास नगरेको भने होइन । उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ लगायत विभिन्न समयमा सम्पन्न भएका न्यायाधीशहरूको गोष्ठी र सम्मेलनमा समेत फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने विषयले प्राथमिकता पाइरहेको पाइन्छ । फैसला कार्यान्वयन सम्बन्धी कार्यविधिलाई सरलीकरण गरी यस सम्बन्धी कार्यलाई छिटोछरितो र प्रभावकारी बनाउने उद्देश्यले सम्बन्धित कानूनहरूमा संशोधन पनि भइरहेको हो । कानूनमा संशोधन गरी फैसला कार्यान्वयन सम्बन्धी कार्यविधिमा केही सरलता ल्याइए बाबजुद अदालतको यस सम्बन्धी भूमिकामा वाञ्छित सुधारको आभास मिल्न सकेको छैन । यसले गर्दा कानून, न्याय र अदालती प्रक्रिया प्रति नै जन असन्तुष्टी बढेको मात्र होइन, अदालतको आधारभूत शक्तिको रूपमा रहेको जनआस्थामा ह्रास आइरहेको स्थिति एकातिर छ भने अर्कोतिर मुलुकमा दण्डहीनताले प्रोत्साहन पाइरहेको स्वाभाविक अनुमान गर्नसकिन्छ । यसै पृष्ठभूमिमा न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना २०६१-२०६६ ले न्यायपालिकाको फैसला कार्यान्वयन क्षमतालाई सुदृढ गर्नुपर्ने विषयलाई एउटा प्रमुख रणनीतिक कदमको रूपमा पहिचान गरेको छ । सोही बमोजिम रणनीतिक योजना कार्यान्वयनको अनुगमन र मूल्याङ्कनका लागि सर्वोच्च अदालतमा गठित योजना कार्यान्वयन समितिबाट फैसला कार्यान्वयन सम्बन्धी वर्तमान संरचनामा गर्नुपर्ने सुधारका पक्षमा अध्ययन गर्ने निर्णय भए अनुसार प्रस्तुत अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

अध्ययनको मुख्य उद्देश्य फैसला कार्यान्वयन सम्बन्धी कार्यविधिगत पक्षमा विगतमा भएका सुधार प्रयासहरूका बाबजूद अपेक्षित परिणाम प्राप्त हुन नसकेको तथ्यलाई ध्यानमा राखी यस सम्बन्धी संरचनागत सुधारका सम्भावनाहरूको खोजी गर्नु रहेको छ । यसका लागि फैसला कार्यान्वयनका क्षेत्रमा कार्यरत न्यायाधीश र तहसिलदारहरूका अतिरिक्त अदालतमा कार्यरत अन्य अधिकृतहरू, कानून व्यवसायीहरू तथा अन्य सरोकारवालाहरूसँग परामर्श र अन्तरक्रिया गरी प्राप्त सुझाव समेतका आधारमा फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउन यस सम्बन्धी छुट्टै संरचनाको रूपमा केन्द्रीय तहमा फैसला कार्यान्वयन निर्देशनालय र जिल्ला तहमा निर्देशनालय मातहत रहने गरी छुट्टै फैसला कार्यान्वयन इकाइहरू स्थापना गर्न सिफारिश गरिएको छ ।

समग्रमा अध्ययन प्रतिवेदनलाई सात परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा अध्ययन प्रतिवेदनबारे प्रारम्भिक विषयहरू उल्लेख गरिएका छन् । विगतमा भएका यस सम्बन्धी अध्ययनहरूको समीक्षा गर्नुको अतिरिक्त प्रस्तुत अध्ययनको आवश्यकता र औचित्य, उद्देश्य एवं अध्ययनमा प्रयोग गरिएको विधिका बारेमा प्रकाश पारिएको छ ।

दोस्रो परिच्छेदमा फैसला कार्यान्वयन सम्बन्धी विगतमा भएका अध्ययनहरूको सर्वेक्षण प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत गर्ने क्रममा उच्चस्तरीय न्यायिक सुधार आयोग लगायत विभिन्न आयोग र समिति तथा समय–समयमा भएका न्यायाधीश र तहसिलदारहरूको सम्मेलनबाट पारित प्रस्तावहरू पनि संक्षेपमा उल्लेख गरिएको छ ।

तेस्रो परिच्छेदमा फैसला कार्यान्वयन सम्बन्धी हाल विद्यमान कानूनी व्यवस्थाका बारेमा उल्लेख गरिएको छ । फैसला कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्थाहरू उल्लेख गर्ने क्रममा मुद्दाको प्रकृति अनुसार देवानी, फौजदारी र रिट निवेदनमा जारी हुने आदेशहरू कार्यान्वयनको विषयलाई छुट्टाछुट्टै विवेचना गरिएको छ । यसैगरी चौथो परिच्छेदमा फैसला कार्यान्वयनको वर्तमान अवस्थाको समीक्षा गर्दै नयाँ संरचनाको आवश्यकता र औचित्य माथि प्रकाश पारिएको छ ।

अध्ययन प्रतिवेदनको पाँचौ परिच्छेदमा फैसला कार्यान्वयनका लागि नयाँ संरचनाको रूपमा प्रस्तावित फैसला कार्यान्वन निर्देशनालयको सङ्गठनात्मक स्वरूप र कार्यप्रणाली वारे विस्तृत खाका प्रस्तुत गरिएको छ भने छैठौं परिच्छेदमा फैसला कार्यान्वयन निर्देशनालय स्थापना गर्दा सुधार गर्नुपर्ने ऐन कानूनहरूको सूची र विभिन्न अदालत नियमावलीहरूमा गर्नुपर्ने संशोधनका लागि प्रस्तावित मस्यौदा समेत उल्लेख गरिएको छ ।

अध्ययन प्रतिवेदनको अन्तिम परिच्छेद सातमा नयाँ संरचनाको रूपमा फैसला कार्यान्वयन निर्देशनालय स्थापनाका लागि आवश्यक पर्ने पूर्वाधार र बजेटको प्रक्षेपण प्रस्तुत गरिनुका अतिरिक्त प्रतिवेदनमा सिफारिस गरिएका सुझावहरूको कार्यान्वयनका लागि कार्ययोजना समेत दिइएको छ ।

फैसला कार्यान्वयन जस्तो महत्वपूर्ण विषयको अध्ययनमा जिम्मेवारी सहभागी हुने अवसर प्राप्त भएकोमा सम्मानित सर्वोच्च अदालत र यू.एस.ए.आई.डि./द एशिया फाउण्डेशन, कानूनको शासन सुदृढीकरण परियोजना प्रति नेपाल कानून समाजको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यो अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा संयोजकको भूमिका निर्वाह गर्नुहुने नेपाल कानून समाजका श्री कृष्णमान प्रधान एवं अध्ययन कार्यमा संलग्न हुने श्री विपुल न्यौपाने, श्री श्यामकुमार भट्टराई, श्री विष्णु उपाध्याय र श्री कविता शाहको समूहलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत अध्ययन प्रतिवेदनलाई अन्तिम रूप दिने क्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीश द्वय श्री रामप्रसाद श्रेष्ठ र श्री खिलराज रेग्मीबाट प्राप्त सल्लाह र सुझावका लागि वहाँहरू प्रति नेपाल कानून समाज आभार व्यक्त गर्दछ । यसैगरी सर्वोच्च अदालत, योजना कार्यान्वयन समितिको संयोजकका रूपमा माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठबाट अध्ययनको शुरूदेखि अन्तिमसम्म नेपाल कानून समाजलाई विभिन्न प्रकारको राय, सल्लाह, सुझाव र हौसला प्राप्त भएको छ । वहाँको यो महत्वपूर्ण सुझाव र सहयोगका लागि नेपाल कानून समाजका तर्फबाट वहाँ प्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अध्ययनको कार्यलाई सही रूपबाट निर्देशन गरी बढी गुणस्तरीय र उपयोगी बनाउन सकियोस् भन्ने उद्देश्यले सर्वोच्च अदालतका रजिष्ट्रार डा. रामकृष्ण तिमल्सेनाको संयोजकत्वमा त्यहाँका सहरजिष्ट्रारहरू र The Asia Foundation कानूनको शासन कार्यक्रमका प्रमुख श्री गोविन्द दास श्रेष्ठ सम्मिलित निर्देशक समिति गठन गरिएको थियो । अध्ययन प्रतिवेदनलाई यस रूपमा तयार गर्न निर्देशक समितिका हैसियतले पुऱ्याउनु भएको महत्वपूर्ण योगदानका लागि वहाँहरूप्रति हार्दिक धन्यवाद् दिन चाहन्छु । अध्ययन प्रतिवेदन तयारीका चरणमा भाषागत सम्पादन गर्नुहुने प्रा. माधव घिमिरे र कम्प्युटर सेटिङमा सहयोग गर्नुहुने श्री भवानी कायष्ठ पनि धन्यवादका पात्र हुनुहुन्छ ।

२०६६ वैशाख

**कुसुम श्रेष्ठ**
अध्यक्ष
नेपाल कानून समाज

# मन्तव्य

फैसला कार्यान्वयन अहिले न्यायपालिकाका सामू देखा परेको ठूलो समस्या हो । बर्षेनी कार्यान्वयन हुन बाँकी फैसलाहरूको लगत कम हुनुको सट्टा बढिरहेको छ । खास गरेर दण्ड जरिवाना र कैद असूलीका हिसावले हेर्ने हो भने समस्याको गम्भिरता स्पष्ट हुन्छ । सरकार र सरकारी निकायका विरूद्धमा सर्वोच्च अदालतबाट जारी भएका आदेशहरू कै कार्यान्वयनको अवस्था पनि सन्तोषजनक पाइदैन । यस स्थितीमा फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने विषयप्रति सबैको चासो, चिन्ता र सरोकार बढ्नु स्वाभाविकै हो ।

फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउन न्यायपालिकाबाट प्रयासहरू नभएका होइनन् । विभिन्न सभा, सम्मेलन र गोष्ठीहरू मार्फत फैसला कार्यान्वयनको कार्यमा सुधारका निम्ति विभिन्न सुझावहरू दिइएका छन् । यी सुझावहरूलाई केन्द्रमा राखी प्रचलित कानून र नियमावलीहरूमा संशोधन पनि गरिएका हुन् । तर यी केही प्रयासहरूको बाबजूद समस्याको उपयुक्त सम्बोधन हुन सकेको पाइएन । फैसला कार्यान्वयन सम्बन्धी कार्यविधिमा गरिएका छिटपुट संशोधन र सुधारले मात्र यस सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन पर्याप्त नभएको स्पष्ट छ । यसै बीच न्यायपालिकाको पहिलो पञ्चबर्षीय रणनीतिक योजनामा फैसला कार्यान्वयन सम्बन्धी संस्थागत सुदृढीकरणको विषयलाई एउटा रणनीतिक उपायको रूपमा प्राथमिकतामा राखिए बमोजिम उपयुक्त संस्थागत संरचनाको खोजि गर्ने र सो को खाका तयार पार्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको हो । न्यायपालिकामा प्रस्तुत अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा निर्देशन समितिको संयोजकको हिसावले मेरोपनि संलग्नता थियो र यो विषयमा धेरै पहिलादे खि मैले कार्यविधिमा सुधार गरेर मात्र पुग्दैन । संस्थागत संयन्त्रपनि विकास हुनु पर्दछ भनी आएको हुंदा फैसला कार्यान्वयन सम्बन्धी नयाँ संरचनाको रूपमा फैसला कार्यान्वयन निर्देशनालयको प्रस्ताव गरिनु महत्वपूर्ण छ । यसको अतिरिक्त यसका लागि आवश्यक पर्ने जनशक्ति र कानूनी प्रावधान लगायतका पूर्वाधारहरूका बारेमा समेत वृहत सुझावहरू समेटिएको छ । आशा छ न्यायपालिकामा फैसला कार्यान्वयन सम्बन्धी गरिने भावि संरचनागत सुधारका लागि प्रस्तुत अध्ययन प्रतिवेदन महत्वपूर्ण आधार सावित हुनेछ ।

न्यायपालिकाका विभिन्न गतिविधिमा सुधारका लागि द एशिया फाउण्डेशन, कानूनको शासन सुदृढीकरण परियोजनाबाट निरन्तर सहयोग प्राप्त भइरहेको छ । प्रस्तुत अध्ययनका लागि पनि आर्थिक सहयोग उपलब्ध गराएकोमा द एशिया फाउण्डेशन,

कानूनको शासन सदृढीकरण परियोजना तथा यसका प्रमुख गोविन्द दास श्रेष्ठ र वहाँको सम्पूर्ण सहयोगी समूह प्रति आभार व्यक्त गर्दछु । प्रस्तुत अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा निरन्तर सहयोग र समन्वय गरी महत्वपूर्ण योगदान पुऱ्याउने नेपाल कानून समाज तथा समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानलाई म धन्यवाद दिन चाहन्छु । यसैगरी न्यायपालिकाको ठूलो समस्याको रूपमा रहेको फैसला कार्यान्वयनको विषयमा अध्ययनको जिम्मा लिई अत्यन्त मेहनतपूर्वक यो प्रतिवेदन तयार पार्नु भएकोमा सह-रजिष्ट्रार विपुल न्यौपाने र वहाँको अध्ययन समूहलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

२०६६ वैशाख १५ गते

**डा. रामकृष्ण तिमल्सेना**
रजिष्ट्रार
सर्वोच्च अदालत

# विषय सूची


**प्रकाशकीय** ग

**मन्तव्य** छ

**कार्यकारी सारांश** ट

**परिच्छेद १ प्रारम्भिक**

१.१ परिचय २

१.२ अध्ययनको आवश्यकता र औचित्य ३

१.३ अध्ययनको उद्देश्य ४

१.४ पूर्वअध्ययनको समीक्षा ६

१.५ तथ्याङ्कको संङ्कलन र अनुसन्धान विधि ६

१.६ अध्ययनको सीमा ७

१.७ अध्ययनको स्वरूप ७

**परिच्छेद २ फैसला कार्यान्वयन सम्बन्धमा विगतमा भएका अध्ययनको सर्वेक्षण**

२.१ उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ १०

२.२ शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४० ११

२.३ न्यायाधीशका विभिन्न सम्मेलनहरूबाट पारित प्रस्तावहरू ११

२.४ अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन, २०५५ ११

२.५ अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८ ११

२.६ निर्णय कार्यान्वयन शाखाको स्थापना १२

२.७ अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको मस्यौदा, २०५९ १२

२.८ पञ्चवर्षीय राणनीतिक योजना, २०६१ १२

२.९ तहसिलदारको राष्ट्रिय सम्मेलन, २०६२ १३

२.१० कैद दण्ड जरिवानाको लगत असुल फछ्र्यौट गर्ने सम्बन्धी . . . . . १३

२.११ प्रस्तावित देवानी संहिता, २०६४ १४

२.१२ फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरू . . . . . १४

२.१३ तीन वर्षभन्दा कम कैद तथा जरिवानाको लगत फछ्र्यौट . . . . . १४

२.१४ अन्य प्रयासहरू १५

**परिच्छेद ३ फैसला कार्यान्वयनसम्बन्धी कानुनी व्यवस्था**

| | | |
|---|---|---|
| ३.१ | रिट निवेदनमा भएका आदेशको कार्यान्वयन | १८ |
| ३.२ | देवानी मुद्दाको फैसला कार्यान्वयन | १८ |
| ३.३ | फौजदारी मुद्दाको फैसला कार्यान्वयन | १९ |
| ३.४ | विविधि | १९ |

**परिच्छेद ४ फैसला कार्यान्वयनको वर्तमान अवस्था र नयाँ संरचनाको औचित्य र आवश्यकता प्रारम्भ**

| | | |
|---|---|---|
| ४.१ | फैसला कार्यान्वयनको वर्तमान अवस्था | २६ |
| ४.२ | नयाँ संरचनाको औचित्य र आवश्यकता | २७ |

**परिच्छेद ५ फैसला कार्यान्वयन निर्देशनालयको सङ्गठनात्मक स्वरूप र कार्य प्रणाली**

| | | |
|---|---|---|
| ५.१ | फैसला कार्यान्वयन निर्देशनालय | ३२ |
| ५.२ | फैसला कार्यान्वयन सम्बन्धी संरचनामा प्रहरी जनशक्तिको आवश्यकता | ३३ |
| ५.३ | फैसला कार्यान्वयन जिल्ला एकाई | ३५ |
| ५.४ | फैसला कार्यान्वयन निर्देशक समिति | ३८ |
| ५.५ | फैसला कार्यान्वयन जिल्ला समन्वय समिति | ३९ |
| ५.६ | कार्य प्रणाली | ३९ |
| ५.७ | कर्मचारी व्यवस्थापन | ४० |
| ५.८ | सवारी साधन तथा अन्य सुविधा | ४१ |
| ५.९ | पुरानो लगत व्यवस्थापन | ४१ |

**परिच्छेद ६ फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गर्दा सुधार गर्नुपर्ने ऐन कानूनहरू**

| | | |
|---|---|---|
| ६.१ | सर्वोच्च अदालत नियमावली संशोधन | ४४ |

**परिच्छेद ७ निर्देशनालय स्थापनाका लागि आवश्यक पर्ने पूर्वाधार र बजेटको प्रक्षेपण**

| | | |
|---|---|---|
| ७.१ | फैसला कार्यान्वयन निर्देशनालयका लागि | ५६ |
| ७.२ | फैसला कार्यान्वयन एकाईका लागि | ५७ |

**अनुसूचीहरू**

| | |
|---|---|
| अनुसूची १ अध्ययनको क्रममा गरिएको छलफल | ६६ |
| अनुसूची २ अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्तिहरूको विवरण | ७१ |
| अनुसूची ३ फैसला कार्यान्वयन निर्देशनालयका कर्मचारीको कार्यविवरण | ७२ |
| अनुसूची ४ फैसला कार्यान्वयन एकाईका कर्मचारीको कार्य विवरण | ७८ |

# कार्यकारी सारांश

## १.१ परिचय

फैसलाको प्रभावकारी कार्यान्वयनबाट नै वास्तविक अर्थमा न्याय प्राप्त हुन्छ । फैसलाको कार्यान्वयन छिटो, छरितो र प्रभावकारी रूपमा गरिएमा नै मुद्दाका पक्षहरूले वास्तविक अर्थमा न्याय प्राप्त गरेको अनुभूति गर्ने गर्दछन् र त्यसबाट नै साँचो अर्थमा न्याय प्रदान गरिएको पनि ठहरिन्छ । यसैबाट अदालतप्रतिको आस्था र विश्वसनीयता अभिवृद्धि हुन्छ । तर पछिल्ला तथ्याङ्कहरू हेर्दा फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीहरूले आशातीत सफलता प्राप्त गर्नसकेको देखिंदैन । अदालतकै एउटा शाखाबाट फैसला कार्यान्वयन हुने वर्तमान व्यवस्थामा परम्परागत प्रकृयामुखी अदालती कार्यशैलीको प्रतिछायाँ परेको देखिन्छ । यथास्थिति भित्रबाट गरिने सुधारले मात्र अबको फैसला कार्यान्वयन सम्बन्धी समस्यालाई सम्बोधन गर्नसक्ने देखिंदैन । यसका लागि परिणाम दिनसक्ने छुट्टै जिम्मेवार एकाई स्थापना गरिनुपर्दछ । प्रस्तुत अध्ययन सोही विषयमा केन्द्रित रहेको छ ।

## १.२ अध्ययनको आवश्यकता र औचित्य

न्याय प्रशासनमा सुधार गर्ने उद्देश्यले निरन्तर रूपमा विभिन्न प्रयाश हुदै आएका छन् । उच्च स्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन २०२८ देखि र हालै राष्ट्रिय न्यायिक प्रतिष्ठानले गरेको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन २०६५ समेतले फैसला कार्यान्वयनका लागि छुट्टै र प्रभावकारी निकायको आवश्यता औंल्याएका छन् । हाल सम्म यस क्षेत्रमा गरिएका प्राय सबै प्रयासहरू कार्यविधिगत सुधार तर्फमात्र केन्द्रित रहेको र सस्थागत विकास तथा संरचनागत सुधार तर्फ खासै ध्यान पुग्न नसकेको अवस्था देखिन्छ । न्याय प्रशासनको महत्वपूर्ण पाटोको रूपमा रहेको फैसला कार्यान्वयनलाई व्यवस्थित बनाई प्रभावकारिता अभिवृद्धि गर्नु भन्दा पनि लगत काट्न प्रेरित गर्ने ढङ्गले हाम्रा काम कारवाहीहरू सञ्चालित भएको पाइन्छ । फैसला कार्यान्वयन प्रभावकारी हुन नसक्नुमा फैसला कार्यान्वयनको विद्यमान सङ्गठनात्मक स्वरूप नै दोषी छ भन्ने उल्लिखित अध्ययनहरूको निष्कर्ष रहेको छ । त्यसैले अदालतबाट भएका फैसलाहरूको प्रभावकारी कार्यान्वयन गरी पीडितलाई राहत र पीडकलाई आहत प्रदान गरी अदालतको जनआस्थालाई

जीवन्त राख्नको लागि पनि फैसला कार्यान्वयनको विद्यमान सङ्गठनात्मक स्वरूपलाई परिवर्तन गरी एउटा छुट्टै प्रभावकारी जिम्मेवार निकायको स्थापना गर्नुपर्ने सम्बन्धमा उल्लिखित विभिन्न अध्ययनहरूले दर्शाएको आवश्यकतालाई नकार्न सकिने अवस्था छैन । हाल सम्म गरिएका कार्यविधिमुखी सुधारले फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन नसकेको सम्बन्धित सरोकारवालाहरूको गुनासोलाई सम्बोधन गर्नुपर्ने आवश्यकता समेत देखिएको छ । न्यायिक अनुसन्धानबाट निकालिएका निष्कर्षहरूलाई व्यवहारिक रूपमा कार्यान्वयनमा ल्याउन सके मात्र त्यस्ता अध्ययनले सार्थकता पाउँछन् ।[१]

## १.३ अध्ययनको उद्देश्य

फैसला कार्यान्वयनको क्षेत्रमा देखिएका समस्याको निराकरण गर्नु न्याय प्रशासनको प्राथमिक कर्तव्य भएको छ । वर्तमान संरचना र सङ्गठनात्मक स्वरूपबाट यो समस्यालाई समाधान गर्न सकिने अवस्था छैन । फैसला कार्यान्वयन सम्बन्धमा एउटा प्रभावकारी अङ्गको निर्माण गर्ने अभिप्रायले गर्न लागिएको प्रस्तुत अध्ययनका उद्देश्यहरू यसप्रकार रहेका छन्ः

- फैसला कार्यान्वयनका लागि संरचनात्मक सुधारको आवश्यकता पहिचान गर्ने ।
- फैसला कार्यान्वयनका लागि छुट्टै संयन्त्र (निर्देशनालय) को स्थापना गर्नका लागि त्यसको संरचना र कार्यक्षेत्र समेतको प्रस्ताव गर्ने ।
- निर्देशनालयको स्थापना गर्दा संशोधन गर्नुपर्ने प्रचलित ऐन नियमको पहिचान गर्ने ।
- निर्देशनालय स्थापनाका लागि आवश्यक पर्ने नयाँ ऐन नियम प्रस्ताव गर्ने ।
- निर्देशनालय स्थापना गर्दा आवश्यक पर्ने श्रोत साधनको प्रक्षेपण गर्ने ।
- निर्देशनालयको सञ्चालन, नियन्त्रण र समन्वय तथा सरोकारवाला अन्य निकायहरू संगको अन्तर सम्बन्ध परिभाषित गर्ने ।

## १.४ अध्ययनको स्वरूप

प्रस्तुत अध्ययनलाई सात परिच्छेदमा विभाजित गरिएको छ । जसअनुसार–

पहिलो : प्रारम्भिक

दोस्रो : फैसला कार्यान्वयन सम्बन्धमा विगतमा भएका अध्ययनको सर्वेक्षण

तेस्रो : फैसला कार्यान्वयन सम्बन्धी कानुनी व्यवस्था

चौथो : फैसला कार्यान्वयनको वर्तमान अवस्था र नयाँ संरचनाको आवश्यकता

पाचौँ : फैसला कार्यान्वयन निर्देशनालयको सङ्गठनात्मक स्वरूप र कार्य प्रणाली

छैठौं : फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गर्दा सुधार गर्नुपर्ने ऐन नियमहरू

सातौं : फैसला कार्यान्वयन निर्देशनालयको स्थापनाको लागि आवश्यक पर्ने पूर्वाधार तथा बजेट

---

[१] न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कनमा फैसला कार्यान्वयनको क्षेत्रमा अपेक्षित सुधार गर्न फैसला कार्यान्वयन गर्ने संयन्त्रमा संस्थागत सुधार गर्नुपर्ने आवश्यकता औल्याएको छ भने रणनीतिक योजना कार्यान्वयन समितिको बैठकबाट फैसला कार्यान्वयनका लागि केन्द्रीय स्तरमा छुट्टै निर्देशनालय स्थापना सम्बन्धी कार्य अघि बढाउन अध्ययन गर्ने निर्णय गरेको छ ।

## १.५ पूर्व अध्ययनको समीक्षा

फैसला कार्यान्वयनको क्षेत्रमा सुधार गर्नका लागि हालसम्म गरिएका प्रयासहरूको समीक्षा गर्ने क्रममा उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८, शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०, न्यायाधीशका सम्मेलनहरूबाट पारित प्रस्तावहरू, अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन, २०५५, अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८, अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको मस्यौदा, २०५९, न्यायापालिकाको पञ्चवर्षीय रणनीतिक योजना, २०६१, तहसिलदारको राष्ट्रिय सम्मेलन, २०६२ बाट पारित प्रस्तावहरू, कैद दण्ड जरिवानाको लगत असुल फछ्र्यौट गर्ने सम्बन्धमा सुझाव दिन गठित समितिको प्रतिवेदन, २०६२, प्रस्तावित देवानी संहिता, २०६४, फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरू विषयक अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०६५, तीन वर्षभन्दा कम कैद तथा जरिवानाको लगत फछर्यौट गर्ने सम्बन्धमा अध्ययन गर्न गठित समितिको प्रतिवेदन, २०६५ र फैसला कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउने सम्बन्धमा गरिएका अन्य प्रयासहरूको समीक्षा गरिएको छ ।

## १.६ फैसला कार्यान्वयनको वर्तमान अवस्था र नयाँ संरचनाको आवश्यकता

न्याय प्रणाली भित्र सुधारका विभिन्न प्रयासहरू भएका छन् तर अत्यन्त महत्वपूर्ण पाटोको रूपमा रहेको फैसला कार्यान्वयनको क्षेत्रमा भने समुचित सुधार र परिवर्तन हुन सकिरहेको छैन । यो क्षेत्रमा समस्या रहेको कुरालाई संस्थागत रूपमा भएका प्रायः सबै अध्ययनले औंल्याउँदै आएको भए पनि देखिने गरी सुधारका कार्यहरू हुन सकेको पाइँदैन । गर्न खोजिएका सानातिना सुधारका कार्यहरूले पनि परिणाममा अपेक्षित उपलब्धि हासिल गर्न सकेको अवस्था छैन । अदालतका वार्षिक प्रतिवेदनमा प्रकाशित तथ्याङ्कहरूले नै फैसला कार्यान्वयन सम्बन्धी वर्तमान अवस्था सबै भन्दा गम्भीर रहेको देखाएको छ । यस क्षेत्रमा पर्याप्त मात्रामा कमी कमजोरी रहेको देखिन्छ । तहसिलदार जिल्ला न्यायाधीश मातहत रहने, अन्य सहायक कर्मचारी श्रेस्तेदार मातहत रहने, कमजोर भौतिक पूर्वाधार, साधन श्रोतको अभाव, सुरक्षाको कमी, केन्द्रीय अनुगमन तथा निर्देशन सम्बन्धी निकाय र फैसला कार्यान्वयन सबन्धी केन्द्रीय अभिलेखालयको अभाव जस्ता कमी कमजोरीबाट यस सम्बन्धी छुट्टै जिम्मेवार केन्द्रीय निकायको आवश्यकता देखिएको हो । यस पृष्ठभूमिमा हेर्दा देहायका कारणले फैसला कार्यान्वयन सम्बन्धी वर्तमान संरचनागत व्यवस्थामा सुधार गरी नयाँ संरचना निर्माण गर्नु पर्ने आवश्यकता देखिएको हो :

१. फैसला कार्यान्वयन सम्बन्धी तथ्याङ्कहरूबाट सन्तोषजनक रूपमा फैसला कार्यान्वयन हुन नसकेको देखिएको,

२. फैसला बमोजिमको दण्ड जरिवानाको लगत अभिलेख व्यवस्थित हुन नसकेको,

३. फैसला कार्यान्वयन सम्बन्धी वर्तमान संरचना र कार्य प्रकृया तदर्थ प्रकारको मात्र देखिएको,

४. फैसला कार्यान्वयन सम्बन्धी कामको निरीक्षण, अनुगमन र मूल्यांकन गर्ने प्रभावकारी केन्द्रीय निकायको अभाव देखिएको,

५. विषयगत संवेदनशीलता हुँदा हुँदै पनि फैसला कार्यान्वयनको कार्य न्याय प्रशासनको मूल धारमा समावेश हुन नसकेको,

६. अदालतबाट भएको फैसला कार्यान्वयन हुन नसक्दा अदालत प्रतिको जनविश्वासमा ह्रास आउन थालेको,

७. अदालतको फैसला अनुसार लागेको दण्ड जरिवाना असुल तहसिल हुन नसकेको,

८. फैसला कार्यान्वयन सम्बन्धी कार्यविधिगत व्यवस्थामा सुधारका प्रयासहरू भए पनि कार्यान्वयन प्रकृयामा सुधार आउन नसकेको,

९. यस अघिका अनुसन्धानमूलक अध्ययन प्रतिवेदनहरूबाट फैसला कार्यान्वयन सम्बन्धी छुट्टै निकायको व्यवस्था हुनु पर्ने सुझाव प्राप्त भएको ।[२]

## १.७ फैसला कार्यान्वयन निर्देशनालयको सङ्गठनात्मक स्वरूप र कार्य प्रणाली

फैसला कार्यान्वयनसम्बन्धी काम कारवाहीहरू प्रभावकारी हुन नसकेको अवस्था यस अघिका विभिन्न अध्ययन अनुसन्धानले पहिचान गरिसकेको देखिन्छ । फैसला कार्यान्वयनमा देखिएका समस्याहरूलाई सम्बोधन गरी त्यस्ता समस्याहरूबाट मुक्ति पाउनका लागि यस अघि गरिएको कार्यविधिगत सुधारले सारभूत रूपमा कुनै प्रभावकारी परिवर्तन ल्याउन सकेको पाइएन । तसर्थ फैसला कार्यान्वयनको लागि हरेक जिल्ला अदालतमा रहेको तहसिल फाँटको विद्यमान संरचनामा परिवर्तन गरी छुट्टै निकायको रूपमा केन्द्रमा फैसला कार्यान्वयन निर्देशनालय र जिल्ला स्तरमा फैसला कार्यान्वयन एकाइको स्थापना गरिनु उपयुक्त देखिन्छ । फैसला कार्यान्वयन निर्देशनालयको सङ्गठनात्मक स्वरूप र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :

१. फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्नका लागि सर्वोच्च अदालत मातहत रहने गरि एउटा विभाग स्तरको केन्द्रीय निकायको रूपमा फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरिनु उपयुक्त देखिन्छ ।

२. फैसला कार्यान्वयन निर्देशनालयमा नेपाल न्याय सेवा, न्याय समूहको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई महानिर्देशक तोकी सो निर्देशनालयको प्रमुखको जिम्मेवारी प्रदान गरिनु पर्दछ

३. महानिर्देशकको नियन्त्रण र निर्देशनमा रही काम गर्ने दुई जना निर्देशकहरू रहनेछन् । जसमा एक जना नेपाल न्याय सेवाको कम्तीमा पनि राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत र अर्को एक जना नेपाल प्रहरीको कम्तीमा प्रहरी वरिष्ठ उपरीक्षक राख्नु पर्ने देखिन्छ ।


४. निर्देशनालयमा केन्द्रीय लगत, अभिलेख तथा अनुगमन महाशाखा र दण्ड जरिवाना असुली तथा फैसला कार्यान्वयन सहयोग महाशाखाको व्यवस्था गरि महाशाखा प्रमुखको जिम्मेवारी निर्देशकहरूलाई दिइनु पर्दछ ।

५. केन्द्रीय लगत अभिलेख तथा अनुगमन महाशाखाको प्रमुखको रूपमा न्याय सेवाको निर्देशकले काम गर्ने र दण्ड जरिवाना असुली तथा फैसला कार्यान्वयन सहयोग महाशाखा प्रमुखको काम प्रहरी तर्फको निर्देशकले गर्ने गरि तोकिनु पर्दछ ।

---

२ उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन २०२८, कैद दण्डजरिवानाको लगत असुल फछ्र्यौट गर्ने सम्बन्धी सुझाव समितिको प्रतिवदेन २०६२ र फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरू विषयक राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट भएको अध्ययन प्रतिवेदन २०६५ ले फैसला कार्यान्वयनका लागि छुट्टै निकाय हुनुपर्ने कुरामा जोड दिएकाछन् ।

६. उल्लिखित महाशाखा अन्तर्गत विभिन्न शाखा तथा फाँटहरू रहनेछन् । जसअनुसार फैसला कार्यान्वयन निर्देशनालयको सङ्गठन तालिका यसप्रकार हुनेछ :




७. नागरिक प्रशासनको नियन्त्रणको अवधारणा अनुरूप निजामती तर्फका नेपाल न्याय सेवाका रा.प. प्रथम श्रेणीका अधिकृतले निर्देशनालयको प्रमुखको जिम्मेवारी लिई फैसला कार्यान्वयन सम्बन्धी सरोकारवालासँग समन्वयपूर्ण रूपमा कार्य सञ्चालन गर्नुपर्दछ ।

८. दण्ड जरिवानाको लगत अभिलेखलाई पनि सही र अध्यावधिक राख्न तथा त्यस्ता लगत विवरणलाई गलत रूपले प्रयोग हुन नदिन वा त्यस्तो लगत अभिलेखको शुद्धता कायम राख्न लगत व्यवस्थापनमा समेत नागरिक प्रशासनको नियन्त्रण आवश्यक हुन्छ ।

९. अहिले भैरहेको प्रहरी संरचनामा लगत पठाइएका पनि फैसला बमोजिम दण्ड जरिवाना लागेका व्यक्तिहरू पक्राउ परी आएको देखिदैन । यसको प्रमुख कारणको रूपमा त्यस्ता प्रहरी एकाईहरूको अन्य कार्य र जिम्मेवारीको प्राथमिकताको कारण पनि एक हो । त्यसैले फैसला कार्यान्वयन कै विषयमा निरन्तर लागी रहन, यस सम्बन्धी कार्यक्रम र रणनीति बनाउन, प्रहरी शक्तिलाई परिचालन गर्न र अदालत र प्रहरी बीच सञ्चार, समन्वय र सहयोगको वातावरण निर्माण गर्न फैसला कार्यान्वयन निर्देशनालयमा उच्च अधिकृत सहितको प्रहरी कर्मचारीको व्यवस्था गर्नुपर्ने देखिन्छ । सार्वजनिक जवाफदेहिता र सङ्गठनात्मक अनुशासन कायम राख्न निजको कार्य सम्पादन मूल्यांकन निर्देशनालयबाट हुने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

१०. जसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा पहिलेको विशेष प्रहरी विभागले प्रहरीलाई भ्रष्टाचार नियन्त्रणको क्रममा अनुसन्धान कार्यमा आफ्नो शक्तिको रूपमा प्रयोग गरेको छ, त्यसै गरी अदालतले पनि प्रहरीलाई फैसला कार्यान्वयनका लागि प्रयोग गर्न सक्नुपर्दछ । यो अदालतको मात्र जिम्मेवारी होइन । कानूनको शासन कायम गर्ने कार्यमा सबै पक्षको उत्तिकै जिम्मेवारी रहेको हुन्छ ।

११. प्रहरी वरिष्ठ उपरीक्षकको दरबन्दीको प्रस्ताव पनि निश्चित आधारमा गरिएको छ । एक त यो नीतिगत तहको पद हो जसले दण्ड जरिवाना असुल तहसिल गर्ने नीति निर्माणमा महत्वपूर्ण योगदान दिन सक्दछ । अर्कोतर्फ फैसला कार्यान्वयन तथा दण्ड जरिवाना

असुल तहसिलका लागि विशेषतः जिल्ला स्तरको प्रहरी वलको सहयोग अत्यन्त आवश्यक रहन्छ । जिल्लास्तरको प्रहरी प्रमुखमा प्रहरी नायव उपरीक्षक र प्रहरी उपरीक्षकहरू रहने हुँदा उनीहरूलाई समेत सहज रूपमा परिचालन गर्नका लागि निजहरू भन्दा माथिल्लो तहको दरबन्दी प्रस्ताव गरिएको हो भने प्रहरी सेवाको उच्च अधिकृतको रूपमा रहने व.प्र.उ. ले प्रहरी प्रधान कार्यालयसँग पनि सहज रूपमा सहयोग जुटाउन र समन्वय कायम गर्नसक्ने अवस्था रहने कुरालाई पनि दृष्टिगत गरिएको छ ।

१२. फैसला कार्यान्वयन निर्देशनालयले पृथक रूपमा छुट्टै केन्द्रीय निकायको कार्य गर्ने भए तापनि तत्कालीन रूपमा न्याय सेवाको मौजुदा दरबन्दीलाई नै समायोजन गरी जनशक्ति व्यवस्था गर्न सकिने अवस्था रहन्छ भने प्रहरी तर्फ पनि गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयसँग समन्वय गरी मौजुदा दरबन्दीबाटै अहिलेको सङ्गठन संरचनालाई पूर्णता दिन सकिने हुन सक्छ ।

१३. हरेक जिल्ला अदालतमा तहसिल शाखाको व्यवस्था गरिएको छ । फैसला कार्यान्वयनको जिम्मेवारी दिइएको यो शाखामा समुचित श्रोत साधनको अभाव रहेको अवस्था छ भने अदालतको सम्पूर्ण ध्यान मुद्दाको कारवाही र किनारामा केन्द्रित भई फैसला कार्यान्वयनको पक्ष उपेक्षित भएको जस्तो अवस्था रहेको छ । अहिले कायम भएको यो सानो र उपेक्षित संरचनाबाट कार्यविधिमा जति सुधार गरे पनि फैसला कार्यान्वयनमा सुधार हुननसक्ने अवस्था देखिंदा विद्यमान सङ्गठनात्मक संरचनामा परिवर्तन गरि जिल्लास्तरमा पनि छुट्टै फैसला कार्यान्वयन एकाईको व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

१४. हरेक जिल्लामा छुट्टै फैसला कार्यान्वयन एकाई कार्यालयको स्थापना गर्दा अनावश्यक रूपमा थप संरचना (कार्यालय) सिर्जना भई कार्यालय सञ्चालन खर्चमा वृद्धि हुने अवस्था हुँदा तत्काललाई जिल्ला अदालत अन्तर्गत नै रहने गरी छुट्टै फैसला कार्यान्वयन एकाईको स्थापना गरिनु पर्दछ ।

१५. फैसला कार्यान्वयन एकाईलाई फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तका औषत संख्याको आधारमा विभिन्न वर्गमा विभाजन गरिनु पर्दछ । जस अनुसार –

फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तको संख्याको आधारमा १०० सम्म दर्खास्त लगत भएका जिल्लालाई 'घ' वर्गमा, १०० भन्दा बढी ३०० सम्म दर्खास्त लगत भएका जिल्लालाई 'ग' वर्गमा, ३०० भन्दा बढी ७०० सम्म दर्खास्त लगत भएका जिल्लालाई 'ख' वर्गमा, ७०० भन्दा बढी दर्खास्त लगत भएका जिल्लालाई 'क' वर्गमा वर्गीकरण गरी प्रत्येक वर्गका लागि छुट्टाछुट्टै दरबन्दी र स्रोत साधनको व्यवस्था गरिनु पर्दछ ।

१६. उल्लिखित वर्ग विभाजन गर्दाको जनशक्ति दरबन्दी विवरण निम्न अनुसार हुनु उपयुक्त हुनेछ –

**'क' वर्गको फैसला कार्यान्वयन एकाई**

| निजामती तर्फ | | प्रहरी तर्फ | |
|---|---|---|---|
| फैसला कार्यान्वयन अधिकारी (रा.प.द्वि) | १ जना | प्र. नि. | १ जना |
| ना.सु. | ५ जना | प्र.ना.नि. | १ जना |
| डिट्ठा | ६ जना | प्र.स.नि. | २ जना |
| अमिन | १ जना | प्र.ह. र प्र.ज. | ६ जना |
| कार्यालय सहयोगी | २ जना | | |
| **जम्मा** | **१५ जना** | | **१० जना** |

### 'ख' वर्गको फैसला कार्यान्वयन एकाई

| निजामती तर्फ | | प्रहरी तर्फ | |
|---|---|---|---|
| फैसला कार्यान्वयन अधिकारी (रा.प.तृ.) | १ जना | प्र.ना.नि. | १ जना |
| ना.सु. | ३ जना | प्र.स.नि. | १ जना |
| डिट्ठा | ४ जना | प्र.ह. र प्र.ज. | ५ जना |
| अमिन | १ जना | | |
| कार्यालय सहयोगी | २ जना | | |
| **जम्मा** | **११ जना** | | **७ जना** |

### 'ग' वर्गको फैसला कार्यान्वयन एकाई

| निजामती तर्फ | | प्रहरी तर्फ | |
|---|---|---|---|
| फैसला कार्यान्वयन अधिकारी (रा.प.तृ.) | १ जना | प्र.स.नि. | १ जना |
| ना.सु. | २ जना | प्र.ह. र प्र.ज. | ४ जना |
| डिट्ठा | ३ जना | | |
| कार्यालय सहयोगी | २ जना | | |
| **जम्मा** | **८ जना** | | **५ जना** |

### 'घ' वर्गको फैसला कार्यान्वयन एकाई

| निजामती तर्फ | | प्रहरी तर्फ | |
|---|---|---|---|
| फैसला कार्यान्वयन अधिकारी (रा.प.तृ) | १ जना | प्र.स.नि. | १ जना |
| ना.सु. | १ जना | प्र.ह. र प्र.ज. | ४ जना |
| डिट्ठा | २ जना | | |
| कार्यालय सहयोगी | १ जना | | |
| **जम्मा** | **५ जना** | | **५ जना** |

१७. फैसला कार्यान्वयन एकाईमा खटिने जनशक्ति मध्ये प्रहरी कर्मचारी बाहेकका जनशक्तिहरू अदालतको मौजुदा दरबन्दीबाटै मिलान गर्ने र त्यसरी मिलान गर्दा नपुग हुने दरबन्दी अदालतको मौजुदा दरबन्दीलाई समायोजन गरी गर्दा थप व्ययभार नपर्ने अवस्था रहन्छ ।

गत आ.व. ०६४।६५ को वार्षिक प्रतिवेदनका आधारमा हेर्दा देहायका जिल्लाहरू देहायको वर्गमा पर्ने देखिन्छ ।

| क वर्गमा पर्ने जिल्लाहरू | ख वर्गमा पर्ने जिल्लाहरू | ग वर्गमा पर्ने जिल्लाहरू | घ वर्गमा पर्ने जिल्लाहरू |
|---|---|---|---|
| सप्तरी, धनुषा, महोत्तरी, काठमाडौं | मोरङ, सुनसरी, सिराहा, सर्लाही, वारा, रौतहट, पर्सा, रूपन्देही, कपिलवस्तु, बाँके | झापा, भक्तपुर, ललितपुर, कास्की, नवलपरासी, वर्दिया, कञ्चनपुर | ताप्लेजुङ, पाँचथर, इलाम संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, उदयपुर, सिन्धुली, रामेछाप, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, रसुवा, दोलखा, म्याग्दी, मुस्ताङ, गोरखा, तनहुँ, लमजुङ, मनाङ, स्याङ्जा, पर्वत, वाग्लुङ, गुल्मी, अर्घाखाँची, पाल्पा, रूकुम, रोल्पा, सल्यान, प्युठान, दाङ, दैलेख, सुर्खेत, जाजरकोट, हुम्ला जुम्ला, मुगु, डोल्पा, कालिकोट, बझाङ, बाजुरा, डोटी, अछाम, कैलाली, दार्चुला, वैतडी, डडेलधुरा |
| **जम्मा ४ जिल्ला** | **जम्मा १० जिल्ला** | **जम्मा ७ जिल्ला** | **जम्मा ५४ जिल्ला** |

१८. फैसला कार्यान्वयन सम्बन्धी नीतिगत निर्देशन दिनका लागि केन्द्रमा देहाय बमोजिमको फैसला कार्यान्वयन निर्देशक समिति रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ :

| | |
|---|---|
| प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश | संयोजक |
| महान्यायाधिवक्ता | सदस्य |
| सर्वोच्च अदालतको रजिष्ट्रार | सदस्य |
| गृह सचिव | सदस्य |
| स्थानीय विकास सचिव | सदस्य |
| प्रहरी महानिरीक्षक | सदस्य |
| महानिर्देशक, फैसला कार्यान्वयन निर्देशनालय | सदस्य सचिव |

१९. जिल्ला स्तरमा फैसला कार्यान्वयन सम्बन्धी काम कारवाही व्यवस्थित गर्न तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशन दिने र सरोकारवाला निकायहरू बीच समन्वय कायम गर्नका लागि देहाय बमोजिमको फैसला कार्यान्वयन जिल्ला समन्वय समितिको व्यवस्था गरिनु पर्दछ :

| | |
|---|---|
| जिल्ला न्यायाधीश | संयोजक |
| स्थानीय विकास अधिकारी | सदस्य |
| जिल्ला न्यायाधिवक्ता | सदस्य |
| जिल्ला प्रहरी कार्यालयका प्रमुख | सदस्य |
| मालपोत कार्यालयका प्रमुख | सदस्य |
| फैसला कार्यान्वयन अधिकारी | सदस्य सचिव |

यस समितिमा सम्बन्धित भूमी सुधार कार्यालयका प्रमुख, नापी शाखाका प्रमुख, कारागार कार्यालयका प्रमुख, वन कार्यालयका प्रमुखलाई समेत आमन्त्रण गर्न सकिने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

२०. फैसला कार्यान्वयनका क्रममा दुई वर्ष भन्दा बढी समय सम्म कार्यान्वयन हुन नसकेका मुद्दाहरूका विवरण समेत निर्देशनालयले अद्यावधिक गरी सरोकारवाला सबै पक्षसँग सहयोग र समन्वय कायम गरी कार्य फछ्यौंट गर्न निर्देशित गर्नुपर्ने हुन्छ । यसक्रममा आइपर्ने समस्याको समाधानका लागि निर्देशनालयले आवश्यक सहयोगको प्रबन्ध समेत गर्नुपर्ने हुन्छ ।

२१. दण्ड जरिवानाको लगत अभिलेखलाई सूचना प्रविधिसँग आबद्ध गर्नका लागि सर्वोच्च अदालतको सूचना प्रविधि संयन्त्रसँग समन्वय गरी उपयुक्त Software निर्माण गर्ने र जिल्लागत रूपमा दण्ड जरिवानाको लगत व्यवस्थित गरी सरोकारवाला निकायहरू प्रहरी प्रशासन, मालपोत, भूमि सुधार, जिविस, राजश्व जस्ता निकायहरूलाई त्यस्तो लगत पठाउने तथा ती निकायहरूले सार्वजनिक सेवा प्रवाह गर्दा सो लगत समेत भिडाउनु पर्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

२२. फैसला कार्यान्वयन निर्देशनालयका लागि आवश्यक न्यायिक जनशक्ति तत्कालका लागि सर्वोच्च अदालत तथा मातहत अदालतहरूबाट काजमा ल्याई पूर्ति गर्न सकिन्छ ।

२३. प्रहरी तर्फको दरबन्दी पूर्तिका लागि पनि प्रहरी सङ्गठनको मौजुदा दरबन्दीबाटै काजमा ल्याई काम गर्न सकिने व्यवस्था गरिनु पर्दछ ।

२४. थप दरबन्दी स्वीकृत नभएको वा प्रकृयामा रहेको भन्ने जस्ता कुनै पनि बहानामा फैसला कार्यान्वयन निर्देशनालय र फैसला कार्यान्वयन एकाईको स्थापना गर्ने कार्य रोकिनु हुँदैन ।

२५. फैसला कार्यान्वयन एकाईको जनशक्ति व्यवस्था सम्बन्धित जिल्ला अदालतको दरबन्दी बाटै गर्न सकिन्छ । नपुग हुने दरबन्दीको हकमा कामको चापको आधारमा कम काम भएका अदालतमा भएको दरबन्दीलाई यसमा समायोजन गर्न सकिन्छ ।

२६. फैसला कार्यान्वयन इकाईको लागि स्पष्ट रूपमा आधार खोली छुट्टै बजेट विनियोजन (दैनिक भ्रमण भत्ता, फिल्ड भत्ता, इन्धन, सूचना प्रकाशन र अन्य कार्यालय व्यवस्थापन खर्च) गरिनु पर्दछ र अदालत परिसर भित्रै कार्य सञ्चालनको व्यवस्थाको लागि आवश्यक स्थान समेत प्राथमिकतापूर्वक उपलब्ध गराइनु पर्दछ ।

२७. फैसला कार्यान्वयन निर्देशनालय तथा एकाईको स्थापना भई कार्य प्रारम्भ भए पछि स्थायी दरबन्दी व्यवस्थाका लागि छुट्टै सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अध्ययनबाट प्राप्त सुझावका आधारमा नयाँ दरबन्दी व्यवस्था गरिनु पर्दछ ।

## १.८ फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गर्दा सुधार गर्नुपर्ने ऐन कानूनहरू

फैसला कार्यान्वयन सम्बन्धी निर्देशनालय र फैसला कार्यान्वयन एकाईको स्थापना गर्नका लागि तत्कालीन रूपमा सर्वोच्च अदालत नियमावली र जिल्ला अदालत नियमावलीमा संशोधन गरी कार्य प्रारम्भ गर्न सकिने अवस्था रहन्छ । तर मुलुकी ऐन लगायत अन्य ऐन नियम र कार्यविधिमा संशोधन गर्ने वा फैसला कार्यान्वयन सम्बन्धमा छुट्टै ऐन नियम निर्माण गरी फैसला कार्यान्वयन गर्नुपर्ने प्रबन्ध गर्ने विषय भने दीर्घकालीन सुधारका विषय भित्र पर्दछन् । प्रस्तुत अध्ययनमा तत्कालीन सुधारका उपायहरूलाई दृष्टिगत गरी अदालत सम्बन्धी नियमावलीहरूमा मात्र सुधारको प्रस्ताव गरिएको छ ।

फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि दीर्घकालीन उपायको रूपमा केन्द्रदेखि जिल्लास्तरसम्म प्राधिकरण प्रकृतिको छुट्टै स्वायत्त संरचनाको आवश्यकता पर्दछ । यसका लागि फैसला कार्यान्वयन सम्बन्धी छुट्टै कानुनको आवश्यकता पर्दछ । अहिले अपनाइदै आएको कार्यविधिगत व्यवस्थाका कारणले पनि फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन नसकिएको हुँदा सो व्यवस्थामा पनि समुचित सुधार र परिवर्तनको आवश्यकता रहेको छ । यसका लागि मुलुकी ऐन लगायत अन्य विभिन्न ऐन नियममा संशोधनको आवश्यकता पर्दछ । यसरी मौजुदा ऐन नियम र संरचनामा व्यापक परिवर्तन गरी नयाँ ढंगले अघि बढ्नका लागि यो छोटो समयमा गरिएको अध्ययनबाट निष्कर्षमा पुग्नु उपयुक्त देखिदैन । त्यसैले फैसला कार्यान्वयनको वर्तमान अवस्थाको विश्लेषण गरी तत्कालीन उपायका रूपमा अदालत सम्बन्धी नियमावलीमा सुधार गर्नुपर्ने प्रस्ताव गरिएको हो । यी तत्कालीन उपायका कार्यान्वयन गरी प्राप्त हुने पृष्ठपोषणका आधारमा प्रचलित ऐन नियम तथा संरचनामा सुधार गर्नका लागि सर्वोच्च अदालतका माननीय न्यायाधीशको संयोजकत्वमा अधिकार सम्पन्न उच्चस्तरीय समिति गठन गरी बृहत अध्ययन गर्नु उपयुक्त हुन्छ ।

## १.९ आवश्यक पर्ने पूर्वाधार तथा बजेट

प्रस्तुत अध्ययनले सुझाव दिए अनुसारको फैसला कार्यान्वयन निर्देशनालय तथा फैसला कार्यान्वयन एकाईको स्थापनाका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तथा बजेटको अनुमान समेत प्रस्तुत अध्ययनमा समेटिएको छ । ■

# १ प्रारम्भिक

१.१ परिचय
१.२ अध्ययनको आवश्यकता र औचित्य
१.३ अध्ययनको उद्देश्य
१.४ पूर्वअध्ययनको समीक्षा
१.५ तथ्याङ्कको सङ्कलन र अनुसन्धानको विधि
१.६ अध्ययनको सीमा
१.७ अध्ययनको स्वरूप

## १.१ परिचय

फैसलाको प्रभावकारी कार्यान्वयनबाट नै वास्तविक अर्थमा न्याय प्राप्त हुन्छ । फैसलाको कार्यान्वयन छिटो, छरितो र प्रभावकारी रूपमा गरिएमा नै मुद्दाका पक्षहरूले वास्तविक अर्थमा न्याय प्राप्त गरेको अनुभूति गर्ने गर्दछन् र त्यसबाट नै साँचो अर्थमा न्याय प्रदान गरिएको पनि ठहरिन्छ । यसैबाट अदालतप्रतिको आस्था र विश्वसनीयता अभिवृद्धि हुन्छ । त्यसैले फैसला कार्यान्वयनको कार्यसँग अदालतको मर्यादा र प्रतिष्ठा पनि गाँसिएको हुन्छ । न्यायका उपभोक्ताले अदालत प्रति गर्ने आशा र भरोसाको आधार भनेको फैसलाको प्रभावकारी कार्यान्वयन नै हो । फैसलाले निर्धारण गरेको दण्ड जरिवाना असूल तहसिल भएन भने वा पीडितलाई प्रदान गरिएको उपचार कार्यान्वयनको तहबाट प्राप्त भएन भने अदालतबाट भएका फैसलाहरू निरर्थक सावित हुन पुग्दछन् ।

विगतको न्यायिक अभ्यास हेर्दा अदालतका फैसलाहरूको कार्यान्वयन अदालत भित्रकै एकाइबाट पूर्णतः अदालतकै नियन्त्रणमा हुँदै आएको पाइन्छ । मुख्य रूपमा फैसला कार्यान्वयन मुलुकी ऐन, दण्ड सजायको महलले व्यवस्थापन गर्दै आएको र पछिल्लो समयमा त्यसलाई जिल्ला अदालत नियमावली समेतले थप व्यवस्थित गर्ने प्रयास गरेको छ । फैसला कार्यान्वयनका लागि हरेक जिल्ला अदालतमा तहसिल शाखाको व्यवस्था गरी काम, कर्तव्य र अधिकार समेत उल्लिखित कानूनी व्यवस्थाले निर्धारण गरेका छन् । फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीलाई प्रभावकारी बनाउन विभिन्न चरणमा सुधारका कार्यक्रम पनि सञ्चालन गरिएका छन् । तर पनि फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीहरू अपेक्षित रूपमा प्रभावकारी हुन नसकेको तथ्य विभिन्न माध्यमबाट प्रकाशित प्रसारित भईरहेको पाइन्छ । अदालत भित्रैबाट पनि यस सम्बन्धी कामकारवाही प्रभावकारी हुन नसकेको कुरालाई स्वीकार गरिएको छ–

> *निर्णयहरूको बढ्दो संख्याको अनुपातमा सो निर्णयहरूको कार्यान्वयनका लागि सम्बन्धित अड्डा अदालतहरूमा कर्मचारीहरूको दरबन्दी बिलकुलै अभाव भएकोले स्थितिमा विशेष सुधार हुन सकेन । फलस्वरूप फैसला कार्यान्वयन गर्ने काम त्यसै अल्मलिएर रहन थाल्यो । लगत बुझी लिनु पर्ने अधिकारीले लगत बुझी नलिंदा लगत कहाँ पठाउने भन्ने कुरामा नै सर्वोच्च अदालत समेत दुविधामा पर्न लाग्यो र त्यसबाट केही हदसम्म अदालतको फैसला कागजी न्याय अथवा न्यायिक भावनाको अभिव्यक्तिको रूपमा मात्र रहन थाल्यो । फैसलाको कार्यान्वयन हुन नसकेपछि मुद्दाको हारजित कागजी हारजित मात्र हुन गयो । फैसलाबाट कसले के जित्यो, कसले के हार्‍यो, को कुन कसुरको कसरी भागी भयो इत्यादि कुराको वास्तविकतासँग केही सरोकार नरहने स्थिति उत्पन्न हुन लाग्यो । यस्तो स्थिति केही हदसम्म अहिले पनि कायमै छ ।* [३]

कानूनी अनुसन्धानको महत्वपूर्ण दस्तावेजको रूपमा रहेको उच्चस्तरीय न्याय सुधार आयोग, २०२८ को प्रतिवेदनले न्यायीक निर्णयको कार्यान्वयन प्रभावकारी नभएको कुरालाई गम्भीरतापूर्वक लिई फैसला कार्यान्वयन सम्बन्धी विशिष्टिकृत निकायको स्थापना गर्नु पर्ने आवश्यकता दर्शाएको छ । त्यसै गरी शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०

३ उच्चस्तरीय न्याय सुधार आयोगको प्रतिवेदन, २०२८ को प्रतिवेदन

ले अदालतको तहसिल शाखालाई नै थप व्यवस्थित गर्नुपर्ने आवश्यकता औंल्याएको छ । सर्वोच्च अदालतका न्यायाधीश लगायत अन्य न्यायाधीशहरूका सम्मेलनमा पनि फैसला कार्यान्वयन सम्बन्धमा सुधार हुनुपर्ने आवश्यकता औंल्याइएको पाइन्छ । पछिल्ला समयमा गरिएका अदालत व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धमा सुझाव दिन गठित समितिले पनि तहसिल फाँटलाई थप सुधार र परिमार्जनको आवश्यकता दर्शाएको छ-

> *अदालतबाट भएको निर्णय वा अन्तिम आदेशलाई मूर्तरूप दिने काम फैसला कार्यान्वयनबाट मात्र संभव हुने हुँदा यस सम्बन्धी व्यवस्थालाई न्याय प्रशासनको मुटुको रूपमा लिनु पर्ने देखिन्छ । अदालत समक्ष अन्यायमा परी न्याय माग्न आएका पीडित व्यक्तिलाई फैसलाले प्रदान गरेको इन्साफ वा न्याय वास्तविक रूपमा पीडित पक्षलाई नदिलाएसम्म वा अपराधीलाई लागेको दण्ड जरिवाना कैद असुल नगरेसम्म कुनै पनि तहको अदालतबाट भएको फैसला केवल कागजी फैसला मात्र हुनजाने भई न्याय प्रशासनको वास्तविक उद्देश्य पूरा नहुने भएको हुँदा यसको सर्वोपरी महत्व रहेको छ । अदालत प्रतिको जनआस्था वृद्धि गर्ने कारक तत्व नै छिटो, छरितो किसिमले फैसलाको प्रभावकारी कार्यान्वयनलाई लिइने हुँदा यस सम्बन्धी समस्या तथा जटिलताहरूलाई समाधान गर्ने तर्फ पहल हुनुपर्ने देखिन्छ ।*[४]

प्रस्तावित फौजदारी तथा देवानी कार्यविधी संहिताले पनि तहशिल शाखालाई सवल बनाउनु पर्ने आवश्यकता औंल्याएका छन् । न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाले न्यायपालिकाको फैसला कार्यान्वयन गर्ने क्षमतालाई सुदृढ तुल्याउने रणनीतिक उपाय अवलम्बन गर्ने योजना राखेको छ । यो योजनाको मध्यावधी मूल्याङ्कनको चरणमा आइ पुग्दा पनि परिणाममा अपेक्षित सुधार हुन नसकेको हुँदा फैसला कार्यान्वयन सम्बन्धी छुट्टै एकाइको स्थापना गर्नु पर्ने कुरामा योजना कार्यान्वयन समिति अगाडि बढेको छ । वस्तुतः यस अगाडि भएका फैसला कार्यान्वयन सम्बन्धी सुधारका प्रयासहरू यथास्थिति भित्रैबाट समाधान खोज्ने दृष्टिकोणले गरिएको देखिन्छ । तर नतिजाले त्यो अपेक्षा पूरा गर्न सकेन । पछिल्ला तथ्याङ्कहरू हेर्दा पनि फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीहरूले आशातित सफलता प्राप्त गर्न सकेको देखिंदैन । अदालतकै एउटा शाखाबाट फैसला कार्यान्वयन हुने वर्तमान व्यवस्थामा परम्परागत प्रकृयामुखी अदालती कार्यशैलीको प्रतिछायाँ परेको देखिन्छ । यथास्थिति भित्रबाट गरिने सुधारले मात्र अबको फैसला कार्यान्वयन सम्बन्धी समस्यालाई सम्बोधन गर्नसक्ने देखिंदैन । यसका लागि परिणाम दिनसक्ने छुट्टै जिम्मेवार एकाईको स्थापना गर्नु नै उपयुक्त विकल्प हो । प्रस्तुत अध्ययन सोही विषयमा केन्द्रित रहकोछ ।

## १.२ अध्ययनको आवश्यकता र औचित्य

न्याय गरेर मात्र हुँदैन, गरेको देखिनु पनि पर्दछ । न्याय र कानुनका क्षेत्रमा प्रचलित यो उक्तिले फैसला कार्यान्वयनसँग पनि प्रत्यक्ष सम्बन्ध राख्दछ । फैसला जतिसुकै राम्रो गरिएको किन नहोस् तर त्यसको प्रभावकारी कार्यान्वयन हुनसकेन भने त्यो केवल अदालतको अभिलेखमा रहने कागजी दस्तावेज मात्र हुनपुग्दछ । हाम्रा अदालतहरूबाट भएका

[४] अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८

फैसलाहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्ने न्यायका उपभोक्ताहरूको गुनासो रहेको छ । सो तथ्यलाई विभिन्न समयमा गरिएका अध्ययन, अनुसन्धानका प्रतिवेदनहरूले मात्र होइन यसै क्षेत्रमा कार्यरत न्यायाधीश, कर्मचारी एवम् वकिलहरूले पनि स्वीकार गरेको पाइन्छ । अदालतहरूबाट भएका फैसलाहरू बमोजिम असुल तहसिल गर्नुपर्ने दण्ड जरिवाना, बिगोका लगत दिन प्रतिदिन चुलिँदै गएको तथ्य अदालतहरूबाट प्रकाशित प्रतिवेदनहरूले देखाएका छन् । यसरी अदालतहरूबाट भएका फैसलाहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेबाट समाजमा पीडकहरूको मनोवल बढेको छ भने आम जनतामा हाम्रो न्याय व्यवस्था प्रति नै निराशा छाएको आभाष पाइन थालेको छ ।

अदालतको शक्ति भन्नु नै यसको जनआस्था हो । तर अदालतबाट भएका फैसलाहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेबाट यसमा ह्रास आएको छ । यसो हुनुमा पीडकलाई दण्ड नमिल्नु र पीडितलाई राहतको अनुभूति नहुनु नै हो । हुनत फैसलाहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्ने भनी समय समयमा आवाज उठ्ने गरेका र त्यसलाई सम्बोधन गर्न विभिन्न आयोग गठन भई अध्ययन अनुसन्धान पनि भएकै हो । आयोगका प्रतिवेदनहरूले सुझाएका सुझावका आधारमा प्रचलित कानुनमा संशोधन गरी फैसला कार्यान्वयन प्रभावकारी बनाउने तर्फ प्रयासहरू नभएका पनि होइनन् तर ती प्रयासहरू प्रभावकारी हुन सकेको पाइएन । हाल सम्मका प्राय सबै प्रयासहरू कार्यविधिगत सुधार तर्फमात्र केन्द्रित रहेको र संस्थागत विकास तथा संरचनागत सुधार तर्फ ध्यान पुग्न सकेको अवस्था देखिदैन । फैसला कार्यान्वयनलाई व्यवस्थित बनाई प्रभावकारिता अभिवृद्धि गर्नु भन्दा लगत काट्ने तर्फ प्रेरित भई गरिने सुधार तर्फ जोड दिएको पाइन्छ । त्यसो हुनुमा फैसला कार्यान्वयनको विद्यमान सङ्गठनात्मक स्वरूप नै दोषी छ भन्ने हाम्रो अध्ययनको प्रारम्भिक अनुमान रहेको छ । त्यसैले अदालतबाट भएका फैसलाहरूको प्रभावकारी कार्यान्वयन गरी पीडितलाई राहत र पीडकलाई आहत प्रदान गरी अदालतको जनआस्थालाई जीवन्त राख्नको लागि पनि फैसला कार्यान्वयनको विद्यमान सङ्गठनात्मक स्वरूपलाई परिवर्तन गरी एउटा छुट्टै प्रभावकारी निकायको स्थापना गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

फैसला कार्यान्वयनका सम्बन्धमा सुधारका लागि विभिन्न प्रयासहरू गरिएको भनिए पनि परम्परागत कानुनी व्यवस्था, अदक्ष कर्मचारी र स्रोत साधनविहीन तहसिल शाखा यथार्थमा हाम्रो नियति बनेको छ । न्याय सम्पादनको क्रममा अत्यन्त महत्वपूर्ण पाटोको रूपमा रहेको फैसला कार्यान्वयनको पक्ष सुधारको प्राथमिकतामा परेको छैन । तीसौं वर्ष पहिलेदेखिको दण्डसजायको महलका जटिल कानुनी व्यवस्थाले पछिल्लो समयमा यस क्षेत्रमा देखिएका जटिल समस्याहरूलाई समेट्न सकेका छैनन् । जिल्ला अदालतको एउटा शाखाको रूपमा रहेको तहसिल शाखाले जति सुधार गरे पनि अबको फैसला कार्यान्वयनको समस्यालाई सम्बोधन गर्नसक्ने अवस्था नै देखिदैन । फैसला कार्यान्वयनका सम्बन्धमा भएका अघिल्ला प्रतिवेदनहरूले कार्यविधिगत सरलीकरणमा जोड दिएको देखिए पनि पछिल्ला प्रतिवेदनहरूले कार्यान्वयन सम्बन्धी संरचनागत व्यवस्था नै प्रभावकारी हुन नसकेको कारण छुट्टै निकाय स्थापना हुनुपर्ने पक्षमा जोड दिएको पाइन्छ । फैसला कार्यान्वयन सम्बन्धी जटिलता हटाउन प्रचलित कानुनमा गरिएका पटक-पटकका संशोधनहरूबाट पनि अपेक्षित परिणाम प्राप्त हुन

सकेको पाइएन । अदालतका वार्षिक प्रतिवेदनहरू बाट पनि अदालतमा फैसला कार्यान्वयनको लगत दिन प्रतिदिन बढ्दै गएको पाइन्छ । तर फर्छ्यौटको दर एकदम न्यून रहेको छ । हालसम्मको प्रयास हेर्दा अब वर्तमान संरचनामा मात्र संशोधन गरेर फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन सकिने अवस्था रहेको छैन । समयमा फैसला कार्यान्वयन हुन नसक्दा अदालत प्रतिको जनआस्था पनि प्रभावित भइरहेको छ । यो विषय क्रमशः जटिलता तर्फ गइरहेको देखिन्छ । समयमा सम्बोधन गर्न सकिएन भने यसले गम्भीर रूप लिन पनि सक्ने संभावना रहेको छ । यिनै विषयलाई मध्यनजर गरेर नै फैसला कार्यान्वयन सम्बन्धमा एउटा छुट्टै प्रभावकारी संयन्त्रको निर्माण गर्नुपर्ने आवश्यकता देखिन आएको छ । यसै आवश्यकतालाई दृष्टिगत गरी फैसला कार्यान्वयन सम्बन्धमा एउटा प्रभावकारी अङ्गको निर्माण गर्ने अभिप्रायले गर्न लागिएको प्रस्तुत अध्ययनका उद्देश्यहरू यसप्रकार रहेकाछन् :

- फैसला कार्यान्वयनका लागि संरचनात्मक सुधारको आवश्यकता विश्लेषण गर्ने ।
- फैसला कार्यान्वयनका लागि छुट्टै संयन्त्रको (निर्देशनालय) स्थापना गर्नका लागि त्यसको संरचना र कार्यक्षेत्र समेतको प्रस्ताव गर्ने ।
- निर्देशनालयको स्थापना गर्नका लागि संशोधन गर्नुपर्ने प्रचलित ऐन नियमको पहिचान गर्ने ।
- निर्देशनालय स्थापनाका लागि आवश्यक पर्ने नयाँ ऐन नियम प्रस्ताव गर्ने ।
- निर्देशनालय स्थापना गर्दा आवश्यक पर्ने श्रोत साधनको प्रक्षेपण गर्ने ।
- निर्देशनालयको सञ्चालन, नियन्त्रण र समन्वय तथा सरोकारवाला अन्य निकायहरू संगको अन्तर सम्बन्ध पहिचान गर्ने ।

उल्लिखित उद्देश्य प्राप्तिका लागि प्रस्तुत अध्ययनमा देहायका विषयमा केन्द्रित भई अनुसन्धानमूलक अध्ययन गरिनेछ :

- फैसला कार्यान्वयन सम्बन्धमा भएका हालसम्मका अध्ययन अनुसन्धानको सर्वेक्षण गर्ने,
- फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गर्नुपर्ने आधार र कारण सहित यसको औचित्य र आवश्यकता दर्शाउने
- त्यस्तो निर्देशनालयको स्वरूप, संरचना र सङ्गठन तालिका तयार गर्ने
- निर्देशनालय र मातहत निकायको काम कर्तव्य र अधिकार तथा यसले अवलम्बन गर्ने कार्यप्रणाली निर्धारण गर्ने
- निर्देशनालयको स्थापना गर्दा प्रचलित ऐन कानुनमा गर्नुपर्ने सुधारका विषयहरू पहिचान गर्ने
- निर्देशनालयका लागि आवश्यक कार्यक्रम र बजेट प्रस्ताव गर्ने
- निर्देशनालय र मातहत निकायको लागि आवश्यक कर्मचारी दरबन्दी र भौतिक स्रोत साधन प्रस्ताव गर्ने
- फैसला कार्यान्वयन सम्बन्धी अभिलेख पद्धतिको ढाँचा प्रस्ताव गर्ने
- निर्देशनालय र मातहत निकायमा कार्यरत रहने कर्मचारीहरूको कार्यविवरण तयार गर्ने
- निर्देशनालय र अन्य सरोकारवाला निकायहरू बीच हुनु पर्ने समन्वय र सञ्चारको स्वरूप निर्धारण गर्ने

- फैसला कार्यान्वयन निर्देशनालय र यसका एकाईहरू सँग सर्वोच्च अदालत तथा अन्य अदालत एवं निकायहरूको सम्बन्ध र नियन्त्रण प्रक्रियाका बारेमा प्रस्ताव गर्ने
- फैसला कार्यान्वयन निर्देशनालयको स्थापनाका लागि आवश्यक तत्कालीन र दीर्घकालीन सुधारका क्षेत्रहरूको पहिचान गर्ने ।
- प्रतिवेदनले दिएका सुझावहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने ।

## १.४ पूर्वअध्ययनको समीक्षा

फैसला कार्यान्वयन प्रभावकारी हुन नसकेको विषय पछिल्लो समयमा मात्र आएर महसुस गरिएको होइन । उच्च स्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ ले पनि न्यायिक निर्णयको कार्यान्वयन प्रभावकारी नभएको स्वीकार गरेको छ । सो प्रतिवेदनले २०१८ साल पूर्व कायम रहेका तहसिल अड्डाको बारेमा चर्चा गरेको छ । मुलुकी ऐनको दण्ड सजायको महल र अदालतको एउटा शाखाको रूपमा रहने तहसिल शाखाले अपेक्षित प्रभावकारिता देखाउन नसकेको कुरालाई शाही न्याय सुधार आयोगको प्रतिवेदन २०४० ले समेत उल्लेख गरेको छ । त्यसै गरी सर्वोच्च अदालत लगायत विभिन्न अदालतका न्यायाधीशहरूको हरेक सम्मेलनमा फैसला कार्यान्वयनको विषय प्राथमिकतामा नै परेको देखिन्छ । पछिल्लो समयमा अध्ययन गरिएका अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन, २०५५ र अदालत सुदृढीकरण सुझाव प्रतिवेदन, २०५८ समेतले फैसला कार्यान्वयन सम्बन्धी संरचनात्मक व्यवस्थामा सुधार हुनु पर्ने आवश्यकता औंल्याएका छन् । सर्वोच्च अदालतको पञ्चवर्षीय रणनीतिक योजना र फैसला कार्यान्वयन सम्बन्धमा भएका विभिन्न अध्ययन प्रतिवेदनहरूले फैसला कार्यान्वयन सम्बन्धी विद्यमान कानुनहरूमा आवश्यक संशोधन हुनुपर्ने आवश्यकता औंल्याइएको पाइन्छ । यस अध्ययनमा मूलतः विगतमा भएका अध्ययनहरू – उच्चस्तरीय न्याय आयोगको प्रतिवेदन, २०२८, शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०, अदालत व्यवस्थापन समितिको प्रतिवेदन, २०५५, अदालत सुदृढीकरण समितिको प्रतिवेदन, २०५८, फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरू (राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट गरिएको अनुसन्धानमूलक अध्ययन) समेतले फैसला कार्यान्वयन सम्बन्धमा दिएका प्रतिवेदनहरूको समीक्षा समेत गरिएको छ । यस बारेमा प्रस्तुत अध्ययनको दोस्रो अध्यायमा छुट्टै उल्लेख गरिएको छ ।

## १.५ तथ्याङ्कको संङ्कलन र अनुसन्धान विधि

फैसला कार्यान्वयन सम्बन्धी छुट्टै निर्देशनालयको स्थापना लागि गरिने यो अध्ययन सैद्धान्तिक तथा व्यवहारिक दुवै पद्धतिमा आधारित रहेको छ । सैद्धान्तिक तर्फ फैसला कार्यन्वयनसम्बन्धी विगतमा भएका अध्ययन अनुसन्धानको मूल्याङ्कन गर्दै यससम्बन्धी तुलनात्मक विधिशास्त्रका आधारमा समेत अध्ययन गरिएको छ । विगत तीन वर्षको सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरूबाट तथ्याङ्कहरू अध्ययन गरी सोका आधारमा भावी संरचनाको आवश्यकता दर्शाइएको छ । व्यावहारिक तर्फ हाल फैसला कार्यान्वयनको क्षेत्रमा कार्यरत काठमाडौं, पोखरा, चितवनका न्यायाधीशहरू, न्यायिक कर्मचारीहरू, कानुन व्यवसायीहरू लगायतका सरोकारवालाहरू संग विभिन्न चरणमा छलफल र अन्तर्क्रिया गरिएको छ । त्यस्तो कार्यक्रमबाट प्राप्त सुझावका आधारमा प्रतिवेदनको मसौदा तयार गरिएको छ । अरू सरोकारवाला विज्ञहरूसँग विभिन्न चरणमा छलफल र अन्तर्क्रिया गरी प्राप्त सुझावका आधारमा अध्ययनलाई पूर्णता दिइएको छ ।

उल्लिखित अध्ययनको क्रममा सूचना र तथ्याङ्कको प्राथमिक स्रोतको रूपमा प्रचलित संविधान, ऐन नियम, नजिर र विज्ञहरूसंगको छलफल र अन्तर्क्रियाबाट प्राप्त विचारहरूलाई लिइएको छ भने द्वितीय स्रोतको रूपमा हालसम्म भएका अध्ययन र अनुसन्धानका प्रतिवेदन, पुस्तक पत्रपत्रिका र अदालतबाट प्रकाशित प्रतिवेदनहरू रहेका छन् ।

## १.६ अध्ययनको सीमा

### १.६.१ विषयगत सीमा

प्रस्तुत अध्ययन फैसला कार्यान्वयन सम्बन्धमा एउटा छुट्टै निर्देशनालयको स्थापना गर्ने विषयमा केन्द्रित भएको हुँदा त्यसका लागि आवश्यक पर्ने छुट्टै ऐन नियमको प्रस्ताव गर्ने र संशोधन गर्नुपर्ने प्रचलित ऐन कानुनमा अध्ययन सीमित रहेको छ । यो अध्ययनमा वर्तमान फैसला कार्यान्वयन सम्बन्धी समस्या र वर्तमान ऐन नियम र त्यसको प्रभावकारिताको बारेमा विश्लेषण गरिएको छैन ।

### १.६.२ समयगत सीमा

प्रस्तुत अध्ययन कार्य प्रारम्भ भएको मितिले तीन महिना भित्र सम्पन्न गरिएको छ । प्रारम्भिक प्रतिवेदन एक महिना भित्र प्रस्तुत गरियो भने अध्ययनको मस्यौदा प्रतिवेदन दुई महिना भित्र प्रस्तुत गरिएको छ । प्रस्तुत गरिएको मस्यौदा प्रतिवेदन विज्ञहरूसँग छलफल र अन्तरक्रिया गरी त्यसबाट प्राप्त राय सुझावका आधारमा आवश्यक परिमार्जन समेत गरी अन्तिम प्रतिवेदन प्रस्तुत गरिएको छ ।

### १.६.३ क्षेत्रगत सीमा

स्रोत, साधन र समयको सीमितताको कारण देशको सबै क्षेत्रबाट तथ्याङ्क तथा सूचना सङ्कलन गर्न सम्भव नभएकोले विवेकसम्मत छनौटका आधारमा उपत्यका भित्र काठमाडौं र उपत्यका बाहिरका चितवन र पोखराका अदालतहरूमा कार्यरत न्यायाधीश तथा कर्मचारीहरू र सोही क्षेत्र भित्रका कानून व्यवसायी तथा अन्य सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरूसँग छलफल एवं अन्तर्क्रिया गरी राय सुझाव सङ्कलन गरिएको छ ।

## १.७ अध्ययनको स्वरूप

प्रस्तुत अध्ययनलाई व्यवस्थित गर्ने क्रममा सात परिच्छेदमा विभाजित गरिएको छ । जसअनुसार पहिलो परिच्छेदलाई **प्रारम्भिक** नामाकरण गरिएको छ । यस परिच्छेदमा अध्ययन विधिको बारेमा उल्लेख गरिएको छ । दोस्रो परिच्छेदको रूपमा फैसला कार्यान्वयन सम्बन्धमा विगतमा भएको अध्ययनको सर्वेक्षण शीर्षक राखिएको छ । प्रस्तुत शीर्षकमा विगतमा भएका फैसला कार्यान्वयन सम्बन्धी प्रतिवेदनहरूको समीक्षा गरिएको छ । फैसला कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था तेस्रो परिच्छेदमा रहेको छ । त्यसैगरी फैसला कार्यान्वयनको वर्तमान अवस्था र नयाँ संरचनाको औचित्य र आवश्यकता चौथो परिच्छेदको शीर्षक रहेको छ । यस शीर्षक अन्तर्गत फैसला कार्यान्वयन सम्बन्धी वर्तमान अवस्था र नयाँ संरचनाको औचित्य र आवश्यकताका

बारेमा विस्तृत रूपमा विवेचना गरिएको छ । पाचौं परिच्छेदमा फैसला कार्यान्वयन निर्देशनालयको सङ्गठनात्मक स्वरूप र कार्य प्रणाली रहेको छ । यस शीर्षकमा फैसला कार्यान्वयन निर्देशनालयको तहगत स्वरूप, जनशक्ति तालिका र कार्य प्रणालीका बारेमा विवेचना गरिएको छ । फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गर्दा सुधार गर्नुपर्ने ऐन नियमहरू का बारेमा छैठौं परिच्छेदमा चर्चा गरिएको छ । एवं रीतले फैसला कार्यान्वयन निर्देशनालयको स्थापनाको लागि आवश्यक पर्ने पूर्वाधार र बजेटका बारेमा सातौं परिच्छेदमा समेटिएको छ भने अन्त्यमा सुझाव कार्यान्वयनको कार्ययोजना रहेकोछ । ■

# २

# फैसला कार्यान्वयन सम्बन्धमा विगतमा भएका अध्ययनको सर्वेक्षण

२.१ उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८

२.२ शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०

२.३ न्यायाधीशका विभिन्न सम्मेलनहरूबाट पारित प्रस्तावहरू

२.४ अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन, २०५५

२.५ अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८

२.६ निर्णय कार्यान्वयन शाखाको स्थापना

२.७ अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको मस्यौदा, २०५९

२.८ पञ्चवर्षीय रणनीतिक योजना, २०६१

२.९ तहसिलदारको राष्ट्रिय सम्मेलन, २०६२

२.१० कैद दण्ड जरिवानाको लगत असुल फछ्र्यौट गर्ने सम्बन्धी सुझाव दिन.......

२.११ प्रस्तावित देवानी संहिता, २०६४

२.१२ फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरू विषयक अनुसन्धानमूलक अध्ययन......

२.१३ तीन वर्षभन्दा कम कैद तथा जरिवानाको लगत फछर्यौट समितिको प्रतिवेदन, २०६५

२.१४ अन्य प्रयासहरू

नेपालको न्यायिक प्रक्रियाको विकासक्रमका विभिन्न चरणहरूमा फैसला कार्यान्वयन सम्बन्धी व्यवस्थामा पनि फेरबदल र सुधार हुँदै आएको छ । न्यायिक प्रकृयालाई सुदृढ र सबल बनाउने उद्देश्यले भएका विभिन्न अध्ययन प्रतिवेदनहरूले पनि यो विषयलाई महत्वका साथ स्थान दिंदै आएको देखिन्छ । अनुसन्धानमूलक रूपमा भएका अध्ययनको आधारमा हेर्दा उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदनलाई नै यसको प्रारम्भ विन्दु मान्नु पर्ने हुन्छ । यस अध्ययनमा सो प्रतिवेदन र त्यस पछि भएका विभिन्न अध्ययन अनुसन्धान प्रतिवेदन, सम्मेलन गोष्ठीबाट प्राप्त सुझावमा फैसला कार्यान्वयनको संरचनागत व्यवस्थाका सम्बन्धमा अभिव्यक्त भएका दृष्टिकोणहरूलाई आधार मानी विगतमा भएका अध्ययनको सर्वेक्षण गरिएको छ ।

## २.१ उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८

यो आयोगले फैसला कार्यान्वयनलाई न्यायिक प्रकृयाको महत्वपूर्ण अङ्गको रूपमा स्वीकार गरेको छ । सो प्रतिवेदनले फैसला कार्यान्वयन सम्बन्धी पूर्वावस्थाको विश्लेषण गर्दै २०१८ साल भन्दा अगाडि फैसला कार्यान्वयनका लागि काठमाडौंमा काठमाडौं स्रेस्ता अदालत तहसिल, काठमाडौ. देवानी तहसिल र काठमाडौं फौजदारी तहसिल गरी छुट्टाछुट्टै तीन ओटा तहसिल अड्डा रहेका र मोफसलका ठूला अदालतहरूमा छुट्टै अदालत तहसिल कायम रहेको प्रसङ्ग उठाएको छ । २०१८ सालमा काठमाडौंका तीन ओटै तहसिल गाभेर एउटै तहसिल अड्डा कायम गरिएको र मोफसलका अदालत तहसिलहरू खारेज गरी फैसला कार्यान्वयन गर्ने काम अदालत मै गाभिएको रहेछ । त्यस पछि फैसला कार्यान्वयनका लागि कहिले गाउँ पञ्चायत, कहिले माल अड्डा कहिले भूमि प्रशासन कार्यालयलाई जिम्मा लगाई विभिन्न परीक्षणात्मक प्रबन्ध गर्दा पनि कुनै पनि प्रबन्ध कारगर र व्यवहारिक हुन नसकेको भनी सो प्रतिवेदनमा उल्लेख भएको छ ।

फैसला कार्यन्वयनका लागि प्रभावकारी व्यवस्था गर्दा आर्थिक दायित्व बढ्न जाने कुरा स्वाभाविक हो भन्दै सो प्रतिवेदनले न्याय सम्पादन गर्नु र फैसला कार्यान्वयन गर्नु राज्यको प्रमुख अभिभारा भएकोले त्यसका लागि हुने खर्चलाई न्यायिक निर्णयबाट हुने आयसँग दाँजेर विचार र व्यवस्था गर्ने प्रशासकीय मनोवृत्तिमा परिवर्तन हुनुपर्ने र न्याय प्रशासनलाई आयको स्रोत सम्झन नहुने टिप्पणी गरेको छ । केही आर्थिक दायित्व बढे पनि फैसलाको कार्यान्वयनका लागि समायोचित र प्रभावकारी व्यवस्था गर्नुपर्ने र त्यसका लागि तत्कालै अदालत र न्यायिक निर्णय गर्ने अन्य अड्डाहरूमा तहसिलको छुट्टै फाँट खडा गरी मुद्दा संख्या र भौगोलिक स्थितिको आधारमा पर्याप्त र कर्मचारीहरू र त्यस अनुसारको मसलन्दको व्यवस्था गर्नुपर्ने सुझाव समितिले दिएको छ । त्यसै गरी मुलुकी ऐन, दण्ड सजायको महलको व्यवस्था कतिपय कुरामा अधुरो, अपर्याप्त र दुविधापूर्ण भएकोले त्यसको विस्तृत अध्ययन र छानविन गरी फैसला कार्यान्वयनका लागि एउटा छुट्टै ऐनको व्यवस्था हुनु पर्ने राय दिएको देखिन्छ ।[५]

[५] उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८

## २.२ शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०

न्याय व्यवस्थामा सुधार गर्ने उद्देश्यले गठित यो आयोगको प्रतिवेदनमा समेत फैसला कार्यान्वयन सम्बन्धी समस्याहरू चित्रण गर्दै अदालतको फैसला कार्यान्वयन गर्दा बेला मौकामा न्यायिक प्रकृया अवलम्बन गर्नुपर्ने हुँदा सो कारवाही सम्बन्धी कुरामा अदालतसँग सम्बन्ध भैरहने भएकोले तहसिल फाँटलाई अदालतबाट छुट्टै तहसिल कार्यालयमा परिणत गर्न उपयुक्त नदेखिने टिप्पणी गर्दै अदालतको तहसिल फाँटलाई नै सक्रिय बनाउनु पर्ने सुझाव दिएको छ । सो प्रतिवेदनले सम्बन्धी कार्यविधिगत व्यवस्थामा सुधारका लागि सिफारिस गरेको छ ।[६]

## २.३ न्यायाधीशका विभिन्न सम्मेलनहरूबाट पारित प्रस्तावहरू

सर्वोच्च अदालतका न्यायाधीश तथा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूका विभिन्न सम्मेलनहरूमा फैसला कार्यान्वयन सम्बन्धी वर्तमान व्यवस्थामा सुधारका लागि विभिन्न प्रस्तावहरू पारित भएका छन् । त्यस्ता प्रस्तावहरूमा प्रायसः मौजुदा संरचना भित्रै रहेर कार्यविधिगत सरलीकरण गरी सुधार गर्नु पर्ने दृष्टिकोण राखिएको पाइन्छ । तर फैसला कार्यान्वयनका लागि छुट्टै संरचनागत व्यवस्था गर्नुपर्ने तर्फ कुनै पनि सम्मेलनबाट प्रस्ताव पारित भएको देखिँदैन ।[७] विभिन्न समयमा भएका पुनरावेदन तथा जिल्ला न्यायाधीशहरूको सम्मेलनमा पनि फैसला कार्यान्वयन सम्बन्धी विषयमा प्रस्तावहरू पारित भएका थिए तर ती प्रस्तावहरू पनि विद्यमान संरचना भित्रैबाट गरिनु पर्ने सुधारमा मात्र केन्द्रित भएको देखिन्छ ।

## २.४ अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन, २०५५

सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश श्री केशव प्रसाद उपाध्यायको अध्यक्षतामा गठित अदालत व्यवस्थापन सम्बन्धी सुझाव प्रतिवेदन, २०५५ लाई न्यायिक क्षेत्रमा पछिल्लो समयमा गरिएको अनुसन्धानमूलक अध्ययन मानिन्छ । सो प्रतिवेदनमा पनि फैसला कार्यान्वयन सम्बन्धी विद्यमान कार्यविधि र कार्य प्रक्रियालाई नै सरलीकरण गरिनु पर्ने कुरामा जोड दिइएको छ । सो प्रतिवेदनमा तहसिल शाखाको संरचनागत व्यवस्थाबारे परिवर्तनकारी कुनै टिप्पणी गरिएको छैन ।

## २.५ अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८

सर्वोच्च अदालतका तत्कालीन प्रवक्ता श्री काशीराज दाहालको अध्यक्षतामा गठित अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८ ले फैसला कार्यान्वयनलाई न्याय व्यवस्थाको मेरूदण्डको उपमा दिएको छ । यो प्रतिवेदनमा छुट्टै फैसला कार्यान्वयन कार्यविधि संहिता तयार गर्नुपर्ने महत्वपूर्ण सुझाव दिइएको छ । सो प्रतिवेदनमा अर्ध न्यायिक निकायबाट

---

६ शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०

७ २०५२ सालमा सम्पन्न तेस्रो सम्मेलनले तहसिल फांटमा मूद्दा संख्या र भौगोलिक स्थितिका आधारमा पर्याप्त कर्मचारी र त्यस अनूसारको मसलन्द तथा अन्य आवश्यक खर्चको व्यवस्था हुनु पर्ने र दण्ड, जरिवाना, बिगो, कैद असुल तहसिल गर्ने अधिकार सम्पन्न समितिको व्यवस्था हुनुपर्ने प्रस्ताव पारित गरेको देखिन्छ भने अन्य सम्मेलनहरूले फैसला कार्यान्वयन सम्बन्धी विद्यमान कार्यविधिगत व्यवस्थालाई सरलीकरण गर्ने कुरामा जोड दिएको देखिन्छ ।

भएको फैसलाको कार्यान्वयन र रिट क्षेत्रबाट भएका आदेशको कार्यान्वयन सम्बन्धी स्पष्ट व्यवस्था हुनुपर्ने आवश्यकता औंल्याइएको छ । त्यसै गरी फैसला कार्यान्वयनका लागि सरकार संवेदनशील हुनुपर्ने र अदालतले नै फैसला कार्यान्वयन पक्षको पूर्ण जिम्मेवारी लिने हो भने फैसला कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनी प्रावधानको सम्पूर्णतामा पुनरावलोकन गर्ने, चुस्त, छिटो, छरितो एवं प्रभावकारी संस्थागत संरचना तयार गर्दै फैसला कार्यान्वयनलाई उद्देश्यमूलक र प्रभावकारी बनाउनु पर्ने सुझाव दिएको छ । तर सो सुझाव भित्र मौजुदा तहसिल फाँटलाई नै सबल बनाउनु पर्ने कार्यक्रमको सिफारिस गरिएको छ ।[८]

## २.६ निर्णय कार्यान्वयन शाखाको स्थापना

सर्वोच्च अदालतको अनुगमन तथा निरीक्षण महाशाखा अन्तर्गत निर्णय कार्यानवयन शाखाको स्थापना गरिएको छ । यो शाखालाई सर्वोच्च अदालतबाट मुद्दामा भएका अन्तिम निर्णय तथा रिट निवेदनका सन्दर्भमा जारी भएका आदेशको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन गराउन आवश्यक व्यवस्था मिलाउने, भएका निर्णय र अन्तिम आदेशको लगत राख्ने, मातहत अदालतबाट कार्यान्वयन हुनु पर्ने फैसलाको लगत राख्ने तथा समयमा फैसला कार्यान्वयन भए नभएको कुराको अनुगमन गर्ने काम यस शाखालाई तोकिएको छ ।[९] तर यो शाखाले रिट क्षेत्रबाट भएका आदेशको कार्यान्वयन तर्फ कार्य प्रारम्भ गरेको भए पनि समग्र फैसला कार्यान्वयन सम्वन्धी कार्य व्यवस्थित गराउन सकेको अवस्था देखिदैन ।

## २.७ अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको मस्यौदा, २०५९

यो मस्यौदाले पनि फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन स्पष्ट र कडा कानूनी व्यवस्थाको प्रस्ताव गरेको छ । फौजदारी मुद्दामा कसूरदारलाई लागेको दण्ड जरिवाना अदालतबाटै असूल तहसिल गर्नुपर्ने विषयमा केन्द्रित भई सो मस्यौदा तयार भएको छ ।

## २.८ पञ्चवर्षीय रणनीतिक योजना, २०६१

नेपालको न्यायिक इतिहासमा योजनाबद्ध विकासको थालनी गर्ने यो योजनाले फैसला कार्यान्वयन सम्बन्धी काम कारवाही निश्चित समयावधि भित्र सम्पन्न गरिसक्ने लक्ष्य लिएको छ ।[१०] सो लक्ष्य प्राप्तिका लागि न्यायपालिकाको फैसला कार्यान्वयन क्षमतालाई सुदृढ तुल्याउने रणनीतिक उपाय अन्तर्गत फैसलाको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त जनशक्ति भर्ना गर्ने, सुरक्षा स्थिति सुदृढ गर्ने, आवश्यक साधन र स्रोत जुटाउने तथा कानूनको पुनरावलोकन गर्ने सम्बन्धमा नीतिको तर्जुमा गर्ने कार्यक्रम रहेको देखिन्छ ।[११] रणनीतिक यो जनाको मध्यावधि मूल्याङ्कन गर्दाको अवस्था नेपालका ७५ वटा जिल्ला अदालतमा जम्मा ३२७२ वटा निवेदन फछ्र्यौट हुन बाँकी रहनु पर्नेमा जम्मा ५,३२६ निवेदन फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ । सो मध्ये १ वर्ष नाघेका निवेदन संख्या शून्य मा झर्नु पर्नेमा बाँकी

[८] अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८ ।
[९] सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ११५(१)(ङ)(इ) ।
[१०] न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाले फैसला कार्यान्वयनका लागि परेका निवेदनहरू ६ महिना भित्र फछ्र्यौट गर्ने एवम् कुनै पनि अवस्थामा एक वर्ष नाघ्न नदिने तथा वक्यौता निवेदनहरू ७५ प्रतिशतले न्यून गर्ने लक्ष्य लिएकोछ ।
[११] न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना, २०६१/०६२- २०६५/०६६ ।

रहेका ५,३२६ निवेदनमध्ये १,४६६ निवेदन एक वर्ष नाघेको देखिन्छन् । मध्यावधि मूल्याङ्कन प्रतिवेदनले पनि फैसला कार्यान्वयनको कार्यलाई मूल कार्य अन्तर्गत राखी फैसला कार्यान्वयनका लागि परेका निवेदनहरू ६ महिना भित्र फछ्र्यौट गर्ने, कुनै पनि हालतमा एकवर्ष नाध्न नदिने, योजनाको बाँकी अवधिमा वक्यौता फैसला कार्यान्वयन सम्बन्धी निवेदनहरूको संख्या ३० प्रतिशतले न्यून गर्ने लक्ष्य निर्धारण गरेको छ । मध्यावधि मूल्याङ्कनले गरेको प्रगतीको समीक्षा र निर्धारण गरेको लक्ष्य समेतका आधारमा फैसला कार्यान्वयनको क्षेत्रमा अपेक्षित सुधार गर्न फैसला कार्यान्वयन गर्ने संयन्त्रमा संस्थागत सुधार गर्न आवश्यक रहेको निष्कर्ष निकालेको छ ।[१२] सोही अनुरूप रणनीतिक योजना कार्यान्वयन समितिको बैठकबाट फैसला कार्यान्वयनका लागि केन्द्रीय स्तरमा छुट्टै संयन्त्र स्थापना सम्बन्धी कार्य अघि बढाउन अध्ययन गर्ने निर्णय समेत भएको छ ।[१३]

## २.९ तहसिलदारको राष्ट्रिय सम्मेलन, २०६२

देवानी तथा फौजदारी मुद्दाको फैसला कार्यान्वयनमा देखा परेका समस्या र समाधानका उपायहरू विषयमा केन्द्रित रही २०६२ सालमा सम्पन्न भएको तहसिलदारहरूको ३ दिने सम्मेलनले मौजुदा फैसला कार्यान्वयनका संरचनाका सम्बन्धमा विशेष टिप्पणी गरेको थियो । समयको परिवर्तनसँगै फैसला कार्यान्वयनमा पनि नयाँ नयाँ समस्या आउने गरेको तर मौजुदा तहसिल शाखासँग उपलब्ध श्रोत र साधन, यसमा काम गर्ने कर्मचारीको दक्षता आफैंमा पर्याप्त नभएकोले तहसिल शाखालाई श्रोत साधन युक्त बनाई यसमा काम गर्ने कर्मचारीको दक्षता अभिवृद्धि गर्न तालिम र प्रशिक्षण गर्ने तथा कार्यबोझको हिसाबले फैसला कार्यान्वयनलाई देवानी र फौजदारी मुद्दाको कार्यान्वयन गर्ने छुट्टा छुट्टै शाखा खडा गरिनु पर्ने निश्कर्ष निकालेको थियो । दण्ड जरिवानाको लगत जिल्ला अदालतका साथै पुनरावेदन अदालत र सर्वोच्च अदालतमा समेत राखी लगत तथा फैसला कार्यान्वयनको छुट्टै महाशाखा खडा गरी सो महाशाखाबाट अनुगमन र निरीक्षण हुनु पर्ने प्रस्ताव समेत सो सम्मेलनले पारित गरेको देखिन्छ । त्यसै गरी फैसला कार्यान्वयनमा अदालत पिच्छे फरक फरक कार्यविधि अपनाइएको देखिएकोले सो हुन नदिन केन्द्रीय तहमा एउटा फैसला कार्यान्वयन महाशाखाको व्यवस्था गरी त्यसले बेला बेलामा सुपरिवेक्षण गर्ने व्यवस्था हुनु पर्ने कुरामा जोड दिएको देखिन्छ ।[१४]

## २.१० कैद दण्ड जरिवानाको लगत असुल फछ्र्यौट गर्ने सम्बन्धी सुझाव दिन गठित समितिको प्रतिवेदन, २०६२

काठमाडौं जिल्ला अदालतका तत्कालीन जिल्ला न्यायाधीश श्री शम्भु बहादुर कार्कीको संयोजकत्वमा गठित यो समितिले दण्ड जरिवाना असुल तहसिल सम्बन्धी समस्याहरूलाई विस्तृत रूपमा विवेचना गर्दै फैसला कार्यान्वयन सम्बन्धी प्रभावकारी सेल निर्माण नभएको, केन्द्रीय लगत नभएको र फैसला कार्यान्वयन सम्बन्धी ऐन नियममा भएका व्यवस्थाहरू प्रस्ट नभएको समेतका विभिन्न कारणबाट यस्ता समस्या देखिएको टिप्पणी गरेको छ । सो समितिले फैसला कार्यान्वयनका लागि एउटा छुट्टै स्वायत्त निकायको गठन हुनु पर्ने भविष्यपरक

---

[१२] न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन, २०६४ ।

[१३] सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको अध्यक्षतामा गठित सो समितिको बैठकबाट मिति २०६५/५/१९ मा सो निर्णय भएको हो ।

[१४] जिल्ला अदालतमा कार्यरत तहसिलदारहरूको २०६५/३/५ मा सम्पन्न सम्मेलनबाट पारित प्रस्तावहरू, सर्वोच्च अदालत ।

दृष्टिकोण रहनु पर्ने कुरामा जोड दिंदै सर्वोच्च अदालत देखी जिल्ला अदालत सम्म अनुगमन मूल्याङ्कन संयन्त्रको व्यवस्था हुनु पर्ने कुरा सिफारिस गरेको पाइन्छ ।[१५]

## २.११ प्रस्तावित देवानी संहिता, २०६४

प्रस्तावित देवानी संहिताले जिल्ला अदालतले नै फैसला कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी नेपाल सरकारले कुनै विदेशी राष्ट्रसँग पारस्परिकताको आधारमा स्वदेशको फैसला कार्यान्वयन गर्न संझौता गर्नसक्ने र त्यस्तो संझौता भएमा फैसला कार्यान्वयनको लागि जिल्ला अदालतमा निवेदन दिनसक्ने व्यवस्था गरेको छ । त्यसै गरी फैसला कार्यान्वयनको शिलशिलामा मुद्दाका पक्षहरू बीच उठेका सबै विवादहरू त्यस्तो फैसला कार्यान्वयन गर्ने अदालतले नै निरूपण गर्नुपर्ने व्यवस्था गरेको छ । यो संहिताले हाल कायम भएकै व्यवस्थामा कार्यविधिगत सरलीकरण सम्म गरेको अवस्था देखिन्छ ।

## २.१२ फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरू विषयक अनुसन्धानमूलक अध्ययन प्रतिवेदन,२०६५

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा २०६४ सालमा गठन गरिएको अनुसन्धान समूहले फैसला कार्यान्वयन सम्बन्धी समस्याहरू पहिचान गरी समाधानका उपायहरू सिफारिस गरेको छ । सो अध्ययनका क्रममा फैसला कार्यान्वयन कसले गर्नु उपयुक्त होला भनी सरोकारवालाहरू सँग राखिएको प्रश्नमा ५३.११ प्रतिशत सहभागीले फैसला कार्यान्वयनका लागि छुट्टै संरचना निर्माण हुनुपर्दछ भन्ने र ३६.४४ प्रतिशतले अहिलेको जस्तै अदालतले नै फैसला कार्यान्वयन गर्नुपर्दछ भन्ने धारणा राखेको देखिन्छ । स्थानीय प्रशासन तथा स्थानीय निकायलाई फैसला कार्यान्वयन गर्न जिम्मा दिने पक्षमा भने अत्यन्त न्यून सहभागीहरूले मात्र समर्थन जनाएको भन्ने उल्लेख गरिएको छ । सो अध्ययनमा फैसला कार्यान्वयन सम्बन्धी केन्द्रीय निकायको रूपमा फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गर्नुपर्ने, त्यसले दण्ड जरिवाना र तहसिल जिन्सीको केन्द्रीय अभिलेखालयको समेत कार्य गर्ने व्यवस्था हुनु पर्ने र जिल्ला स्तरमा छुट्टै फैसला कार्यान्वयन एकाईको व्यवस्था गर्नुपर्ने सुझाव दिएको छ । सो निर्देशनालयलाई फैसला कार्यान्वयन सम्बन्धी तथ्याङ्कहरू व्यवस्थित गर्ने, जनशक्ति विकास गर्ने, दण्ड जरिवाना समेतको लगतलाई सूचना सञ्जालमा आबद्ध गर्ने र सरोकारवालाहरू बीच समन्वयको विकास गर्ने गरी सर्वोच्च अदालत नियमावली मार्फत जिम्मेवारी प्रदान गर्न सिफारिस गरेको छ ।[१६]

## २.१३ तीन वर्षभन्दा कम कैद तथा जरिवानाको लगत फछ्र्यौट समितिको प्रतिवेदन, २०६५

३ वर्ष सम्म कैद हुने मुद्दामा फैसलाबाट कायम भएको कैद, जरिवाना, धरौट वा जेथा जमानतको विद्यमान लगत असुलीको प्रकृया भन्दा चाँडो र बेग्लै किसिमले फर फारक गर्ने उपाय एवम् सुझाव पेश गर्नका लागि गठित यो समितिले दण्ड जरिवाना असुली सम्बन्धी

[१५] कैद दण्ड जरिवानाको लगत असुल फछ्र्यौट गर्ने सम्बन्धी सुझाव दिन गठित समितिको प्रतिवेदन, २०६२

[१६] फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरू, अनुसन्धानकर्ता डा. आनन्द मोहन भट्टराईसमेत, राष्ट्रिय न्यायिक प्रतिष्ठान ।

व्यवस्थालाई प्रभावकारी बनाउनका लागि अधिकार सम्पन्न केन्द्रीय निकाय गठन गरिनु पर्ने सुझाव दिएको छ । सबै प्रकारका दण्ड जरिवाना, सरकारी बिगो, दस्तुर वक्यौता असुल फछ्यौट गर्नुपर्ने सम्पूर्ण निकायका रहीरकम र सजाय भोगाउनु पर्ने समेतको यकिन आँकडा संङ्कलन गरी ती कार्य गराउन के कस्तो स्वरूप र अधिकार एवम् जनशक्ति सहितको संयन्त्र आवश्यक हुन्छ भन्ने कुरा विज्ञ संलग्न टोलीद्वारा अध्ययन गराई तय गर्नुपर्ने सुझाव दिएको छ । फैसला वा निर्णयमा उल्लेख भएका सम्पूर्ण विवरण खुलाई आवश्यक देखिए निर्णय वा फैसलाको प्रतिलिपि सहित उपलब्ध भएसम्मको असुल तहसिल निकायमा पठाउनु पर्ने, असुल तहसिल गर्नुपर्ने कैद जरिवाना एवम् बिगोको यकिन अङ्क र त्यस्तो सजाय पाएका व्यक्तिको उपलब्ध भए सम्मको फोटो र प्रष्ट पहिचान, हुलिया सहितको विवरण त्यस्तो अधिकार सम्पन्न निकायमा पठाउनु पर्ने सुझाव दिएको छ । सो व्यवस्थाले दण्ड संहिताको परिपालना गराउने, जरिवाना सरकारी बिगो एवं वक्यौता असुल उपर गर्ने प्रयोजनको लागि स्थापित यस्तो अधिकार सम्पन्न संयन्त्रको आवश्यकता अनुसार जिल्ला एवम् क्षेत्रगत निकायहरूको गठन हुनुपर्ने आवश्यकता समेत औंल्याएको छ ।[१७]

## २.१४ अन्य प्रयासहरू

फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले यसक्षेत्रको सुधार र व्यवस्थापनका लागि अन्य थप प्रयासहरू समेत भएका देखिन्छन् । फैसला कार्यान्वयनका छरिएर रहेका नजीरहरूलाई संहिताबद्ध गरी सर्वोच्च अदालतले फैसला कार्यान्वयन सम्बन्धी नजीरहरू प्रकाशन गरेको छ ।[१८] फैसला कार्यान्वयन सम्बन्धी छरिएर रहेका कानुनी व्यवस्थालाई समेटी फैसला कार्यान्वयन निर्देशिका, २०६२ समेत तयार भएको छ ।[१९] अदालतमा आएका जिन्सीका सामानहरू व्यवस्थित गर्नका लागि सुझाव दिन गठित समितिले अदालतमा रहेका जिन्सी समानहरूको अध्ययन गरी ती सामानहरू व्यवस्थित गर्न अल्पकालीन र दीर्घकालीन उपायहरू समेत सिफारिस गरिएको छ ।[२०] त्यसै गरी सर्वोच्च अदालतले फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन विभिन्न परिपत्रहरू समेत जारी गरी दण्ड जरिवानाको असूल तहसिललाई प्रभावकारी बनाउन प्रयास गरेको छ ।[२१] सर्वोच्च अदालतका फैसलाहरूमा समेत फैसला कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्थामै पुनरावलोकन गरी यसलाई प्रभावकारी बनाउनु पर्ने टिप्पणी र निर्देशनहरू हुन थालेका छन् ।[२२] यसका अलावा सर्वोच्च अदालत तथा पुनरावेदन अदालतका माननीय न्यायाधीशहरूले मातहत अदालतको निरीक्षण गर्दा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा निर्देशन दिएको पाइन्छ ।[२३] यी सबै प्रयासहरू अहिले भइरहेकै संरचनाबाट कार्यान्वयन गरिनु पर्ने तर्फ केन्द्रित रहेको पाइन्छ ।

---

[१७] पूनरावेदन अदालत राजविराजका माननीय न्यायाधीश शम्भु बहादुर कार्कीको संयोजकत्वमा गठित ३ वर्ष सम्मको कैद जरिवानाको लगत फछ्र्यौट सम्बन्धि अध्ययन समितिको प्रतिवेदन, सर्वोच्च अदालत ।

[१८] सर्वोच्च अदालतबाट प्रतिपादित फैसला कार्यान्वयन सम्बन्धी नजिरहरू भाग १३, सर्वोच्च अदालत ।

[१९] पुनरावेदन अदालत पाटनका माननीय मुख्य न्यायाधीश रण बहादुर बमको संयोजकत्वमा गठित समितिले तयार गरेको फैसला कार्यान्वयन सम्बन्धी निर्देशिका, २०६२, सर्वोच्च अदालत ।

[२०] पूनरावेदन अदालत राजविराजका माननीय न्यायाधीश शम्भु बहादुर कार्कीको संयोजकत्वमा गठित अदालतका जिन्सी सामान व्यवस्थापन सम्बन्धी अध्ययन समितिको प्रतिवेदन, २०६५, सर्वोच्च अदालत ।

[२१] सर्वोच्च अदालतका रजिष्ट्रार डा. रामकृष्ण तिमल्सेनाले जारी गरेको २०६२/३/६ को परिपत्र यस सम्बन्धमा विशेष महत्वपूर्ण रहेको छ ।

[२२] पार्वतीदेवी पन्त विरूद्ध पुनरावेदन अदालत, दिपायलसमेत भएको उत्प्रेषणयुक्त परमादेश २०६० सालको रिट नं. ३४७९ को रिट निवेदनमा सर्वोच्च अदालतबाट मुलुकी ऐन दण्ड सजायको ४२,४३,४४,४५,४६ मा संशोधनको आवश्यकता औंल्याएको छ ।

[२३] सर्वोच्च अदालत अनुगमन तथा निरीक्षण महाशाखामा रहेका निरीक्षण प्रतिवेदनहरूबाट यो कुराको पुष्टि हुन्छ ।

## उपसंहार

हाल सम्म भएका उल्लिखित अध्ययन प्रतिवेदन तथा सुझावहरूबाट नै फैसला कार्यान्वयनको अवस्था विगत धेरै वर्ष अघि देखि नै सन्तोषजनक रहेको पाइदैन । अदालतकै एउटा शाखाको रूपमा रहेको तहसिल शाखाको संरचना र मुलुकी ऐनको दण्ड सजायको महल र जिल्ला अदालत नियमावलीमा गरिएको कानूनी व्यवस्थालाई जति सुधार गरे पनि यथास्थिति भित्रै बाट गरिने सुधारबाट यस क्षेत्रमा देखिएको समस्या समाधान हुन सकेको पाइएन । हुनत उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८, कैद, दण्ड जरिवानाको लगत असुल फछ्र्यौट गर्ने सम्बन्धी सुझाव समितिको प्रतिवेदन, २०६२ र फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरू विषयक राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट भएका अध्ययन प्रतिवेदन २०६५ ले फैसला कार्यान्वयनका लागि छुट्टै निकाय हुनु पर्ने कुरामा जोड दिएको पाइन्छ । तर सो बाहेक हाल सम्म भएका अन्य अध्ययन र प्रयासहरू भने विद्यमान संरचना भित्रै सुधार गरी अदालतबाट नै फैसला कार्यान्वयन गर्नुपर्ने तर्फ केन्द्रित रहेको पाइन्छ । ■

# ३ फैसला कार्यान्वयन सम्बन्धी कानुनी व्यवस्था

३.१ रिट निवेदनमा भएका आदेशको कार्यान्वयन

३.२ देवानी मुद्दाको फैसला कार्यान्वयन

३.३ फौजदारी मुद्दाको फैसला कार्यान्वयन

३.४ विविधि

## फैसला कार्यान्वयनका प्रकृति र प्रकार

फैसला कार्यान्वयन भन्नाले न्यायपालिका मातहतका सम्पूर्ण निकायबाट न्याय सम्पादनको क्रममा भएका फैसला, निर्णय वा अन्तिम आदेशको कार्यान्वयन भन्ने बुझिन्छ । नेपालमा विद्यमान कानूनी व्यवस्थाका आधारमा हाल अड्डा अदालतबाट भएका फैसला देहाय बमोजिम कार्यान्वयन हुने देखिन्छ–

- सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत र विशेष अदालतका फैसला– जिल्ला अदालत तहसिल शाखाबाट कार्यान्वयन गरिन्छ ।
- राजस्व न्यायाधिकरण, ऋण असुली न्यायाधिकरण र श्रम अदालतका फैसला–सम्बन्धित निकायबाट कार्यान्वयन गरिन्छ ।
- जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, भूमिसुधार कार्यालय र वन कार्यालय जस्ता अर्धन्यायिक निकायका फैसलाहरू– निर्णय गर्ने सम्बन्धित निकायबाट नै कार्यान्वयन गरिन्छ ।
- मध्यस्थता ऐन बमोजिमको मध्यस्थको अवार्ड जिल्ला अदालत तहसिल शाखाबाट कार्यान्वयन गरिन्छ ।

प्रस्तुत अध्ययन सर्वोच्च अदालत र मातहतका अदालतबाट भएका निर्णयको कार्यान्वयनसँग मात्र सम्बन्धित भएको हुँदा फैसला वा निर्णयको विषयवस्तुका आधारमा फैसला कार्यान्वयनलाई देहाय बमोजिम विभाजन गर्न सकिन्छ–

### ३.१ रिट निवेदनमा भएका आदेशको कार्यान्वयन

उत्प्रेषण, परमादेश आदि रिट निवेदनमा भएका आदेशहरू आदेश बमोजिम सम्बन्धित निकाय स्वयंले नै कार्यान्वयन गर्ने गर्दछन् । यसमा सर्वोच्च अदालत अनुगमन तथा निरीक्षण महाशाखाबाट त्यस्तो आदेश कार्यान्वयन भए नभएको अनुगमन सम्म गरिन्छ । त्यस्ता आदेशहरू कार्यान्वयन नभएमा मर्का पर्ने पक्ष वा निवेदकले अदालतको मानहानीको मार्ग अवलम्बन गर्ने गरेको अवस्था पनि छिटपुटरूपमा रहेको देखिन्छ । उदाहरणको रूपमा रिट निवेदक केशवराज देवकोटा विरूद्ध गृह मन्त्रालय समेत भएको २०५६ सालको रिटमा सामाजिक व्यवहार सुधार ऐन, २०३३ कार्यान्वयन गर्नु भनी सरकारका नाममा जारी भएको निर्देशनात्मक आदेश कार्यान्वयन नभएको भनी जनहित संरक्षण मञ्चको तर्फबाट सरकारको विरूद्धमा अदालतको अवहेलना मुद्दा दायर गरेको विषयलाई लिन सकिन्छ ।

### ३.२ देवानी मुद्दाको फैसला कार्यान्वयन

यस अन्तर्गत देहाय बमोजिम फैसला कार्यान्वयन गर्ने कार्यविधि अपनाइन्छ–

- बिगो भराउने ।
- अंश वण्डा छुट्टाउने ।
- चलन चलाउने ।

- अर्विट्रेशन अवार्ड कार्यान्वयन गर्ने ।
- निखनाई दिने
- दाखिल खारेज पूर्जी गर्ने ।

## ३.३ फौजदारी मुद्दाको फैसला कार्यान्वयन

यस अन्तर्गत देहाय अनुसारका कार्यहरू पर्दछन्–

- दण्ड जरिवाना असुली
- कैद असुली
- सर्वस्व गर्ने
- मुद्दाका जिन्सी फरफारक गर्ने ।
- सम्बन्ध विच्छेदमा अंश, माना चामल भराउने
- जबरजस्ती करणी मुद्दामा पीडितलाई क्षतिपूर्ति दिलाउने
- अन्य फौजदारी मुद्दाबाट उठान भएको बिगो भराउने (जस्तैः डाका, चोरी,वैदेशिक रोजगार, ठगी)

## ३.४ विविध

यस अन्तर्गत जिन्सी सामानको व्यवस्थापन र जेथा जमानत लिलाम इत्यादि सम्बन्धी कार्यहरू पर्दछन्–

उल्लिखित विभिन्न किसिमले हुने फैसला कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था मुलुकी ऐन दण्ड सजायको महल, जिल्ला अदालत नियमावली, पुनरावेदन अदालत र सर्वोच्च अदालत नियमावली तथा सर्वोच्च अदालतबाट प्रतिपादित विभिन्न नजीरहरूबाट गरिएको पाइन्छ । यहाँ उक्त कार्यान्वयनमा के कस्तो प्रक्रिया अपनाइन्छ भन्ने सम्बन्धी विस्तृत उल्लेख नगरी फैसला कार्यान्वयनमा संलग्न हुने वर्तमान संरचनागत व्यवस्था के कस्तो छ भन्ने विषयमा मात्र केन्द्रित भई देहाय अनुसार उल्लेख गरिएको छ :

## जिल्ला अदालत नियमावली, २०५२

| | |
|---|---|
| नियम.२(ङ) | तहसिलदार भन्नाले न्यायाधीशको सामान्य निर्देशन तथा नियन्त्रणमा रही फैसला कार्यान्वयन सम्बन्धी एवं प्रचलित कानूनमा तहसिलदारले गर्ने भनिएका काम गर्न तोकिएको व्यक्ति सम्झनु पर्दछ । |
| नियम ४(क) | मुद्दा मामिला, इजलास अभिलेख इत्यादि विषयमा आवश्यक अध्ययन गरी व्यवस्थापन गर्न न्यायाधीश, जिल्ला न्यायाधिवक्ता, श्रेस्तेदार र तहसिलदार सहितको एक अदालत व्यवस्थापन समिति रहने । |
| नियम ५ | कर्मचारीः अदालतमा न्यायाधीश मातहत अन्य कर्मचारी सहित तहसिलदार समेत रहने । |

| | |
|---|---|
| नियम ६ | अदालतमा रहने शाखाहरूः (१) विभिन्न शाखा मध्ये तहसिल शाखा पनि एक रहने । |
| नियम ६(३) | तहसिल शाखाः श्रेस्तेदारको प्रत्यक्ष नियन्त्रणमा रहने यो शाखा अन्तर्गत आवश्यकताअनुसार तहसिल फाँट, असूल तहसिल फाँट र जिन्सी धरौटी अभिलेख तथा संरक्षण फाँट समेत रहनेछन् । |
| नियम.८ | तहसिलदारको काम र कर्तव्यः यसमा तहसिलदारको फैसला कार्यान्वयन सम्बन्धी सम्पूर्ण काम गर्नुपर्ने गरी तोकिएको, कुनै गडबड परे न्यायाधीशको आदेशानुसार गर्नुपर्ने । |
| नियम १३ | श्रेस्तेदार तहसिलदारको आदेश उपर उजुरी - सम्बन्धित इजलास समक्ष १५ दिनभित्र दिनुपर्ने । |
| नियम ६८ | तहसिल शाखाको जिम्मेवारीः फैसला कार्यान्वयन गर्नुपर्ने सम्बन्धी सम्पूर्ण काम तहसिलदारको जिम्मेवारीमा तहसिल शाखाबाट हुने । |
| नियम ६९ | अन्य अदालतको फैसला कार्यान्वयन : आफ्नो क्षेत्र भित्र पर्ने विषयमा सर्वोच्च अदालत, पुनरावेदन अदालत, विशेष अदालत र जिल्ला अदालतले गरेको निर्णय सम्बन्धित जिल्ला अदालतले कार्यान्वयन गर्नुपर्ने । |
| नियम ७० | असुल तहसिलको लागि डोर खटाउने : यस नियममा लगतवाला बसेको स्थानमा वर्षको कम्तिमा २ पटक असुल तहसिलको लागि डोर खटाउनु पर्ने । आवश्यक परे स्थानीय निकाय र प्रहरीको समेत सहयोग लिन सकिने, डोर कर्मचारीले दैनिक तथा भ्रमण भत्ताको सट्टा असुली रकमको २५% र तहसिलदारले ५% प्रोत्साहन स्वरूप पाउने, प्रोत्साहन रकम असुल गरी ल्याउने प्रहरी कर्मचारी, अन्य व्यक्ति संस्था समेत जो सुकैले पाउने सम्बन्धी कानूनी व्यवस्था देखिन्छ । |
| नियम ७१ | लगत फछ्र्यौट समिति गठन : जिल्ला न्यायाधीश, प्र.जि.अ.ले तोकेको अधिकृत र तहसिलदार रहेको एक लगत फछ्र्यौट समिति रहने । |
| नियम ७२ | समितिको बैठक- प्रत्येक ३ महिनामा कम्तिमा १ पटक बस्नुपर्ने |
| नियम ७४ | बिगो भरी भराउ र चलन चलाउनेः यस सम्बन्धी कार्यविधि विस्तृत रूपमा उल्लेख भएको । |
| नियम ७५ | सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने कार्यविधि-<br>• सम्पत्ति तायदाती कब्जा गरी ल्याउँदा कम्तिमा फाँटवाला खटिनु पर्ने ।<br>• स्थानीय पञ्च भलाद्मीले सो मुचुल्का गराई पठाउनु पर्ने, स्थानीय निकायका प्रतिनिधी साक्षी राख्नु पर्ने ।<br>• पञ्चकृते मूल्य कायम गर्दा- स्थानीय निकाय र नजिकको अड्डाको प्रतिनिधी संलग्न हुनुपर्ने<br>• लिलाम मुचल्का हुंदा - स्थानीय निकाय र कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रतिनिधी साक्षी राख्नु पर्ने । |
| नियम ७६ | लिलाम उपर उजुरीः जिल्ला न्यायाधीश समक्ष पेश हुने । |
| नियम ७८(ख) | अंश छुट्टाईदिने कार्यविधि- स्थानीय पञ्च भलाद्मीले फैसला बमोजिम वण्डा छुट्टाई डोर मार्फत पठाइ दिनु पर्ने । |

| | |
|---|---|
| नियम.८६ | असुल तहसिल सम्बन्धी काममा न्यायाधीशको उत्तरदायित्व : |
| उपनियम (१) | अदालतको फैसलाले लागेको दण्ड जरिवाना र कैदको लगत दुरूस्त राख्न लगाउने र सोही लगत बमोजिम असूल तहसिल गराउने अन्तिम जिम्मेवारी न्यायाधीशको हुन्छ । |
| उपनियम (२) | उपनियम (१) बमोजिम असूल तहसिल गराई बाँकी बक्यौता फर्छ्यौट गरे नगरेको कुरा निरीक्षण प्रतिवेदनमा दर्शाइने छ । |
| नियम ९० | दशीको मालवस्तु जिम्मा दिनसक्ने । |
| नियम ९०क | रोक्का भएका वा दशीको रूपमा प्राप्त भएका सामान फिर्ता वा लिलाम गर्ने कार्यविधी । |
| नियम ९२क | काम कारवाहीको प्रतिवेदन- मासिक वार्षिक प्रतिवेदन न्याय परिषद/सर्वोच्च अदालत र पुनरावेदन अदालतमा पेश गर्नुपर्ने । |
| नियम ९२ख | दण्ड जरिवानाको लगत पठाउने- सर्वोच्च अदालत र पुनरावेदन अदालतमा मासिक रूपमा पेश गर्नुपर्ने । |
| नियम ९५ | पूर्ण वैठकको व्यवस्था । |
| नियम १०३ | प्रहरी जिम्मा पठाउने- अदालतमा दाखिल गर्नुपर्ने व्यक्ति तत्काल अदालत बन्द भए पक्राउ गरी नजिकको प्रहरी कार्यालयमा बुझाउनु पर्ने, प्रहरी कार्यालयले पनि हिरासतमा राखी अदालत खुल्नासाथ बुझाउनु पर्ने । |

## पुनरावेदन अदालत नियमावली, २०४८

| | |
|---|---|
| नियम ९(ज) | फैसला कार्यान्वयन सम्बन्धी प्रतिवेदन संयुक्त ईजलासमा पेश हुन्छ । |
| नियम १३ | रजिष्ट्रारको अधिकार : (१)(घ) : इजलाशबाट भएको आदेश बमोजिमको काम कारवाही चाँडो कार्यान्वयन गर्ने गराउने । |
| परिच्छेद १३ | नगद दाखिल भएको र फैसला वा आदेश बमोजिमको लगत दिने व्यवस्था । |
| परिच्छेद १४ | मातहतका अदालत र कार्यालयको निरीक्षण सम्बन्धी व्यवस्था । |
| नियम ११३ | पुनरावदेन अदालतमा अन्य शाखाका अतिरिक्त एक लगत नगदी शाखा रहने छ । |

## सर्वोच्च अदालत नियमावली, २०४९

| | |
|---|---|
| नियम ११ | स्थायी समिति- मातहतका अदालतका अन्य काम कारवाहीको सामान्य रेखदेख नियन्त्रण गर्ने । |
| नियम १०६ | वार्षिक प्रतिवेदनमा खुलाउने कुराहरू |
| नियम ११५ | सर्वोच्च अदालतमा रहने महाशाखा तथा शाखाहरू |

- अनुगमन तथा निरीक्षण महाशाखा
- निरीक्षण तथा अनुगमन शाखा
- निर्णय कार्यान्वयन शाखा

## मुलुकी ऐन, दण्ड सजायको महल

जिल्ला अदालत नियमावलीको अतिरिक्त फैसला कार्यान्वयनमा प्रत्यक्ष रूपमा प्रयोगमा आउने कानून मुलुकी ऐन दण्ड सजायको महल हो । यो महलमा विद्यमान १ देखि ६१ नं सम्मको कानूनी व्यवस्थाको सर्सर्ती अध्ययन गर्दा दण्ड सजाय तथा देवानी फौजदारी मुद्दाका फैसला कार्यान्वयन संबन्धी सारवान तथा कार्यविधि सम्बन्धी बृहत व्यवस्था गरिएको पाइन्छ । समष्टिगत रूपमा हेर्दा सारवान पक्षमा थोरैमात्र व्यवस्था गरिएको पाइन्छ भने कार्यविधिगत पक्ष विस्तृत रूपमा उल्लेख गरिएको देखिन्छ । कैद जरिवानाको असूली प्रक्रिया, सर्वस्वको कार्यान्वयन प्रक्रिया, सरकारी बाँकीको असूलीको कार्यविधि, कैद तथा जरिवाना वापत कैद ठेक्ने, कैद खत खाप्ने नखाप्ने सम्बन्धी व्यवस्था, बिगो भराउने, वण्डा छुट्टाउने, चलन चलाउने, दाखिल खारेज पूर्जी सम्बन्धी व्यवस्था लगायतका व्यवस्था यो महलमा गरिएको पाइन्छ ।

उल्लिखित सम्पूर्ण कानूनी व्यवस्थाबाट फैसला कार्यान्वयनको संस्थागत जिम्मेवारीका सम्बन्धमा हेर्दा फैसला कार्यान्वयन अड्डाले गर्ने, डोर खटिई जाने कर्मचारीलाई स्थानीय निकायका सदस्य, भलाद्मीले मानिस चिनाइ दिने, जग्गा देखाइ दिने, जायजात तायदात, सर्वस्व, बण्डा, चलन चलाइ पठाइ दिनु पर्ने, प्रहरी कार्यालयले शान्ति सुरक्षा कायम गरिदिनु पर्ने, मानिस पक्रिनु पर्ने, मालपोत, वन, भूमिसुधार कार्यालयले लेखिआए बमोजिम सहयोग गर्नुपर्ने गरी जिम्मेवारी तोकिएको पाइन्छ । यहाँ कुनै पनि निकाय वा पदाधिकारीलाई तोकेरै जिम्मेवार बनाइएको पाईंदैन । केवल दण्ड सजायको ६१ नं.मा तहसिलदार कर्मचारीले गरेको काम कारवाहीमा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अड्डाका हाकिम छेउ १५ दिन भित्र उजुर गर्नसक्ने प्रावधान रहेको देखिन्छ ।

## नेपालको अन्तरिम संविधान, २०६३

| | |
|---|---|
| धारा ११६(१) | मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने छ । |
| धारा ११७ | वार्षिक प्रतिवेदन : (२)(च)(छ) : दण्ड जरिवाना असुल उपर भएको विवरण र फैसला कार्यान्वयन सम्बन्धी विवरण समेत वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने । |

## फैसला कार्यान्वयनमा संलग्न हुने सरोकारवालाहरू

फैसला कार्यान्वयन सम्बन्धी विद्यमान ऐन, कानून हेर्दा विभिन्न व्यक्ति तथा निकायहरू सम्बद्ध भएको पाइन्छ । न्यायाधीशहरू, रजिष्ट्रार, श्रेष्तेदार, तहसिलदार, तहसिल शाखाका अन्य कर्मचारी, मालपोत कार्यालय, नापी शाखा, स्थानीय निकाय, प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, अन्य सम्बद्ध एकाईहरू, स्थानीय भद्र भलाद्मी तथा मुद्दाका पक्ष, विपक्षहरू फैसला कार्यान्वयनका सरोकारवालाहरू हुन् । यी सबै पक्ष फैसला कार्यान्वयनमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न हुने गरेको पाइन्छ ।

## फैसला कार्यान्वयनको वर्तमान अवस्थामा बोलिएका केही महत्वपूर्ण नजीरहरूः

फैसला कार्यान्वयन सम्बन्धी कानुन तथा कार्यविधि संबन्धमा सम्मानित सर्वोच्च अदालतबाट प्रशस्तै टिप्पणी हुन थालेको पाइन्छ । यस सम्बन्धी वर्तमान अवस्था सन्तोषजनक नभएको, अप्रभावकारी भएको, कानूनको सुधार आवश्यक भएको तथा संरचनामा नै कमी कमजोरी औंल्याउन थालिएको

अवस्था छ भने प्रभावकारी रूपमा फैसला कार्यान्वयन गर्ने तर्फ प्रशस्त निर्देशन हुने गरेको छ । जसलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ–

### क) पार्वती देवी पन्त विरूद्ध कैलाली जिल्ला अदालत समेत[२४]

फैसला कार्यान्वयन सम्बन्धी मुलुकी ऐन दण्ड सजायको महलको ४२, ४३, ४४, ४५, ४६ नं लगायतका अन्य नम्बरमा के कस्तो संशोधन गरी सुधार गर्न सकिन्छ अनुसन्धान गरी सुझाव दिन सर्वोच्च अदालतका रजिष्ट्रारले तोकेको सह रजिष्ट्रारको संयोजकत्वमा एक सुझाव समिति गठन गरी ४ महिना भित्र सुझाव दिन आदेश जारी भए बमोजिम समिति समेत गठन भई कार्य भै रहेको अवस्था छ ।

### ख) चन्द्रेश्वर राय यादव विरूद्ध बनारसी राय यादव समेत[२५]

तहसिल शाखाबाट लिलाम कार्य सम्पन्न भई दरखास्त तामेलीमा राखिसकेको स्थितिमा मुद्दाको औपचारिक रूपमा टुङ्गो लागिसकेको देखिन्छ । दण्ड सजायको ६१ नं बमोजिम अन्तिम आदेश उपर जिल्ला न्यायाधीश समक्ष निवेदन दिने बाहेक त्यस सम्बन्धमा अन्य आदेश गर्ने, तहसिलदार समक्ष नै अर्को निवेदन दिन सकिने र तहसिलदारले पनि अघि आफैले गरेको आदेशलाई अन्यथा गरी पुनः अर्कै प्रकृतिको आदेश गर्न पाउने कानूनी व्यवस्था प्रचलित कानूनमा रहे भएको नदेखिने । टुङ्गो लागिसकेको मुद्दाबाट सिर्जित अधिकारलाई हस्तक्षेप हुनेगरी अर्को मुद्दाको आधार लिई भइसकेको काम कारवाही उपर निवेदन दिनको लागि कानूनी व्यवस्थाको अभाव रहने । तहसिलदारले आफ्नै पूर्व आदेशको खण्डन हुने गरी अनधिकृत रूपमा गरेको आदेश र सोलाई सदर गर्ने गरेको पुनरावेदन अदालतको आदेश द सं ६१ नं को त्रुटि समेत विद्यमान देखिंदा दुबै आदेशहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

### ग) टेक बहादुर खड्काको जाहेरीले वादी नेपाल सरकार विरूद्ध स्वस्ती बराल, मुद्दाः– जवर्जजस्ती करणी[२६]

अभियोगपत्रमा दावी लिंदा नै पीडकको अशियार वा पारिवारिक स्थिति, चल अचल सम्पत्तिको विवरण एकिन गरी तायदातीको रूपमा खोली पेश गरी यो यती अमुक चल अचल सम्पत्तिबाट यति परिमाणको सम्पत्ति पीडकबाट पीडितलाई दिलाई दिने आधार र कारण खुलाई दावी लिनु सरकारी वकिलको विशेष कर्तव्य भएकोमा प्रस्तुत मुद्दामा सो अनुसारका पीडकको अंशियारको स्थिति सम्पत्तिको विवरण तायदातीको रूपमा पेश गरी पीडितलाई दिलाउने गरी अभियोग दावी नलिई केवल जवरजस्ती करणीको १० नं अनुसार आधा अंश दिलाई पाउँ भनेर गोश्वारा दावी लिएको देखिन्छ । जिल्ला अदालतले पनि तदनुसार आधार र कारण खुलाई तत् सम्बन्धी प्रमाण सङ्कलन गरी फैसला कार्यान्वयनको अवस्थालाई आंकलन गरको नपाइने ।

---

[२४] संवत २०६० सालको रिट नं ३४७९ आदेश मिति २०६४।९।१३

[२५] चन्द्रेश्वर राय यादव वि बनारस राय यादव समेत, नि नं ७४८४, ने.का.प.२०६२ अङ्क १ पृ.६८

[२६] टेक बहादुर खड्काको जाहेरीले वादी नेपाल सरकार वि स्वस्ती बराल, मुद्दाः– जवर्जजस्ती करणी, ने का प २०६२, अङ्क ११, पृ १४२५

फैसला कार्यान्वयन गर्ने क्रममा प्रस्तुत फैसलाको प्रतिलिपि प्राप्त हुनासाथै यसैबाट कार्यान्वयन प्रक्रिया शुरू गरी पीडितलाई फैसलाको परिणामको जनाउ दिई झिकाई रोहवरमा राखी प्रतिवादी प्रत्यर्थीलाई पनि झिकाई पारिवारिक स्थिति, चल, अचल सम्पत्ति विवरण यकिन गर्न अ वं १३९, १३३ नं बमोजिम निजका अन्य अंशियारलाई बुझ्नु पर्ने भए बुझी खुलाई अंशको तायदाती विवरण लगायत दर्ता श्रेस्ता लगायत जो जे बुझ्नु पर्छ बुझी प्रतिवादी स्वस्ती बरालको अंश यकिन गरी निजको अंश मध्ये आधा भाग पीडितलाई अविलम्ब दिलाई दिनु भनी शुरू जिल्ला अदालतलाई सूचना दिने ।

## घ) अधिवक्ता माधवकुमार बस्नेत विरूद्ध गुठी संस्थान, केन्द्रीय कार्यालय, डिल्लीबजार, विषयः उत्प्रेषण[२७]

यस अदालतबाट सार्वजनिक हक सरोकारका विभिन्न विषयमा निर्देशनात्मक आदेशहरू जारी भइरहेको भएपनि सर्वोच्च अदालतबाट जारी भएका त्यस्ता आदेशहरूको कार्यान्वयन अवस्था सन्तोषप्रद नरहेको अध्ययन प्रतिवेदन सार्वजनिक भएको छ । राष्ट्रिय न्यायिक प्रतिष्ठानले गरेको सो अनुसन्धानमूलक अध्ययन प्रतिवेदनमा सर्वोच्च अदालतबाट जारी भएको यस्ता निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्था अत्यन्त कमजोर रहेको भनी गरिएको चित्रणले यस इजलासको ध्यान गम्भीर रूपमा आकर्षित भएको छ । अदालतबाट जारी भएका आदेशहरूको प्रभावकारी रूपमा कार्यान्वयन नगरिने हो भने यस्ता आदेश जारी गर्नुको कुनै प्रयोजन नै हुदैन । अदालतबाट जारी भएको यस्ता आदेशहरूको अभिलेख अध्यावधिक रूपमा राखी त्यस्ता आदेशको कार्यान्वयन अवस्थाका सम्बन्धमा नियमित रूपमा अनुगमन र आवश्यकता अनुसार स्थलगत रूपमा निरीक्षण समेत गर्ने र सो को प्रगति विवरण सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा प्रकाशित गर्ने गरी आवश्यक प्रबन्ध मिलाउन यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखा तथा अनुसन्धान महाशाखाका नाउँमा समेत यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

यी त केहि प्रतिनिधिमूलक नजीर मात्र हुन् । फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि सर्वोच्च अदालतले प्रतिपादन गरेका प्रशस्तै नजीरहरू छन् । उल्लिखित नजिरबाट वर्तमान फैसला कार्यान्वयन सम्बन्धी वर्तमान कानूनी व्यवस्था र न्याय प्रणालीका संरचनागत स्वरूपमा विशेष गरी फैसला कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको देखिदैन । समय सापेक्ष रूपमा यसको पुनर्संरचना गरिनु आवश्यक देखिन्छ । ■

[२७] संवत २०६१ सालको रिट.नं. ३०३१, आदेश मिति २०६४।६।२६ गते

# ४ फैसला कार्यान्वयनको वर्तमान अवस्था, नयाँ संरचनाको औचित्य र आवश्यकता

४.१ फैसला कार्यान्वयनको वर्तमान अवस्था
४.२ नयाँ संरचनाको औचित्य र आवश्यकता

## प्रारम्भ

न्याय सम्पादनको अन्तिम र अनिवार्य शर्त फैसलाको प्रभावकारी कार्यान्वयन हो । जबसम्म अड्डा अदालतबाट भएका अन्तिम निर्णय आदेशको प्रभावकारी कार्यान्वयन हुँदैन तब सम्म पीडितले न्याय प्राप्त गर्न सक्दैन । प्रभावकारी कार्यान्वयनको अभावमा यो फगत कागजी न्याय मात्र हुन्छ, कार्यान्वयन पश्चात मात्र पीडितले वास्तविक न्याय प्राप्त गर्दछन् । निर्णयको कार्यान्वयनबाट नै न्यायले जीवन्तता प्राप्त गर्दछ । कार्यान्वयनमा नै अदालतको जनआस्था पनि अडेको हुन्छ । फैसलाको कार्यान्वयन समयमै हुन नसक्दा अदालतको जनआस्था प्रभावित भएको चर्चा हुन थालेको छ । सर्वोच्च अदालतबाट प्रकाशित वार्षिक प्रतिवेदनबाट फैसला कार्यान्वयन सन्तोषजनक हुन सकेको पाइदैन । त्यसैले न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनामा फैसला कार्यान्वयनलाई महत्वका साथ उल्लेख गरिएको पाइन्छ ।

विधिशास्त्रीय अवधारणाको आधारमा कानूनको कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिकाको हो । अदालतका फैसलाको कार्यान्वयन कार्यपालिकाबाट सम्पन्न गरिनु पर्ने हो वा न्यायपालिका आफैँले गर्नुपर्ने हो भन्ने विषयमा पृथक पृथक अवधारणाहरू रहेका छन् । हामीले अपनाएको नेपालको कानुन प्रणाली अनुसार अदालतबाट भएका अन्तिम फैसला आदेशहरू अदालत स्वयं ले नै कार्यान्वयन गरिआएको स्थिति छ । यो कार्य कसबाट गर्न उचित र प्रभावकारी हुनेछ भन्ने विषय आज बहस र अनुसन्धानको विषय बन्न पुगेको छ ।

## ४.१ फैसला कार्यान्वयनको वर्तमान अवस्था

फैसला कार्यान्वयनमा संलग्न तहसिल शाखाबाट सम्पादन भएको फैसला कार्यान्वयनको कार्य के कति सन्तोषजनक छ वा कत्ति पनि सन्तोषजनक छैन, यहि संयन्त्र उपयुक्त हो वा अर्को आवश्यक छ वा यसैमा केही सुधार गर्न सकिन्छ भन्ने सन्दर्भमा निर्णयमा पुग्नु पूर्व फैसला कार्यान्वयन सम्बन्धी वर्तमान अवस्था के कस्तो छ भन्ने पनि हेर्नु आवश्यक हुन आउँदछ । आ.व.२०६३।६४ को सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा उल्लिखित फैसला कार्यान्वयन सम्बन्धी तथ्याङ्क यस प्रकार रहेको छ ।

**तालिका १ फैसला कार्यान्वयन सम्बन्धी दरखास्तको विवरण**

आ. ब. २०६३।६४

| सि नं | विवरण | लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|
| १ | बिगो भराउने | ६७२६ | ३३७९ | ३३४७ |
| २ | चलन चलाउने | १४४४ | ६९९ | ७४५ |
| ३ | बण्डा छुट्टाउने | २४७३ | १४५३ | १०२० |
| ४ | निकाशा खुलाउने | ५१ | २६ | २५ |
| ५ | घर भत्काउने | १२४ | ३८ | ८६ |
| ६ | मानाचामल भराउने | ८२ | ४४ | ३८ |
| ७ | अन्य | १५३ | ८८ | ६५ |
| | कुल जम्मा | ११०५३ | ५७२७ | ५३२६ |

उल्लिखित तालिका अनुसारको फछ्र्यौट हुन बाँकी फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तहरू मध्ये ३४ ओटा दर्खास्त ५ वर्ष नाघेका, ३८८ ओटा दर्खास्त २ वर्ष नाघेका, १०४४ ओटा दर्खास्त १ वर्ष नाघेका र ३८६० ओटा दर्खास्त एक वर्ष भित्रका रहेको देखिन्छ ।

**तालिका २ कैद तथा दण्ड जरिवाना असूल फछ्र्यौट र बाँकीको विवरण**

| सि नं | विवरण | लगत | फछ्र्यौट | फछ्र्यौट प्रतिशत | बाँकी |
|---|---|---|---|---|---|
| १ | दण्ड जरिवाना | ३,२६,३९,५८,०९५.९० | ४२,८९,३२,६९०.३६ | १३.१४ | २,८३,५०,२५,४०५.५४ |
| २ | कैद | ८४८९४.११.२३ | १०५९०.००.२० | १२.४ | ७४३०४.११.०३ |

माथि उल्लिखित सर्वोच्च अदालतबाट प्रकाशित आ.व. ०६३।६४ को वार्षिक प्रतिवेदन अनुसार देश भरिका अदालतबाट फैसला भै कायम भएको कैद जरिवानाको लगत मध्ये कैद वर्ष ७४,३०४।११।०३ र जरीवाना रू २,८३,५०,२५,४०५।५४ असुल फछ्र्यौट हुन वाँकी रहेको पाईन्छ । जम्मा कसिएको लगत मध्ये कैद तर्फ  १०,५९०।००।२० र जरिवाना तर्फ ४२,८९,३२,६९०।३६ मात्र फछ्र्यौट भएको देखिन्छ । जसबाट असूली प्रतिशत साह्रै नै नगन्य मात्र रहेको देखिन्छ । महालेखा परीक्षकको प्रतिवेदन समेतबाट अदालतमा फौज्दारी मुद्दाको फैसला कार्यान्वयन प्रभावकारी नभएको सावित भएको छ । अदालतवाट थप बजेटको माग गर्दा सरकारले असुल गर्न बाँकी जरिवानाको अङ्कलाई बेरूजूको रूपमा औल्याउँने गरेको छ । फैसला कार्यान्वयन प्रभावकारी हुन नसकेको यस स्थितिमा प्रस्तुत परिदृष्यले न्यायपालिका प्रतिको जनआस्थामा अरू ह्रास आइरहेको देखिन्छ ।

उल्लिखित तथ्याङ्क तथा विद्यमान परिस्थितिबाट हाल फैसला कार्यान्वयनको स्थिति सन्तोषजनक रहेको मान्न सकिने अवस्था देखिंदैन । देवानी मुद्दाको फैसला कार्यान्वयनमा पक्ष आफै अग्रसर हुने भएको हुँदा तुलनात्मक रूपमा यसको कार्यान्वयन पक्ष केही सन्तोषजनक देखिए पनि फौजदारी मुद्दाको कार्यन्वयन पक्ष निरासाजनक रहेको देखिन्छ । फैसला कार्यन्वयनको विद्यमान संरचना र कार्यप्रणाली सन्तोषजनक नभएकोले अपेक्षित उपलब्धि हासिल हुन नसकेको कुरा परिच्छेद २ मा उल्लिखित विभिन्न अध्ययन प्रतिवेदन तथा सम्मेलनबाट पारित प्रस्ताव र परिच्छेद ३ मा उल्लिखित सर्वोच्च अदालतबाट नै प्रतिपादित उल्लिखित नजिरबाट पनि पुष्टि भइसकेको अवस्था छ ।

## ४.२ नयाँ संरचनाको औचित्य र आवश्यकता

निश्चय नै न्यायपालिका हिजोको जस्तो कमजोर संरचना र स्रोत साधनको अभावको अवस्थामा रहेको छैन । न्यायिक प्रकृयामा पनि समय सापेक्ष रूपमा सुधार गर्ने प्रयासहरू निरन्तर भइरहेका छन् । तर न्याय प्रणाली भित्रको अत्यन्त महत्वपूर्ण पाटोको रूपमा रहेको फैसला कार्यान्वयनको पक्षमा भने समुचित सुधार र परिवर्तन हुन सकिरहेको छैन । यो क्षेत्रमा समस्या रहेको कुरालाई संस्थागत रूपमा भएका प्रायः सबै अध्ययनले औंल्याउँदै आएको भए पनि देखिने गरी सुधारका कार्यहरू हुन सकेको पाइँदैन । गर्न खोजिएका साना तिना सुधारका कार्यहरूले पनि परिणाममा अपेक्षित सुधार देखाउन सकेका छैनन् । समस्या अहिले पनि उस्तै रहेको देखिन्छ । यस अघिका प्रायः सबै सुधार प्रयासहरू कार्यविधिको सरलीकरणमा केन्द्रित भएको देखिन्छ । तर सामान्यतः कार्यविधिमा मात्र सुधार परिमार्जन गरेर कुनै परिणाम प्राप्त हुन सकेको छैन । त्यसैले अव खोट कहाँ छ ? ढिलो नगरी पहिचान गर्नुपर्ने समय आएको छ । न्यायपालिकाका सबै समस्या सापेक्षित रूपमा फैसला कार्यान्वयनका पनि साझा समस्या हुन् । तर पनि वस्तुनिष्ठ रूपमा भन्नुपर्दा फैसला कार्यान्वयन सम्बन्धी

समस्या वर्तमान अवस्थामा सबैभन्दा गम्भीर रहेको छ । फैसला कार्यान्वयनमा मुख्य रूपमा देहायबमोजिमका कमी कमजोरी रहेको देखिन्छ । जुन कुरा विभिन्न अध्ययन प्रतिवेदन, फैसला र पारित प्रस्तावबाट समेत औंल्याएको पाइन्छ :

- परम्परागत लामो र जटिल कार्यविधि कानून,
- साधन श्रोत शक्ति सम्पन्न फैसला कार्यान्वयन सम्बन्धी संरचनाको अभाव,
- अव्यवस्थित अभिलेख पद्धति,
- दक्ष जनशक्तिको कमी,
- नागरिक समाजको असहयोग,
- असुरक्षाको अवस्था,
- जिम्मेवारी लिनु पर्ने निकायको अभाव ।

फैसला कार्यान्वयन सम्बन्धी उल्लिखित समस्याहरूलाई दृष्टिगत गर्दा अन्य समस्याका अतिरिक्त संरचनात्मक समस्या एक महत्वपूर्ण समस्याको रूपमा रहेको देखिन्छ । सोही विषयमा केन्द्रित भई प्रस्तुत अध्ययन गर्न लागिएको हुँदा अरू समस्याको बारेमा विश्लेषण गरिएको छैन । कानून तथा कार्यविधिगत विविध पक्षमा छोटो अवधिमा यस टोलीले अध्ययन गर्न नभ्याउने तथा संभव पनि नभएको हुँदा वर्तमान संरचनाको सुधार तथा अन्य वैकल्पिक संरचनाको स्थापना सम्बन्धमा मात्र अध्ययन केन्द्रित भएको हो ।

फैसला कार्यान्वयन सम्बन्धी विद्यमान कानूनी व्यवस्था र अभ्यासबाट फैसला कार्यान्वयनमा विभिन्न सरोकारवालाहरू संलग्न हुने भए पनि मुख्य जिम्मेवारी भने तहसिलदारको नेतृत्वमा रहेको तहसिल शाखाको देखिन्छ । स्वभावैले यो काम प्राविधिक प्रकृतिको हुन्छ तर प्राविधिक वा विषयगत ज्ञानको अभाव भएका व्यक्तिबाट यो कार्य सम्पादन गरिँदै आएको छ । तहसिल शाखामा कार्यरत कर्मचारीलाई फैसला कार्यान्वयन सम्बन्धी छुट्टै विशेष आधारभूत तथा पुनर्ताजगी तालिमसम्म दिन सकिएको छैन । यो क्षेत्रमा विशेषज्ञताको विकास गर्न सकिएको छैन । तहसिलदारले फैसलाको मर्म र भावना अनुरूप काम गर्नुपर्ने, कानूनी व्यवस्थाको सहीरूपमा प्रयोग गर्नुपर्ने, फैसला कार्यान्वयनका अन्य सरोकारवालाको संयोजन र समन्वय गर्नुपर्ने हुन्छ । त्यसै गरी प्राविधिक प्रकृतिका काममा पनि जानकार हुनु पर्ने तथा दण्ड जरिवाना असुल तहसिलको क्रममा प्रहरी तथा प्रशासनका स्थानीय नेतृत्वसँग सहयोग लिनु पर्ने हुन्छ । यो काम सहायकस्तरको कर्मचारीबाट सम्पादन गर्नहुने प्रकृतिको नै होइन । हाम्रो संरचनागत व्यवस्था हेर्दा फैसला कार्यान्वयनको त्यति महत्वपूर्ण जिम्मेवारी रहेको तहसिल शाखा जिल्ला अदालतको एउटा फाँटको रूपमा रहेको छ । न यहाँ कुनै स्वीकृत दरबन्दी तालिका छ न आवश्यक स्थान नै प्राप्त गरेको स्थिति छ । न त निर्वाह गर्नुपर्ने जिम्मेवारी अनुरूपको स्रोत साधनको प्रबन्ध हुन सकेको छ न त सक्षम र दक्ष जनशक्ति नै यस कामका लागि परिचालन गरेको अवस्था छ । फैसला कार्यान्वयन सम्बन्धी परम्परागत कानूनी व्यवस्था र सो अनुरूपको कार्यशैलीले फैसला कार्यान्वयनको पक्ष प्रभावित भएको अवस्था छ । ७५ जिल्ला मध्ये २२ जिल्लामा मात्र अधिकृतस्तरका तहसिलदार रहेका छन् । अन्य ५३ जिल्ला अदालतमा अन्य सहायक कर्मचारीबाट काम चलाइएको स्थिति देखिन्छ । तहसिलदारको पदीय जिम्मेवारीको गहनताका आधारमा सबै अदालतमा अधिकृतस्तरको जनशक्तिबाट नै यो कार्य सम्पन्न गर्नुपर्नेमा हाम्रो दरबन्दी संरचना सो अनुरूप

हुन सकेको देखिँदैन । न्यायाधीशहरू फैसला गर्नमा नै पूर्ण रूपमा केन्द्रित हुनु पर्ने हुँदा कार्यान्वयनमा ध्यान दिन सकेको स्थिति छैन ।

अर्को तर्फ हाम्रा कानुन तथा योजना र नीतिले फैसला कार्यान्वयन छिटो छरितो रूपमा समयमा सम्पन्न गरिनु पर्ने अपेक्षा राखेको छ । तर कार्यसम्पादनका लागि तयार भएको पूर्वाधार हेर्दा यो लक्ष्य हासिल हुनसक्ने अवस्थै देखिँदैन । उपलब्ध जनशक्तिको अलावा यसले प्रयोग गर्ने भौतिक पूर्वाधार पनि अत्यन्त कमजोर रहेको छ । कार्यालय व्यवस्थापन पनि राम्ररी हुन सकेको छैन । निर्णय गर्ने अधिकारी र सहायक कर्मचारी एउटै टेबुलमा बस्नु परेको अवस्था पनि छ । तहसिल शाखाका प्रायः सबै कामका लागि सम्बन्धित ठाँउ (फिल्ड) मा नगइ सम्भव नै छैन । यसका लागि खटिने जनशक्तिलाई आर्थिक सुविधा, मसलन्द, सवारी साधन र सुरक्षा अत्यावश्यक र न्यूनतम रूपमा उपलब्ध हुनु पर्नेकुरा हुन् । सङ्गठन भित्रै महत्व नपाएको तहसिल शाखाका लागि यी व्यवस्थाहरू प्राप्त हुनु असम्भव जस्तै रहेको छ । फैसला कार्यान्वयनका लागि कर्मचारी फिल्ड जाने विषय सम्बन्धित पक्षको अग्रसरतामा निर्भर रहेको कुराप्रति हामी कोहि पनि अनभिज्ञ छैनौं । प्रायशः स्थलगत कार्यमा खटिइ रहने तहसिल शाखाको कर्मचारीले दैनिक भ्रमण भत्ता प्राप्त गर्ने विषयलाई सङ्गठनको नेतृत्व तथा व्यवस्थापकीय तहबाट नै नौलो रूपमा लिने गरिन्छ ।

आज सम्म पनि फैसला कार्यान्वयन न्यायपालिकाको मूल एजेण्डामा पर्न सकिरहेको छैन । हामी अझै पनि कार्यविधिमा सामान्य हेरफेर गरी सुधारका प्रयास भैरहेको भनिरहेका छौं । चालु मुद्दाको किनारामा नै हाम्रो सम्पूर्ण ध्यान केन्द्रित भएको अवस्था छ । कुन न्यायाधीशले कति मुद्दा छिन्यो भन्ने विषय नै समस्त मूल्याङ्कनको आधार बनेको छ । कर्मचारी तथा न्यायाधीशको मूल्याङ्कनको आधारमा फैसला कार्यान्वयनको कार्य प्रगतिलाई समावेश गर्न सकिएको छैन । पछिल्लो समयमा आएर रणनीतिक योजनामा यो विषयलाई समेटेको भए पनि वास्तवमै यो व्यवहारिक रूपमा कारगर हुन सकिरहेको पाइदैन ।

माथि उल्लेख गरे झैं फैसला कार्यान्वयनमा अन्य निकाय जस्तै स्थानीय निकाय र प्रहरीको अति नै महत्वपूर्ण सहयोग निरन्तर रूपमा लिइराख्नु पर्ने स्थिति छ । त्यसको लागि नियमित रूपमा ती निकायका तालुक निकायसँग सहयोग र समन्वय विकास गर्नुपर्ने हुन्छ । तर वर्तमान संरचनामा यो विषयले प्राथमिकता पाउन नसकेकोले स्थानीय रूपमा पनि पर्याप्त सहयोग पाउन सकिएको छैन । केन्द्रीय निकायले बेलाबेलामा स्थानीय विकास मन्त्रालय, प्रहरी प्रधान कार्यालय तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी सहयोगको आदान प्रदानलाई सहज गराइ दिन सके मात्र फैसला कार्यान्वयन प्रभावकारी हुनसक्ने अवस्था छ ।

अदालतमा कहिलै पनि फैसला कार्यान्वयनको लागि भनेर छुट्टै बजेट विनियोजन भएको देखिदैंन, गोश्वारा रूपमा गएको बजेट फैसला कार्यान्वयनका लागि कहिल्यै प्रयोग हुन सकेको देखिँदैन । दण्ड जरिवाना असुल तहसिल जस्तो अत्यन्त संवेदनशील विषयको अभिलेख व्यवस्थित गर्ने विषयमा कसैको ध्यान जान सकेको छैन । त्यस्तो महत्वपूर्ण लगत र अभिलेखको सुरक्षाका लागि कुनै प्रबन्ध गर्न सकिएको अवस्था छैन । विज्ञान र प्राविधिक विकासको यो चरणमा आइपुग्दा पनि हामी संस्थागत रूपमा प्रविधि सम्पन्न हुन सकेका छैनौं । कतिपय अदालतको श्रेस्ता आगो लागि सडेर वर्षौं देखिको अदालतको फैसला बमोजिम कसिएको लगत अभिलेख शून्य भएको अवस्था छ । त्यसैले केन्द्रीयस्तरबाटै अनुगमन

निर्देशन दिने प्रबन्ध गरी जिल्ला स्तरमा साधन स्रोतयुक्त छुट्टै फैसला कार्यान्वयन सम्बन्धी निकाय स्थापना गर्नुपर्ने आवाज उठेको हो ।

तहसिलदार जिल्ला न्यायाधीश मातहत रहने, अन्य सहायक कर्मचारी श्रेस्तेदार मातहत रहने, कमजोर भौतिक पूर्वाधार, साधन श्रोतको अभाव, सुरक्षाको कमी, केन्द्रीय अनुगमन तथा निर्देशन सम्बन्धी निकाय र फैसला कार्यान्वयन सम्बन्धी केन्द्रीय अभिलेखालयको अभाव जस्ता कमी कम्जोरीबाट यस सम्बन्धी छुट्टै केन्द्रीय निकायको आवश्यकता देखिएको हो । जुन कुरा उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८, कैद, दण्ड जरिवानाको लगत असुल फछ्र्योट गर्ने सम्बन्धी सुझाव समितिको प्रतिवेदन, २०६२, फैसला कार्यान्वन सम्बन्धी समस्या र समाधानका उपायहरू विषयक राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट भएको अध्ययन प्रतिवेदन, २०६५ र तीन वर्ष भन्दा कम कैद तथा जरिवानाको लगत फछ्र्यौट समितिको प्रतिवेदन, २०६५ समेतले फैसला कार्यान्वयनका लागि अधिकार तथा साधन श्रोत सम्पन्न छुट्टै निकाय हुनु पर्ने भनी प्रस्तुत गरेका सुझावहरूमा पनि यो पक्षलाई महत्वका साथ उठाइएको छ । फैसला कार्यान्वयनको गहनता र संवेदनशीलतालाई दृष्टिगत गरी दिइएका उल्लिखित सुझावहरू तथ्यमा आधारित रहेका देखिन्छन् । यसै पृष्ठभूमिमा रही फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन केन्द्रमा जिम्मेवार र उत्तरदायी केन्द्रीय निकायको स्थापना र जिल्लास्तरमा छुट्टै फैसला कार्यान्वयन एकाईको व्यवस्था हुनु पर्ने आवश्यकता टड्कारो रूपमा महशुश गरिएको हो । उल्लिखित विवेचनाका आधारमा हेर्दा देहायका कारणले फैसला कार्यान्वयन सम्बन्धी वर्तमान संरचनागत व्यवस्थामा सुधार गरी नयाँ संरचना निर्माण गर्नुपर्ने आवश्यकता देखिएको हो :

१. फैसला कार्यान्वयन सम्बन्धी तथ्याङ्कहरूबाट सन्तोषजनक रूपमा फैसला कार्यान्वयन हुन नसकेको ।
२. फैसला बमोजिमको दण्ड जरिवानाको लगत अभिलेख व्यवस्थित हुन नसकेको ।
३. फैसला कार्यान्वयन सम्बन्धी वर्तमान व्यवस्था तदर्थ प्रकारको मात्र देखिएको ।
४. फैसला कार्यान्वयन सम्बन्धी कामको निरिक्षण, अनुगमन र मूल्यांकन गर्ने प्रभावकारी निकायको अभाव देखिएको ।
५. विषयगत संवेदनशीलता हुँदा हुँदै पनि फैसला कार्यान्वयन न्याय प्रशासनको मूल धारमा रहन नसकेको ।
६. अदालत बाट भएको फैसला कार्यान्वयन हुन नसक्दा अदालत प्रतिको जनविश्वासमा ह्रास आउन थालेको ।
७. दण्ड जरिवाना असुल तहसिल हुन नसकेको ।
८. फैसला कार्यान्वयन सम्बन्धी कार्यविधिगत व्यवस्थामा सुधारका प्रयासहरू भए पनि कार्यान्वयन प्रकृयामा सुधार आउन नसकेको ।
९. यस अघिका अनुसन्धानमूलक अध्ययन प्रतिवेदनहरूबाट फैसला कार्यान्वयन सम्बन्धी छुट्टै निकायको व्यवस्था हुनुपर्ने सुझाव प्राप्त भएको ।

फैसला कार्यान्वयन सम्बन्धी संयन्त्रको संरचनात्मक स्वरूप, आवश्यक जनशक्ति, वित्तीय स्वरूप तथा अन्य निकाय संगको सहसम्बन्ध सम्बन्धमा यस पछिका परिच्छेदमा विस्तृत रूपमा उल्लेख गरिएको छ । ■

# ५ फैसला कार्यान्वयन निर्देशनालयको सङ्गठनात्मक स्वरूप र कार्य प्रणाली

५.१ फैसला कार्यान्वयन निर्देशनालय
५.२ फैसला कार्यान्वयन सम्बन्धी संरचनामा प्रहरी जनशक्तिको आवश्यकता
५.३ फैसला कार्यान्वयन जिल्ला एकाई
५.४ फैसला कार्यान्वयन निर्देशक समिति
५.५ फैसला कार्यान्वयन जिल्ला समन्वय समिति
५.६ कार्य प्रणाली
५.७ कर्मचारी व्यवस्थापन
५.८ सवारी साधन तथा अन्य सुविधा
५.९ पुरानो लगत व्यवस्थापन

न्याय प्रणाली भित्र फैसला कार्यान्वयनको अवस्था प्रभावकारी हनु नसकेको अवस्था यस अघिका विभिन्न अध्ययन अनुसन्धानले पहिचान गरिसकेको अवस्था छ । फैसला कार्यन्वयनमा देखिएका समस्याहरूलाई सम्बोधन गरी त्यस्ता समस्याहरूबाट मुक्ति पाउनका लागि यस अघि गरिएका कार्यविधिगत सुधारले कुनै प्रभावकारी परिवर्तन ल्याउन सकेको पाइएन । तसर्थ विद्यमान संरचनामा परिवर्तन गरी छुट्टै निकायको रूपमा केन्द्रमा फैसला कार्यान्वयन निर्देशनालय र जिल्लामा फैसला कार्यान्वयन एकाईको स्थापना गरिनु उपयुक्त देखिन्छ । ती निकायहरूका सङ्गठनात्मक स्वरूप र कार्य प्रणालीलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

## ५.१ फैसला कार्यान्वयन निर्देशनालय

१. फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्नका लागि सर्वोच्च अदालत मातहत रहने गरी एउटा विभाग स्तरको केन्द्रीय निकायको रूपमा फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरिनु उपयुक्त देखिन्छ ।

२. फैसला कार्यान्वयन निर्देशनालयमा नेपाल न्याय सेवा, न्याय समूहको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई महानिर्देशक तोकी सो निर्देशनालयको प्रमुखको जिम्मेवारी प्रदान गरिनु पर्दछ ।


३. महानिर्देशकको नियन्त्रण र निर्देशनमा रही काम गर्ने दुई जना निर्देशकहरू रहनेछन् । जसमा एक जना नेपाल न्याय सेवा, न्याय समूहको कम्तीमा पनि राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत राख्नु पर्ने र अर्को एक जना नेपाल प्रहरीको कम्तीमा प्रहरी वरिष्ठ उपरीक्षक राख्नुपर्ने देखिन्छ ।

४. निर्देशनालयमा केन्द्रीय लगत, अभिलेख तथा अनुगमन महाशाखा र दण्ड जरिवाना असुली तथा फैसला कार्यान्वयन सहयोग महाशाखा राखी महाशाखा प्रमुखको जिम्मेवारी निर्देशकहरूलाई दिइनु पर्दछ ।

५. केन्द्रीय लगत अभिलेख तथा अनुगमन महाशाखाको प्रमुखको रूपमा न्याय सेवाको निर्देशकले काम गर्ने र दण्ड जरिवाना असुली तथा फैसला कार्यान्वयन सहयोग महाशाखाको प्रमुखको कार्य प्रहरी तर्फको निर्देशकले गर्ने गरी तोकिनु पर्दछ ।

६. उल्लिखित शाखा अन्तर्गत विभिन्न फाँटहरू रहनेछन् । जसअनुसार फैसला कार्यान्वयन निर्देशनालयको सङ्गठन तालिका यसप्रकार हुनेछ :

**फैसला कार्यान्वयन निर्देशनालयको सङ्गठनात्मक स्वरूप**




७. न्याय प्रशासन सञ्चालनमा नागरिक प्रशासनको नियन्त्रणको अवधारणा अनुरूप निजामती तर्फका नेपाल न्याय सेवाका रा.प. प्रथम श्रेणीका अधिकृतले निर्देशनालयको प्रमुखको जिम्मेवारी लिई फैसला कार्यान्वयन सम्बन्धी सरोकारवालासँग समन्वयपूर्ण रूपमा कार्य सञ्चालन गर्नु पर्दछ ।

८. दण्ड जरिवानाको लगत अभिलेखलाई पनि सही र अध्यावधिक राख्न तथा त्यस्ता लगत विवरणलाई गलत रूपले प्रयोग हुन नदिन वा त्यस्तो लगत अभिलेखको शुद्धता कायम राख्न र सहि रूपमा लगत व्यवस्थापनमा समेत नागरिक प्रशासनको नियन्त्रण हुनु आवश्यक हुन्छ । फैसला कार्यान्वयनको सिलसिलामा महानिर्देशकले प्रहरी कर्मचारीलाई दिएको आदेश प्रहरी महानिरीक्षकले दिएको आदेश सरह हुने व्यवस्था गरिनु पर्दछ ।

## ५.२ फैसला कार्यान्वयन सम्बन्धी संरचनामा प्रहरी जनशक्तिको आवश्यकता

१. अदालतको फैसला अनुसार दण्ड जरिवाना लागेका व्यक्तिहरू नाम, थर, ठेगाना फरक परी वा लुकी छिपी अर्को स्थानमा बस्ने गरेको गुनासो प्रशस्त रूपमा सुनिंदै भोगिदै आएको विषय हो । अदालतमा रहेका सहायक स्तरका निहत्था कर्मचारीहरूबाट दण्ड जरिवाना लागेको व्यक्तिलाई पक्राउ गरी असुल तहसिल गर्न सकिने अवस्था पनि रहेको छैन । अदालतबाट कैद दण्ड जरिवानाको लगत तत्काल प्रहरी कार्यालयमा पठाउनु पर्ने दण्ड सजायको २३ नं. को कानूनी व्यवस्थाको पनि समुचित रूपमा प्रयोग हुन सकेको अवस्था छैन । अर्को तर्फ कतिपय जिल्ला अदालतले फैसला बमोजिमको लगत विवरण प्रहरीको केन्द्रीय निकाय प्रहरी प्रधान कार्यालयमा पठाएको अवस्थामा पनि सो निकायबाट अशुल तहसिल सम्बन्धमा कुनै प्रभावकारी परिणाम दिन सकेको अवस्था छैन ।

२. अर्को तर्फ अदालतका फैसला बमोजिमको दण्ड जरिवाना लागेका व्यक्तिहरूको अभिलेख राख्ने कुरामा एकरूपता कायम हुन सकेको अवस्था छैन । विगतमा भएको द्वन्द्वको क्रममा कतिपय अदालतहरूमा मिसिल तथा लगत विवरण नष्ट भई अदालतले

दण्ड जरिवाना किटान गरेका प्रमाण कागज र अभिलेख नै समाप्त भएको अवस्था रहेको छ । विगतको द्वन्द्वको क्रममा अछाम, अर्घाखाँची, जुम्ला र सोलुखुम्बु जिल्ला अदालतमा भएको घटनालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।

३. यसरी एकातिर लगत अभिलेख नै समाप्त भएर जानु, लगत कायम गर्ने कार्यमा एकरूपता नहुनु, वैज्ञानिक रूपले लगत विवरण राख्न नसक्नु, राखिएका लगतहरू पनि अध्यावधिक नहुनु अदालत व्यवस्थापन भित्रको समस्याको रूपमा रहेको देखिन्छ भने अर्को तर्फ दण्ड जरिवाना असुल तहसिलका लागि सवल संयन्त्र नहुनु, अदालतबाट खटिने कर्मचारीहरूले दण्ड जरिवाना उठाउन सक्ने अवस्थै नहुनु तथा यो विषयमा प्रहरी प्रशासन तथा सरकार उदासिन रहनु अर्को समस्याको रूपमा रहेको देखिन्छ ।

४. यो समस्यालाई समाधान गर्नका लागि वर्षौं अघिदेखि न्यायिक प्रहरीको आवश्यकता औंल्याइंदै आएको भए पनि यो विषय कहिल्यै कार्यान्वयनमा आएको अवस्था छैन । सधैं एउटै समस्याको व्याख्या गरेर मात्र कुनै पनि सङ्गठनको उपादेयता पुष्टि गर्न सकिंदैन । समस्यालाई समुचित रूपमा सम्वोधन गर्नसक्ने उपायलाई अवलम्बन गर्न उपयुक्त विकल्पहरूको खोजी गर्नु पर्दछ । यही विकल्पको खोजी गर्ने क्रममा सरोकारवालाहरूबाट प्राप्त पृष्ठपोषणका आधारमा समेत फैसला कार्यान्वयन निर्देशनालयमा प्रहरी अधिकृत तथा जवान समेतको दरबन्दीको व्यवस्था हुनुपर्ने निश्कर्षमा पुगिएको हो ।

५. माथि नै चर्चा गरिसकिएको छ कि फैसला कार्यान्वयनको अवस्था सन्तोषजनक नभएको र त्यसमा पनि दण्ड जरिवाना असुली तर्फको अवस्था झनै चिन्ताजनक रहेको छ । अदालतबाट भएका फैसलाहरू कार्यान्वयन हुन नसके यसको औचित्यमा प्रश्न खडा हुन सक्छ । केवल दण्ड जरिवानाको विवरण लगत कितावमा सीमित हुनुहुदैन । सबैभन्दा पहिले त लगत व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । दण्ड जरिवानाको केन्द्रीय अभिलेख व्यवस्थित हुँदै जाँदा त्यस्तो व्यवस्थित अभिलेखलाई असुल तहसिल तर्फ प्रयोग र परिचालन गर्न सरकारी शक्तिको सक्रियता आवश्यक पर्दछ । प्रहरी वलको परिचालन र प्रहरी एकाईसंगको सम्पर्क र समन्वयका लागि प्रहरी अधिकृतलाई नै जिम्मेवार बनाउँदा सकारात्मक परिणाम देखिन सक्छ ।

६. अहिले भइरहेको प्रहरी संरचनामा लगत पठाउदा पनि फैसला बमोजिम दण्ड जरिवाना लागेका व्यक्तिहरू पक्राउ परी नआउनुको प्रमुख कारण यो विषय प्रहरी सङ्गठनको प्राथमिकतामा नपरी अन्य कार्य र जिम्मेवारीको प्राथमिकतामा परेकाले गर्दा हो । त्यसैले यसै विषयमा निरन्तर लागि रहन, असुल तहसिल सम्बन्धी कार्यक्रम र रणनीति बनाउन, प्रहरी शक्तिलाई परिचालन गर्न र अदालत र प्रहरी बीच सञ्चार समन्वय र सहयोगको वातावरण निर्माण गर्न फैसला कार्यान्वयन निर्देशनालयमा उच्च अधिकृत सहितको प्रहरी कर्मचारीको व्यवस्था गर्नुपर्ने बाध्यात्मक अवस्था आइपरेको हो ।

७. जसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा पहिलेको विशेष प्रहरी विभागले प्रहरीलाई भ्रष्टाचार नियन्त्रणको अनुसन्धान कार्यमा आफ्नो शक्तिको रूपमा प्रयोग गरेको छ । त्यसै गरी अदालतले पनि प्रहरीलाई फैसला कार्यान्वयनमा प्रयोग गर्न सक्नु पर्दछ । कानूनको शासन कायम गर्ने कार्यमा सबै पक्षको उत्तिकै जिम्मेवारी रहेको हुन्छ ।

८. प्रहरी वरिष्ठ उपरीक्षकको दरबन्दी व्यवस्था पनि निश्चित आधारमा गरिएको छ । एक त यो नीतिगत तहको पद हो जसले दण्ड जरिवाना असुल तहसिल गर्ने नीति निर्माणमा

महत्वपूर्ण योगदान दिन सक्दछ । अर्कोतर्फ फैसला कार्यान्वयन तथा दण्ड जरिवाना असुल तहसिलका लागि विशेषतः जिल्ला स्तरको प्रहरी वलको सहयोग अत्यन्त आवश्यक रहन्छ । जिल्लास्तरको प्रहरी प्रमुखमा प्रहरी नायव उपरीक्षक र प्रहरी उपरीक्षकहरू रहने हुँदा उनीहरूलाई समेत सहज रूपमा परिचालन गर्नका लागि यो दरबन्दी प्रस्ताव गरिएको हो भने प्रहरी सेवाको उच्च अधिकृतको रूपमा रहने व.प्र.उ. ले प्रहरी प्रधान कार्यालय सँग पनि सहज रूपमा सहयोग जुटाउन समन्वय र कायम गर्नसक्ने अवस्था रहने अवस्थालाई पनि यहाँ दृष्टिगत गरिएको छ ।

९. फैसला कार्यान्वयन निर्देशनालयले पृथक रूपमा छुट्टै केन्द्रीय निकायको कार्य गर्ने भएता पनि तत्कालीन रूपमा न्याय सेवाको मौजुदा दरबन्दीलाई नै समायोजन गरी जनशक्ति व्यवस्था गर्न सकिने अवस्था रहन्छ भने प्रहरी तर्फ पनि गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयसँग समन्वय गरी मौजुदा दरबन्दीबाटै अहिलेको सङ्गठन संरचनालाई पूर्णता दिन सकिने हुन सक्छ ।

१०. फैसला कार्यान्वयन निर्देशनालयलाई वैधानिक रूप दिन तत्कालका लागि सर्वोच्च अदालत नियमावलीमा विशेष व्यवस्था थप गरी कार्यान्वयनमा लैजान सकिने अवस्था रहन्छ । सो नियमावलीमा समावेश गर्नुपर्ने विषयलाई परिच्छेद ६ मा प्रस्ताव गरिएको छ ।

## ५.३ फैसला कार्यान्वयन जिल्ला एकाई

१. फैसला कार्यान्वयनसम्बन्धी विद्यमान संरचना हेर्दा हरेक जिल्ला अदालतमा फैसला कार्यान्वयनका लागि तहसिल शाखाको व्यवस्था गरिएको छ । श्रेस्तेदारको प्रत्यक्ष नियन्त्रणमा रहने यो शाखामा आवश्यकता अनुसार तहसिल फाँट, असुल तहसिल फाँट र जिन्सी धरौटी तथा अभिलेख संरक्षण फाँट समेत रहने व्यवस्था जिल्ला अदालत नियमावली, २०५२ को नियम ६ (३) मा गरिएको छ । अदालतका अन्य शाखा जस्तै एउटा शाखाको रूपमा रहने तहसिल शाखाको जिम्मेवारी भने सोही नियमावलीको नियम ८ र नियम ६८ ले तहसिलदारलाई प्रदान गरेको अवस्था छ ।

२. व्यवहारमा तहसिल शाखा जिल्ला अदालतको एउटा फाँटको रूपमा रहेको छ । जिल्ला न्यायाधीश र श्रेष्तेदारले तोकिदिएका केही सहायक कर्मचारीको सहयोगमा तहसिलदारले फैसला कार्यान्वयनको कार्य सम्पन्न गर्नु परेको अवस्था छ । फैसला बमोजिमको दण्ड जरिवाना असुलीका लागि छुट्टै जनशक्ति रहेको अवस्था छैन । यो निकायले फैसला कार्यान्वयन प्रभावकारी रूपमा गर्न नसकेको विषयमा यस अघिका परिच्छेदमा विवेचना गरिसकिएको छ ।

३. फैसला कार्यान्वयनको जिम्मेवारी दिइएको यो शाखामा समुचित श्रोत साधनको अभाव रहेको अवस्था छ भने अदालतको सम्पूर्ण ध्यान मुद्दाको कारवाही र किनारामा केन्द्रित भई फैसला कार्यान्वयनको पक्ष उपेक्षित भएको अवस्था रहेको छ । अहिले कायम भएको यो सानो र उपेक्षित संरचनाबाट कार्यविधिमा जति सुधार गरे पनि फैसला कार्यान्वयनमा सुधार हुन नसक्ने अवस्था देखिंदा जिल्लास्तरमा पनि फैसला कार्यान्वयन एकाईको व्यवस्था गरिनु उपयुक्त देखिन्छ ।

४. हरेक जिल्लामा छुट्टै फैसला कार्यान्वयन एकाई कार्यालयको स्थापना गर्दा अनावश्यक रूपमा थप संरचना सिर्जना भई कार्यालय सञ्चालन खर्चमा वृद्धि हुने अवस्था हुँदा

तत्काललाई जिल्ला अदालत अन्तर्गत नै रहने गरी छुट्टै फैसला कार्यान्वयन एकाईको स्थापना गरिनु पर्दछ ।

५. फैसला कार्यान्वयन एकाईमा फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तको संरचनाको आधारमा विभिन्न वर्गमा विभाजन गरिनु पर्दछ । जस अनुसार :

- फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तको संख्याको आधारमा १०० सम्म दर्खास्त लगत भएका जिल्लालाई 'घ' वर्गमा, १०० भन्दा बढी ३०० सम्म दर्खास्त लगत भएका जिल्लालाई 'ग' वर्गमा, ३०० भन्दा बढी ७०० सम्म दर्खास्त लगत भएका जिल्लालाई 'ख' वर्गमा, ७०० भन्दा बढी दर्खास्त लगत भएका जिल्लालाई 'क' वर्गमा वर्गीकरण गरी प्रत्येक वर्गका लागि छुट्टाछुट्टै दरबन्दी र स्रोत साधनको व्यवस्था गरिनु पर्दछ ।

६. दरबन्दी विवरण यस प्रकार हुनु उपयुक्त हुनेछ –

**'क' वर्गको फैसला कार्यान्वयन एकाई**

| निजामती तर्फ | | प्रहरी तर्फ | |
|---|---|---|---|
| फैसला कार्यान्वयन अधिकारी (रा.प.द्वि ) | १ जना | प्र. नि. | १ जना |
| ना.सु. | ५ जना | प्र.ना.नि. | १ जना |
| डिठ्ठा | ६ जना | प्र.स.नि. | २ जना |
| अमिन | १ जना | प्र.ह. र प्र.ज. | ६ जना |
| कार्यालय सहयोगी | २ जना | | |
| **जम्मा** | **१५ जना** | | **१० जना** |

**'ख' वर्गको फैसला कार्यान्वयन एकाई**

| निजामती तर्फ | | प्रहरी तर्फ | |
|---|---|---|---|
| फैसला कार्यान्वयन अधिकारी (रा.प.तृ) | १ जना | प्र.ना.नि. | १ जना |
| ना.सु. | ३ जना | प्र.स.नि. | १ जना |
| डिठ्ठा | ४ जना | प्र.ह. र प्र.ज. | ५ जना |
| अमिन | १ जना | | |
| कार्यालय सहयोगी | २ जना | | |
| **जम्मा** | **११ जना** | | **७ जना** |

**'ग' वर्गको फैसला कार्यान्वयन एकाई**

| निजामती तर्फ | | प्रहरी तर्फ | |
|---|---|---|---|
| फैसला कार्यान्वयन अधिकारी रा.प.तृ | १ जना | प्र.स.नि. | १ जना |
| ना.सु. | २ जना | प्र.ह. र प्र.ज. | ४ जना |
| डिठ्ठा | ३ जना | | |
| कार्यालय सहयोगी | २ जना | | |
| जम्मा | ८ जना | | ५ जना |

**'घ' वर्गको फैसला कार्यान्वयन एकाई**

| निजामती तर्फ | | प्रहरी तर्फ | |
|---|---|---|---|
| फैसला कार्यान्वयन अधिकारी (रा.प.तृ.) | १ जना | प्र.स.नि. | १ जना |
| ना.सु. | १ जना | प्र.ह. र प्र.ज. | ४ जना |
| डिठ्ठा | २ जना | | |
| कार्यालय सहयोगी | १ जना | | |
| **जम्मा** | **५ जना** | | **५ जना** |

७. फैसला कार्यान्वयन एकाईमा खटिने जनशक्ति मध्ये प्रहरी कर्मचारी बाहेकका जनशक्तिहरू सम्बन्धित अदालतको मौजुदा दरबन्दीबाटै मिलान गर्ने तथा नपुग हुने दरबन्दी अदालतको दरबन्दीबाट समायोजन गरी गर्दा थप व्ययभार नपर्ने अवस्था रहन्छ ।

८. कैद जरिवाना लागेका व्यक्तिहरूलाई पक्राउ गरी ल्याउन तथा फैसला कार्यान्वयनको क्रमका डोर कार्यमा बल प्रयोग गर्न र उचित सुरक्षाको प्रबन्ध गर्न फैसला कार्यान्वयन एकाईमा प्रहरी दरबन्दीको प्रस्ताव गरिएको हो । फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तको संख्याको आधारमा माथि उल्लेख भए बमोजिम 'क' वर्गको एकाईमा प्रहरी निरीक्षकको नेतृत्वमा १० जना, 'ख' वर्गको एकाइमा प्र.ना.नि. को नेतृत्वमा ७ जना, 'ग' वर्गमा प्र.स.नि. को नेतृत्वमा ५ जना र 'घ' वर्गमा प्र.स.नि.को नेतृत्वमा ५ जना प्रहरी कर्मचारीको व्यवस्था प्रस्ताव गरिएको छ ।

९. यसरी फैसला कार्यान्वयन एकाईमा प्रहरी अधिकृत सहितको जनशक्ति रहदा सुरक्षा व्यवस्था प्रभावकारी हुने, स्थलगत कार्य सम्पन्न गर्न सहज हुने तथा थप प्रहरीवल प्रयोग गर्न सम्बन्धित प्रहरी कार्यालयहरू बीच समन्वय र सहयोग आदान प्रदान तथा सञ्चारका लागि सहज हुने देखिन्छ भने सुरक्षाको अभाव देखाई फैसला कार्यान्वयन गर्न नसकिएको अवस्थामा पनि यसले सहयोग पु-याउन सक्ने हुन्छ ।

१०. नागरिक प्रशासनको नियन्त्रणको अवधारणा अनुरूप यसरी फैसला कार्यान्वयन एकाईमा खटिने प्रहरी कर्मचारीलाई आदेश, निर्देशन र नियन्त्रण गर्ने कार्य तहसिलदारले गर्ने र तहसिलदारले फैसला कार्यान्वयनको क्रममा दिएको आदेश प्रहरी कर्मचारीका लागि प्रहरी महानिरीक्षकले दिए सरह नै हुने व्यवस्था गरिनु पर्दछ ।

११. प्रहरी कर्मचारीको दरबन्दी व्यवस्थापनका लागि गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयसँग समन्वय गरिनु पर्दछ । नयाँ दरबन्दी प्रस्ताव गर्दा सो को स्वीकृति र कार्यान्वयनमा लामो समय लाग्ने र यो धेरै खर्चिलो पनि हुन जाने हुदाँ तत्कालीन उपाय अन्तर्गत मौजुदा दरबन्दी मध्ये बाटै प्रहरी प्रधान कार्यालयले केन्द्रमा र प्रहरी प्रधान कार्यालय सँग समन्वय गरी जिल्ला प्रहरी कार्यालयले सम्बन्धित जिल्लामा आवश्यक प्रहरी काज खटाई पठाउने व्यवस्था मिलाउनु पर्दछ ।

१२. दण्ड जरिवानाको लगत नियन्त्रण र व्यवस्थापनको कार्य तहसिलदारले न्याय सेवाका कर्मचारी मार्फत गर्ने र सो बमोजिमको असुल तहसिल गर्ने तथा फैसला कार्यान्वयनका लागि खटिने डोर कर्मचारी सँग मात्र यस्तो प्रहरी वल परिचालन गरिने व्यवस्था गर्नु पर्दछ ।

१३. गत आ.व. २०६३।६४ र ०६४।६५ को वार्षिक प्रतिवेदनका आधारमा हेर्दा देहायका जिल्लाहरू देहायको वर्गमा पर्ने देखिन्छ ।

| क वर्गमा पर्ने जिल्लाहरू | ख वर्गमा पर्ने जिल्लाहरू | ग वर्गमा पर्ने जिल्लाहरू | घ वर्गमा पर्ने जिल्लाहरू |
|---|---|---|---|
| सप्तरी, धनुषा, महोत्तरी, काठमाडौं | मोरङ, सुनसरी, सिराहा, सर्लाही, वारा, रौतहट, पर्सा, रूपन्देही, कपिलवस्तु, बाँके | झापा, भक्तपुर, ललितपुर, कास्की, नवलपरासी, वर्दिया, कञ्चनपुर | ताप्लेजुङ, पाँचथर, इलाम संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, उदयपुर, सिन्धुली, रामेछाप, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, रसुवा, दोलखा, म्याग्दी, मुस्ताङ, गोरखा, तनहुँ, लमजुङ, मनाङ, स्याङ्जा, पर्वत, वाग्लुङ, गुल्मी, अर्घाखाँची, पाल्पा, रूकुम, रोल्पा, सल्यान, प्युठान, दाङ, दैलेख, सुर्खेत, जाजरकोट, हुम्ला जुम्ला, मुगु, डोल्पा, कालिकोट, बझाङ, बाजुरा, डोटी, अछाम, कैलाली, दार्चुला, वैतडी, डडेलधुरा |
| **जम्मा ४ जिल्ला** | **जम्मा १० जिल्ला** | **जम्मा ७ जिल्ला** | **जम्मा ५४ जिल्ला** |

१४. वर्दिया, कैलाली, कञ्चनपुर र कपिलवस्तुमा चालु मुद्दा ५०० भन्दा कम देखिएकोले सो अदालतको रा.प.द्वि. श्रेणीको श्रेस्तेदारको दरबन्दीलाई सप्तरी, धनुषा, महोत्तरी र काठमाडौंको फैसला कार्यान्वयन अधिकारीको दरबन्दी कायम गर्ने उपयुक्त देखिन्छ । ती जिल्लामा रहेका तहसिलदार शाखा अधिकृतको दरबन्दीलाई सोही जिल्लाको श्रेस्तेदारमा परिणत गरी श्रेस्तेदार बाटै फैसला कार्यान्वयन अधिकारीको काम समेत गर्ने व्यवस्था गरिनु पर्दछ ।

१५. 'घ' वर्गमा परेका ५४ जिल्लामा जिल्ला अदालतका स्रेस्तेदारलाई नै फैसला कार्यान्वयन अधिकारीको जिम्मेवारी दिई अधिकृतमूलक व्यवस्था लागू गरिनु उपयुक्त हुन्छ । फैसला कार्यान्वयन अधिकारीले सम्पादन गर्नुपर्ने कार्य प्रकृतिका आधारमा हेर्दा पनि यो जिम्मेवारी अधिकृतस्तरको कर्मचारीलाई प्रदान गरिनु अत्यन्त आवश्यक छ । राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा गरिएको अनुसन्धान मूलक अध्ययनबाट पनि फैसला कार्यान्वयनको जिम्मेवारी अधिकृत स्तरकै कर्मचारीबाट गरिनु पर्ने र अधिकृत स्तरको तहसिलदार नभएका अदालतमा श्रेस्तेदारले नै फैसला कार्यान्वयनको कार्य सम्पादन गर्न उपयुक्तहुने सुझाव दिएको पाइन्छ ।

## ५.४ फैसला कार्यान्वयन निर्देशक समिति

१. फैसला कार्यान्वयन सम्बन्धी नीतिगत निर्देशन दिन तथा फैसला कार्यान्वयन सम्बन्धी सरोकारवालाहरूको केन्द्रीय निकाय बीच समन्वय कायम गर्नका लागि केन्द्रमा देहाय बमोजिम फैसला कार्यान्वयन निर्देशक समिति रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ :

| | |
|---|---|
| प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश | संयोजक |
| महान्यायाधिवक्ता | सदस्य |
| सर्वोच्च अदालतका रजिष्ट्रार | सदस्य |
| गृह मन्त्रालयका सचिव | सदस्य |
| स्थानीय विकास मन्त्रालयका सचिव | सदस्य |
| प्रहरी महानिरीक्षक | सदस्य |
| महानिर्देशक, फैसला कार्यान्वयन निर्देशनालय | सदस्य सचिव |

२. फैसला कार्यान्वयन निर्देशक समितिको कार्य क्षेत्र देहाय बमोजिम तोकिनु पर्दछ :

- फैसला कार्यान्वयन निर्देशनालयको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।
- फैसला कार्यान्वयन लाई प्रभावकारी बनाउन नीतिगत निर्देशन दिने ।
- फैसला कार्यान्वयन सम्बन्धी कानुनी व्यवस्थाको पुनरावलोकन गर्ने तथा कानुनी व्यवस्थामा आवश्यक संशोधन तथा नयाँ कानुनको निर्माणका लागि सिफारिस गर्ने ।
- फैसला कार्यान्वयन सम्बन्धी सरोकारवालाहरू बीच समन्वय कायम गर्ने ।

फैसला कार्यान्वयन निर्देशक समितिको बैठक कम्तीमा ३ महिनामा एक पटक बस्नेछ । संयोजकको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउने छन् ।

## ५.५ फैसला कार्यान्वयन जिल्ला समन्वय समिति

१. जिल्ला स्तरमा फैसला कार्यान्वयन सम्बन्धी काम कारवाही व्यवस्थित गर्न तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशन दिने र सरोकारवाला निकायहरू बीच समन्वय कायम गर्नका लागि देहाय बमोजिमको फैसला कार्यान्वयन जिल्ला समन्वय समितिको व्यवस्था गरिनु पर्दछ :

| | |
|---|---|
| जिल्ला न्यायाधीश | संयोजक |
| स्थानीय विकास अधिकारी | सदस्य |
| जिल्ला न्यायाधिवक्ता | सदस्य |
| जिल्ला प्रहरी कार्यालयका प्रमुख | सदस्य |
| मालपोत कार्यालयका प्रमुख | सदस्य |
| फैसला कार्यान्वयन अधिकारी | सदस्य सचिव |

यस समितिमा सम्बन्धित भूमी सुधार कार्यालयका प्रमुख, नापी शाखाका प्रमुख, कारागार कार्यालयका प्रमुख, वन कार्यालयका प्रमुखलाई समेत आमन्त्रण गर्न सकिने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

## ५.६ कार्य प्रणाली

१. फैसला कार्यान्वयन निर्देशनालयले लगत अभिलेख शाखा अन्तर्गत क्षेत्रगत रूपमा फाँट खडा गरी हरेक जिल्लाको अशुल गर्न बाँकी दण्ड जरिवानाको विवरण संङ्कलन गरी अद्यावधिक रूपमा राख्नु पर्नेछ ।

२. त्यसरी राखिएको लगत विवरणलाई नियमित रूपमा निर्देशनालयको असूल तहसिल शाखालाई उपलब्ध गराउनु पर्नेछ र प्रत्येक महिना ५ वर्ष वा सो भन्दा माथिको कैद तथा रू ५०,०००।- वा सो भन्दा माथिको जरिवानाको विवरण सार्वजनिक रूपमा प्रकाशित समेत गर्ने व्यवस्था गरिनु पर्दछ ।

३. असुल तहसिल शाखाले त्यस्तो विवरण प्राप्त गरे पछि त्यस्तो लगत लागेको व्यक्तिलाई पक्राउ गर्न आफैँ क्रियाशील हुने वा अन्य प्रहरी कार्यालयको जनशक्ति समेत परिचालन गर्नसक्ने गरी अधिकार प्रदान गरिनु पर्दछ ।

४. फैसला कार्यान्वयन निर्देशनालयले फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तको मासिक प्रगति विवरण सम्बन्धित कार्यान्वयन एकाई बाट झिकाई तथ्याङ्कीय अभिलेख अद्यावधिक गरी राख्नु पर्ने हुन्छ ।

५. फैसला कार्यान्वयनको क्रममा दुई वर्ष भन्दा बढी समय सम्म कार्यान्वयन हुन नसकेका मुद्दाहरूको विवरण समेत निर्देशनालयले अद्यावधिक गरी सरोकारवाला सबै पक्षसँग सहयोग र समन्वय कायम गरी कार्य फछ्र्यौट गर्न निर्देशित गर्नुपर्ने हुन्छ । यसक्रममा आइ पर्ने समस्याको समाधानका लागि निर्देशनालयले आवश्यक सहयोगको प्रबन्ध समेत गर्नुपर्ने हुन्छ ।

६. दण्ड जरिवानको लगत अभिलेखलाई सूचना प्रविधि सँग आबद्ध गर्नका लागि सर्वोच्च अदालतको सूचना प्रविधि संयन्त्रसँग समन्वय गरी उपयुक्त सफ्टवेयर निर्माण गर्ने र जिल्लागत रूपमा दण्ड जरिवानाको लगत व्यवस्थित गरी सरोकारवाला निकायहरू प्रहरी प्रशासन, मालपोत, भूमि सुधार, जिविस, राजश्व जस्ता निकायहरूलाई त्यस्तो लगत पठाउने तथा ती निकायहरूले सार्वजनिक सेवा प्रवाह गर्दा सो लगत समेत भिडाउनु पर्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

७. फैसला कार्यान्वयन अधिकारीले गरेको अन्तिम आदेश उपर त्यस्तो आदेश गरेको मितिले १५ दिन भित्र जिल्ला न्यायाधीश समक्ष उजुर लाग्ने व्यवस्था कायम गरी हाल प्रचलनमा रहेको दण्ड सजायको ६१ र अदालती बन्दोबस्तको १७ नं.को दुरूपयोगलाई नियन्त्रित गरिनु पर्दछ ।

८. फैसला कार्यान्वयन इकाईको लागि स्पष्ट रूपमा आधार खोली छुट्टै बजेट विनियोजन (दैनिक भ्रमण भत्ता, फिल्ड भत्ता र अन्य कार्यालय व्यवस्थापन खर्च) गरिनु पर्दछ र अदालत परिसर भित्रै कार्य सञ्चालनको व्यवस्थाको लागि आवश्यक स्थान समेत प्राथमिकतापूर्वक उपलब्ध गराइनु पर्दछ ।

९. सम्बन्धित गा.वि.स. र नगरपालिकामा दण्ड जरिवानाको लगत विवरण पठाई सो विवरण सार्वजनिक गर्ने प्रबन्ध गरिनु पर्दछ । गा.वि.स. र नगरपालिकाबाट कैद जरिवाना असुल भै आएमा सोको निश्चित प्रतिशत रकम असुल गरी ल्याउने निकायले पाउने व्यवस्था गर्न सकिन्छ ।

## ५.७ कर्मचारी व्यवस्थापन

१. फैसला कार्यान्वयन निर्देशनालयका लागि आवश्यक न्यायिक जनशक्ति तत्कालका लागि सर्वोच्च अदालत तथा मातहत अदालतहरूबाट काजमा ल्याई पूर्ति गर्न सकिन्छ । प्रहरी तर्फको दरबन्दी पूर्तिका लागि पनि प्रहरी सङ्गठनको मौजुदा दरबन्दीबाटै काजमा ल्याई काम गर्न सकिने व्यवस्था गरिनु पर्दछ । दण्ड जरिवानाको केन्द्रीय लगत अभिलेख व्यवस्थापनका लागि आवश्यक कम्प्युटर अपरेटर उपलब्ध हुन नसक्ने भएमा सेवा करारबाट लिन सकिन्छ ।

२. फैसला कार्यान्वयन एकाईको जनशक्ति व्यवस्था सम्बन्धित जिल्ला अदालतको दरबन्दी बाटै गर्न सकिन्छ । कामको चापको आधारमा कम काम भएका अदालतमा भएको दरबन्दी लाई यसमा समायोजन गर्न सकिन्छ ।

३. फैसला कार्यान्वयन ईकाइमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्दा सुपरिवेक्षकको रूपमा फैसला कार्यान्वयन अधिकारीले मूल्याङ्कन गर्ने गरी सम्बन्धित नियमावलीमा संशोधन गर्नु पर्दछ ।

४. फैसला कार्यान्वयन निर्देशनालय तथा फैसला कार्यान्वयन इकाइमा कार्यरत हरेक जनशक्तिको छुट्टाछुट्टै कार्य विवरण तयार गरी व्यवहारमा लागू गर्नु पर्दछ । कार्य सम्पादनका आधारमा कर्मचारीको वस्तुगत मूल्यांकन गर्ने व्यवस्था गरिनु पर्दछ ।

५. फैसला कार्यान्वयन निर्देशनालय तथा एकाईको स्थापना भई कार्य प्रारम्भ भए पछि स्थायी दरबन्दी व्यवस्थाका लागि छुट्टै सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अध्ययनबाट प्राप्त सुझावका आधारमा नयाँ दरबन्दी व्यवस्था गरिनु पर्दछ । फैसला कार्यान्वयन निर्देशनालय वा एकाईमा खटिने सवै जनशक्तिलाई प्रारम्भमा सात दिने आधारभूत प्रशिक्षणको व्यवस्था गरी हरेक वर्ष तीन दिने पुनर्ताजगी तालिम सञ्चालन गरिनु पर्दछ ।

## ५.८ सवारी साधन तथा अन्य सुविधा

१. पहिलो चरणमा "क" वर्गका फैसला कार्यान्वयन एकाईलाई पिक अप मोटर उपलब्ध गराउनु पर्दछ । त्यस्तो सवारी साधनको प्रयोगका लागि फैसला कार्यन्वयन अधिकारीको लिखित आदेश अनिवार्य रूपमा हुनु पर्ने,सवारी सञ्चालन र सो क्रममा सम्पन्न भएको कामको विवरण छुट्टै अभिलेखमा राख्नु पर्दछ । फैसला कार्यान्वयनको काममा बाहेक अन्य काममा यस्तो सवारी साधन प्रयोग गर्न नपाईने व्यवस्था गरिनु पर्दछ ।

२. पहिलो चरणमा प्रदान गरिएको यस्तो सवारी साधनको प्रभावकारिताको विश्लेषण गरी उपयुक्त देखिए दोस्रो चरणमा "ख" वर्गका एकाईलाई र तेस्रो चरणमा "ग" वर्गका एकाईलाई यस्तो सवारी साधन उपलब्ध गराउन सकिन्छ । सवारी साधन चल्ने "घ" वर्गका जिल्लामा फैसला कार्यान्वयनका लागि सवारी साधनको आवश्यकता परेमा सर्वोच्च अदालत वा सम्बन्धित पुनरावेदन अदालत सँग समन्वय गरी नजिकको जिल्लाको सवारी साधन प्रयोग गर्न सकिन्छ ।

३. फैसला कार्यान्वयनमा डोर खटिने प्रयोजनका लागि "क" वर्गलाई तीन थानका दरले, "ख" वर्गका लागि दुई थानका दरले र "ग" वर्गका लागि एक थानका दरले मोटर साइकल उपलब्ध गराई सोका लागि आवश्यक पर्ने इन्धन तथा मर्मत सम्भार खर्च समेत छुट्टै उपलब्ध गराइनु पर्दछ । यसरी उपलब्ध गराइएको मोटर साइकल पनि फैसला कार्यान्वयनको सिलसिलामा मात्र प्रयोग गर्न पाउने र अदालतको वा कर्मचारीको व्यक्तिगत काममा प्रयोग गर्न नपाउने गरी नियन्त्रित गरिनु पर्दछ ।

४. फैसला कार्यान्वयनमा स्थलगत काममा खटिने कर्मचारीका लगि आवश्यक दैनिक तथा भ्रमण भत्ताको व्यवस्था गरिनु पर्दछ । यस्तो रकम फैसला कार्यान्वयन अधिकारीको सिफारिसमा मात्र खर्च गर्न पाउने व्यवस्था गरिनु पर्दछ ।

## ५.९ पुरानो लगत व्यवस्थापन

१. वर्षौं अघि देखिको दण्ड जरिवानाको लगत कायम रहेको र पुरानो लगत व्यवस्थापन गर्नु आवश्यक देखिएको हुदाँ त्यस्तो लगतलाई व्यवस्थित गर्नका लागि देहाय बमोजिमको कार्यक्रम लागू गर्न सकिन्छ :

क. ५० वर्ष वा सो भन्दा अधिको फैसलाले कायम भएको कैद जरिवाना वा सरकारी बिगो दाखिल गर्न ल्याएमा ७५ प्रतिशत छुट दिई २५ प्रतिशत मात्र असुल गरी लगत कट्टा गर्ने ।

ख. ३० वर्ष देखि ५० वर्ष अघिको फैसला बमोजिम कायम भएको कैद जरिवाना र सरकारी बिगो दाखिल गर्न ल्याएमा ५० प्रतिशत छुट दिई बाँकी ५० प्रतिशत असुल गरी लगत कट्टा गर्ने ।

ग. २० वर्षदेखि ३० वर्ष अघिको फैसला बमोजिम कायम भएको कैद जरिवाना र सरकारी बिगो दाखिला गर्न ल्याएमा ४० प्रतिशत छुट दिई बाकी ६० प्रतिशत असुल गरी लगत कट्टा गर्ने ।

घ. माथि उल्लेख भए बमोजिमको असुल गर्नुपर्ने दण्ड जरिवाना तथा सरकारी बिगो डोर बाट वा अरू जो कोहीबाट असुल तहसिल भै आएमा त्यसरी असुल तहसिल भएको कैद महिना एकको रू ५०० का दरले जरिवाना तथा सरकारी बिगोको हकमा असुल भएको रकमको क्रमशः ५०, ४० र ३० प्रतिशतका दरले प्रोत्साहन बापत असुल तहसिल गर्ने पक्षलाई प्रदान गर्ने व्यवस्था गर्ने । ■

# ६ फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गर्दा सुधार गर्नुपर्ने ऐन कानूनहरू

६.१ सर्वोच्च अदालत नियमावली संशोधन

## तत्कालीन सुधारका उपायहरू

फैसला कार्यान्वयन सम्बन्धी निर्देशनालय र फैसला कार्यान्वयन इकाइको स्थापना गर्नका लागि तत्कालीन रूपमा सर्वोच्च अदालत नियमावली र जिल्ला अदालत नियमावलीमा संशोधन गरी कार्य प्रारम्भ गर्न सकिने अवस्था रहन्छ । तर मुलुकी ऐन लगायत अन्य ऐन नियम र कार्यविधिमा संशोधन गरी फैसला कार्यान्वयन सम्बन्धमा छुट्टै ऐन नियम निर्माण गरी फैसला कार्यान्वयन गर्नुपर्ने विषय भने दीर्घकालीन सुधारका विषय भित्र पर्दछन् । प्रस्तुत अध्ययनमा तत्कालीन सुधारका उपायहरूलाई दृष्टिगत गरी अदालत नियमावलीहरूमा सुधारको प्रस्ताव गरिएको छ ।

## ६.१ सर्वोच्च अदालत नियमावलीमा संशोधन

फैसला कार्यान्वयन सम्बन्धी निर्देशनालयको स्थापनाको लागि सर्वोच्च अदालत नियमावलीमा देहाय बमोजिमको संशोधन गरिनु पर्दछ :

**नियम २ परिभाषा खण्डमा थप**

ञ) "निर्देशनालय" भन्नाले नियम १०५क. बमोजिम स्थापना भएको फैसला कार्यान्वयन निर्देशनालयलाई बुझाउने छ ।

ट) "निर्देशक समिति" भन्नाले नियम १०५घ. बमोजिमको फैसला कार्यान्वयन निर्देशक समितिलाई बुझाउने छ ।

**नियम १५(१) मा देहाय बमोजिमको खण्ड (थ) थप गने**

थ) फैसला कार्यान्वयन निर्देशनालयको काम कारवाहीका सम्बन्धमा महानिर्देशकलाई निकाशा दिने र सो निर्देशनालयलाई आवश्यक निर्देशन दिने ।

**नियम ८५ मा रहेको "तहसिल फाँट" भन्ने शब्दको सट्टा "फैसला कार्यान्वयन एकाई" राखिनु पर्दछ**

परिच्छेद १३ पछि परिच्छेद १३क. थप गरी देहायको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

"परिच्छेद १३ क"
फैसला कार्यान्वयन निर्देशनालय सम्बन्धी

**१०५क. फैसला कार्यान्वयन निर्देशनालयको स्थापना**

१) अदालतबाट भएको फैसला तथा अन्तिम आदेशको कार्यान्वयनको लागि सर्वोच्च अदालत मातहत रहने गरी विभागस्तरको छुट्टै फैसला कार्यान्वयन निर्देशनालय रहनेछ ।

२) उपनियम (१) बमोजिमको निर्देशनालयमा नेपाल न्याय सेवा, न्याय समूहका राजपत्रांकित प्रथम श्रेणीका अधिकृत महानिर्देशक हुनेछन् ।

**१०५ख. फैसला कार्यान्वयन निर्देशनालयको काम, कर्तव्य र अधिकार**

फैसला कार्यान्वयन निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) फैसला कार्यान्वयन सम्बन्धी केन्द्रिय निकायको रूपमा काम गर्ने,

ख) फैसला बमोजिम बिगो भराउने, चलन चलाउने, बण्डा छुट्याउने लगायतका दण्ड जरिवाना, सरकारी बिगो असुल तहसिल सम्बन्धी केन्द्रीय अभिलेखालयको काम गर्ने,

ग) अदालतको फैसला अनुसार लागेको दण्ड, जरिवाना, कैद असुल तहसिल गर्ने, फैसला बमोजिम बिगो भराउने, चलन चलाउने, वण्डा छुट्याउने कार्यमा सहयोग पु¥याउने,

घ) फैसला कार्यान्वयन सम्बन्धमा मातहत इकाइलाई नीतिगत निर्देशन दिने,

ङ) फैसला कार्यान्वयनको क्रममा आइपरेका समस्याहरू समाधान गर्न फैसला कार्यान्वयन इकाइहरूलाई सहयोग गर्ने,

च) फैसला कार्यान्वयन सम्बन्धी सरोकारवालाहरूसँग समन्वय कायम गरी सहयोग प्राप्त गर्ने प्रबन्ध कायम गर्ने,

छ) फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीको निरीक्षण, अनुगमन र मूल्यांकन गर्ने ।

**१०५ग. फैसला कार्यान्वयन निर्देशनालयमा रहने महाशाखा तथा शाखाहरू**

१) फैसला कार्यान्वयन निर्देशनालयमा सामान्यतः देहाय बमोजिमका महाशाखा तथा शाखाहरू रहनेछन् । आवश्यकता अनुसार निर्देशक समितिसँग परामर्श गरी महानिर्देशकले ती महाशाखा र शाखाहरूको नामाकरण तथा काम, कर्तव्यमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

क) केन्द्रिय लगत अभिलेख तथा अनुगमन महाशाखाः नेपाल न्याय सेवा, न्याय समूहको राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत महाशाखा प्रमुख रहने यो महाशाखा अन्तर्गत केन्द्रिय लगत अभिलेख शाखा र निरिक्षण तथा अनुगमन शाखा रहनेछ :

**१) केन्द्रिय लगत अभिलेख शाखाः** यो शाखाले फैसला कार्यान्वयन इकाइबाट प्राप्त बिगो भराउने, चलन चलाउने, बण्डा छुट्याउने लगायतका दण्ड, जरिवाना, कैद तथा सरकारी बिगोको लगतलाई केन्द्रिय अभिलेखमा राखी जिल्लागत रूपमा अद्यावधिक गर्ने तथा दण्ड, जरिवाना असुल तहसिल गराउने प्रवन्ध गर्नेछ ।

**२) निरिक्षण तथा अनुगमन शाखाः** अदालतबाट भएको फैसला वा अन्तिम आदेशको कार्यान्वयन सम्बन्धी कामकारवाहीहरूलाई प्रभावकारी बनाउन नियमित रूपमा निरिक्षण तथा अनुगमन गर्ने, फैसला कार्यान्वयन सम्बन्धी सूचना र तथ्याङ्कहरूलाई अद्यावधिक गरी राख्ने, फैसला कार्यान्वयनको क्रममा देखिएका समस्याहरू पहिचान गरी समाधानका उपायहरू पत्ता लगाउने काम यस शाखाले गर्नेछ । रिट निवेदनको सन्दर्भमा जारी भएका आदेश तथा निर्देशनको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन गराउन आवश्यक व्यवस्था मिलाउने काम समेत यो शाखाले गर्नेछ । निर्देशनालयको दैनिक प्रशासनिक कार्य समेत यसै शाखाबाट हुनेछ ।

ख) **दण्ड जरिवाना असुली तथा सहयोग महाशाखाः** नेपाल प्रहरीको वरिष्ठ प्रहरी उपरिक्षक महाशाखा प्रमुख रहने यो महाशाखा अन्तर्गत दण्ड जरिवाना असुल तहसिल तथा सहयोग तथा समन्वय शाखा रहनेछ ।

१) **दण्ड जरिवाना असुल तहसिल शाखाः** यो शाखाले फैसला कार्यान्वयन निर्देशनालयको केन्द्रिय लगत अभिलेख शाखाबाट प्राप्त सूचना तथा लगत विवरणका आधारमा कैद जरिवाना लागेको व्यक्तिलाई पक्राउ गरी असूल तहसिल गर्ने कार्यको नेतृत्व गर्नेछ ।

२) **सहयोग तथा समन्वय शाखाः** यो शाखाले फैसला कार्यान्वयनको क्रममा दण्ड जरिवाना, कैद असुली वा फैसला कार्यान्वयन सम्बन्धी कामका लागि खटिएको स्थलगत टोलीको सुरक्षा व्यवस्था गर्ने तथा सो टोलीलाई आवश्यक अन्य सहयोगको उचित प्रबन्ध गर्ने केन्द्रिय कमाण्डको काम गर्नेछ ।

**१०५घ. फैसला कार्यान्वयन निर्देशक समिति**

फैसला कार्यान्वयन सम्बन्धी नीति निर्माण गर्न र सम्बन्धित निकायलाई नीतिगत निर्देशन दिनका लागि केन्द्रमा देहाय बमोजिमको फैसला कार्यान्वयन निर्देशक समिति रहनेछः

| | | |
|---|---|---|
| क | प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश | संयोजक |
| ख | महान्यायाधिवक्ता | सदस्य |
| ग | सर्वोच्च अदालतका रजिष्ट्रार | सदस्य |
| घ | गृह मन्त्रालयका सचिव | सदस्य |
| ङ | स्थानीय विकास मन्त्रालयका सचिव | सदस्य |
| च | प्रहरी महानिरीक्षक | सदस्य |
| छ | महानिर्देशक, फैसला कार्यान्वयन निर्देशनालय | सदस्य सचिव |

**१०५ङ. फैसला कार्यान्वयन निर्देशक समितिको काम, कर्तव्य र अधिकार**

१) फैसला कार्यान्वयन निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) फैसला कार्यान्वयन निर्देशनालयको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

ख) फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन नीति निर्माण गर्ने र निर्देशन दिने ।

ग) फैसला कार्यान्वयन सम्बन्धी कानुनी व्यवस्थाको पुनरावलोकन गर्ने तथा कानुनी व्यवस्थामा आवश्यक संशोधन तथा नयाँ कानुनको निर्माणका लागि सिफारिस गर्ने ।

घ) फैसला कार्यान्वयन सम्बन्धी सरोकारवालाहरू बीच समन्वय कायम गर्ने ।

२) फैसला कार्यान्वयन निर्देशक समितिको बैठक कम्तीमा ३ महिनामा एक पटक बस्नेछ ।

३) निर्देशक समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले बैठक वोलाउने छन् ।

**१०५च. महानिर्देशक, महाशाखा प्रमुख र शाखा प्रमुखको काम, कर्तव्य र अधिकार**

१) **महानिर्देशकः** फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशकको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) निर्देशनालयको कार्यकारी प्रमुखको रूपमा काम गर्ने,

ख) निर्देशनालयका कर्मचारीहरूलाई कार्यविवरण सहितको जिम्मेवारी दिने,

ग) दण्ड, जरिवाना, कैद तथा फैसला कार्यान्वयन सम्बन्धी अन्य अभिलेख अद्यावधिक गराउने प्रबन्ध गर्ने,

घ) फैसला कार्यान्वयन सम्बन्धी सरोकारवाला निकायहरू सँग अन्तर सम्बन्धको विकास गर्ने,

ङ) निर्देशनालय र माताहत इकाईको नियमित निरीक्षण तथा अनुगमन गर्ने,

च) दण्ड, जरिवाना, कैद असुल तहसिलका लागि प्रहरी बलको परिचालन गर्ने

छ) निर्देशनालयको वार्षिक कार्यक्रम तर्जुमा गर्ने

ज) निर्देशनालयको आर्थिक तथा प्रशासनिक प्रबन्ध गर्ने ।

झ) सर्वोच्च अदालतका रजिष्ट्रारले दिएको निर्देशन बमोजिमको काम गर्ने ।

२) **निर्देशक (दण्ड जरिवाना असुली तथा सहयोग महाशाखा):** दण्ड जरिवाना असुली तथा सहयोग महाशाखा प्रमुखको रूपमा रहने निर्देशकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) केन्द्रीय लगत अभिलेखबाट प्राप्त भएको दण्ड, जरिवाना, कैदको लगत विवरण अनुसार कैद जरिवाना लागेका व्यक्तिहरू पक्राउ गरी असुल तहसिल गर्ने गराउने

ख) दण्ड जरिवाना असुल तहसिललाई प्रभावकारी बनाउन अपनाउनु पर्ने रणनीति तर्जुमा गरी महानिर्देशक समक्ष प्रस्ताव गर्ने

ग) आफ्नो महाशाखाको कार्यक्रम तर्जूमा गरी स्वीकृतिका लागि पेश गर्ने

घ) फैसला कार्यान्वयन निर्देशनालय र मातहत एकाईमा कार्यरत प्रहरी जनशक्तिको समुचित परिचालन र व्यवस्थापन गर्ने

ङ) आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूमा कार्यरत काम कारवाही लाई छिटो छरितो र प्रभावकारी रूपमा सम्पन्न गर्ने

च) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका अन्य कामहरू गर्ने

३) **निर्देशक (केन्द्रीय लगत अभिलेख महाशाखा):** केन्द्रीय लगत अभिलेख महाशाखा प्रमुखको रूपमा रहने निर्देशकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) फैसला कार्यान्वयन एकाईबाट प्राप्त दण्ड, जरिवाना, कैद सरकारी बिगो तथा जिन्सी सामान लगायत फैसला कार्यान्वयन सम्बन्धी प्राप्त अन्य विवरणलाई केन्द्रीय अभिलेखमा राखी नियमित रूपमा अद्यावधिक गर्ने

ख) दण्ड जरिवानाको लगतलाई केन्द्रीय सूचना सञ्जालमा आबद्ध गराई सरोकारवाला निकाय सम्म सूचना प्रवाह गर्ने

ग) दण्ड जरिवानाको अद्यावधिक लगत विवरण असुल तहसिलका लागि दण्ड जरिवाना असुल शाखामा पठाउने

घ) दण्ड जरिवानाको केन्द्रीय अभिलेखलाई व्यवस्थित गर्न अपनाउनु पर्ने रणनीति बनाइ महानिर्देशक समक्ष पेश गर्ने

ङ) आफ्नो महाशाखाको वार्षिक कार्यक्रम तर्जूमा गरी स्वीकृतिका लागि पेश गर्ने

च) आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूमा कार्यरत काम कारवाही लाई छिटो छरितो र प्रभावकारी रूपमा सम्पन्न गर्ने

छ) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका कामहरू गर्ने

४) **शाखा प्रमुख (केन्द्रीय लगत अभिलेख शाखा)ः** केन्द्रीय लगत अभिलेख शाखाका शाखा प्रमुखको काम कर्तव्य र अधिकार यसप्रकार हुनेछः

क) फैसला कार्यान्वयन एकाई बाट प्राप्त  दण्ड, जरिवाना, कैद, सरकारी बिगो, जिन्सी सामान, बिगो भराउने, चलन चलाउने, वण्डा छुट्याउने र जेथा जमानीको विवरणलाई जिल्लागत रूपमा छुट्टाछुट्टै अभिलेख बनाई केन्द्रीय लगत अभिलेख तयार गर्ने

ख) महानिर्देशक वा महाशाखा प्रमुख बाट प्राप्त निर्देशन बमोजिमको काम गर्ने

ग) आफ्नो शाखाको काम कारवाही प्रभावकारी रूपमा सम्पन्न गर्ने

घ) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका अन्य कामहरू गर्ने

५) **शाखा प्रमुख (निरीक्षण तथा अनुगमन शाखा)ः** निरीक्षण तथा अनुगमन शाखाका शाखा प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) महानिर्देशक वा महाशाखा प्रमुखको स्वीकृति लिई मातहत एकाई हरूबाट सम्पादित फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीको नियमित निरीक्षण तथा अनुगमन गर्ने

ख) निरीक्षण तथा अनुगमन बाट प्राप्त विवरणलाई प्रतिवेदनको रूप दिई महाशाखा प्रमुख समक्ष पेश गर्ने

ग) फैसला कार्यान्वयन सम्बन्धी सूचना तथा तथ्याङ्कहरू अद्यावधिक गरी विश्लेषण गर्ने

घ) फैसला कार्यान्वयनमा देखिएका समस्याहरू  पहिचान गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने

ङ) सर्वोच्च अदालतबाट भएका आदेश तथा निर्देशनहरूको विवरण अद्यावधिक राखी सो आदेश तथा निर्देशन कार्यान्वयन भए नभएको अनुगमन गर्ने

च) महानिर्देशक वा महाशाखा प्रमुख बाट प्राप्त निर्देशन बमोजिमको काम गर्ने

छ) आफ्नो शाखाको काम कारवाही प्रभावकारी रूपमा सम्पन्न गर्ने

ज) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका अन्य कामहरू गर्ने

६) **शाखा प्रमुख (दण्ड जरिवाना असुली शाखा)ः** दण्ड जरिवाना असुल शाखाका शाखा प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) केन्द्रीय लगत अभिलेखबाट प्राप्त सूचना तथा लगत विवरणका आधारमा कैद जरिवाना लागेका व्यक्तिहरूको पहिचान गर्ने ।

ख) दण्ड, जरिवाना, कैद लागेका व्यक्तिको वतन फरक पारी बसेको भए सोको विवरण संङ्कलन गरी केन्द्रीय लगत अभिलेखमा जानकारी दिने

ग) महानिर्देशक वा महाशाखा प्रमुख बाट प्राप्त निर्देशन बमोजिमको काम गर्ने

घ) आफ्नो शाखाको काम कारवाही प्रभावकारी रूपमा सम्पन्न गर्ने

ङ) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका कामहरू गर्ने

७) **शाखा प्रमुख (सहयोग तथा समन्वय शाखा)ः** सहयोग तथा समन्वय शाखाका शाखा प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) फैसला कार्यान्वयन एकाईबाट हुने दण्ड जरिवाना असुली तथा अन्य स्थलगत कार्यको सुरक्षा व्यवस्थाका लागि आवश्यक प्रबन्ध मिलाउने

ख) सम्बन्धित प्रहरी कार्यालय सँग समन्वय गरी फैसला कार्यान्वयनमा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने

ग) महानिर्देशक वा महाशाखा प्रमुख बाट प्राप्त निर्देशन बमोजिमको काम गर्ने

घ) आफ्नो शाखाको काम कारवाही प्रभावकारी रूपमा सम्पन्न गर्ने

ङ) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका अन्य कामहरू गर्ने

**नियम १०५च. फैसला कार्यान्वयनमा सहयोग गर्नु सबैको कर्तव्य हुने**

अदालतबाट भएका फैसला वा अन्तिम आदेशको कार्यान्वयनमा खटिएका कर्मचारीलाई सहयोग गर्नु सराकारवाला मुद्दाका पक्ष, कानुन व्यवसायी, नागरिक समाज, प्रहरी प्रशासन, स्थानीय निकाय र स्थानीय व्यक्तिहरूको कर्तव्य हुनेछ ।

**१०५छ. महानिर्देशकको आदेश कार्यान्वयन गर्नुपर्ने**

फैसला कार्यान्वयनको सिलसिलामा फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशकले दिएको आदेशको पालना गर्नु सम्बन्धित सबै को कर्तव्य हुनेछ । सो सन्दर्भमा प्रहरी परिचालनका लागि महानिर्देशक वा निजले खटाएका अधिकारीले दिएको आदेश प्रहरी महानिरीक्षकले दिएको आदेश सरह हुनेछ ।

**नियम १०५ज. वार्षिक प्रतिवेदन**

फैसला कार्यान्वयन निर्देशनालयले वार्षिक रूपमा सम्पादन गरेका कामको विवरण तथा आगामी वर्षको कार्यक्रम तथा कार्य योजना समेत निर्देशक समितिबाट पारित गराई प्रत्येक आर्थिक वर्षको प्रारम्भ भएको मितिले दुई महिना भित्र सर्वोच्च अदालतमा पेश गर्नु पर्नेछ ।

**१०५झ. केन्द्रीय लगत अभिलेख**

१) फैसला कार्यान्वयनको क्रममा हालसम्म कायम भएका दण्ड जरिवाना र सरकारी बिगोको लगत (असुल उपर हुन बाँकी मात्र) विवरणलाई तोकिएको ढाँचामा सबै अदालतका फैसला कार्यान्वयन एकाईले फैसला कार्यान्वयन निर्देशनालयमा पठाउनु पर्नेछ । निर्देशनालयले जिल्लाबाट प्राप्त लगतको अध्यावधिक अभिलेख निर्देशनालयले जिल्लागत रूपमा छुट्टाछुट्टै रूपमा राख्ने छ

२) निर्देशनालयले दण्ड जरिवानाको लगत नियमित रूपमा निर्देशनालयको असूल तहसिल शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

३) असुल तहसिल शाखाले त्यस्तो विवरण प्राप्त गरे पछि दण्ड जरिवानाको लगत लागेको व्यक्तिलाई पक्राउ गर्न क्रियाशिल भै आवश्यकता अनुसार अन्य प्रहरी कार्यालयको जनशक्ति समेत परिचालन गर्नसक्ने छ ।

४) फैसला कार्यान्वयन निर्देशनालयले फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तको मासिक प्रगति विवरण सम्बन्धित फैसला कार्यान्वयन एकाईबाट झिकाई तथ्याङ्कीय अभिलेख अद्यावधिक गरी राख्नु पर्ने हुन्छ ।

५) फैसला कार्यान्वयनको क्रममा दुई वर्ष भन्दा बढी समय सम्म कार्यान्वयन हुन नसकेका मुद्दाहरूको विवरण समेत निर्देशनालयले अद्यावधिक गरी सरोकारवाला सबै पक्षसँग सहयोग र समन्वय कायम गरी कार्यान्वयन गर्न सहयोग गर्ने छ । यसक्रममा आइ पर्ने समस्याको समाधानका लागि निर्देशनालयले आवश्यक सहयोगको प्रबन्ध समेत गर्नसक्नेछ ।

६) दण्ड जरिवानको लगत अभिलेखलाई सूचना प्रविधिसँग आबद्ध गर्नका लागि सर्वोच्च अदालतको सूचना प्रविधि संयन्त्रसँग समन्वय गरी उपयुक्त सफ्टवेर निर्माण गर्ने र जिल्लागत रूपमा दण्ड जरिवानाको लगत व्यवस्थित गरी सरोकारवाला निकायहरू प्रहरी प्रशासन, मालपोत, भूमिसुधार, जिविस, राजश्व जस्ता निकायहरूलाई त्यस्तो लगत पठाउने छ। ती निकायहरूले सार्वजनिक सेवा प्रवाह गर्दा सो लगत समेत भिडाउनु पर्ने छ ।

**१०५ञ. निर्देशिका जारी गर्नसक्ने**

सर्वोच्च अदालतले फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि फैसला कार्यान्वयन निर्देशिका बनाई लागू गर्नसक्नेछ ।

**१०५ट. छुट दिनसक्ने**

फैसला कार्यान्वयन निर्देशनालयले समय समयमा देहायका आधारमा सूचना प्रकाशित गरी तोकेको अवधि भित्र फैसला बमोजिम कायम भएको कैद जरिवाना तथा सरकारी बिगो बुझाउन ल्याएमा छुट दिनसक्नेछ :

क) ५० वर्ष वा सो भन्दा अघिको फैसलाले कायम भएको कैद जरिवाना वा सरकारी बिगो दाखिल गर्न ल्याएमा ७५ प्रतिशत छुट दिई २५ प्रतिशत मात्र असुल गरी लगत कट्टा गर्ने ।

ख) ३० वर्ष देखि ५० वर्ष अघिको फैसला बमोजिम कायम भएको कैद जरिवाना र सरकारी बिगो दाखिल गर्न ल्याएमा ५० प्रतिशत छुट दिई बाकी ५० प्रतिशत असुल गरी लगत कट्टा गर्ने ।

ग) २० वर्ष देखि ३० वर्ष अघिको फैसला बमोजिम कायम भएको कैद जरिवाना र सरकारी बिगो दाखिल गर्न ल्याएमा ४० प्रतिशत छुट दिई बाकी ६० प्रतिशत असुल गरी लगत कट्टा गर्ने ।

घ) माथि उल्लेख भए बमोजिमको असुल गर्नुपर्ने दण्ड जरिवाना तथा सरकारी बिगो डोरबाट वा अरू जो कोहीबाट असुल तहसिल भै आएमा त्यसरी असुल तहसिल भएको कैद महिना एकको रू ५०० का दरले जरिवाना तथा सरकारी बिगोको हकमा असुल भएको रकमको क्रमशः ५०, ४० र ३० प्रतिशतका दरले प्रोत्साहन बापत असुल तहसिल गर्ने पक्षलाई प्रदान गर्ने व्यवस्था गर्ने ।

**१०६ठ लगत कट्टा गर्न सकिने**

फैसला कार्यान्वयन निर्देशक समितिले दिएको निर्देशनका अधीनमा रही फैसला कार्यान्वयन निर्देशनालयले देहाय बमोजिमको लगत कट्टा गर्न फैसला कार्यान्वयन एकाईलाई आदेश दिनसक्नेछ :

क) कैद जरिवाना लागेको व्यक्तिको उमेर एक सय वर्ष पूरा भैसकेको देखिएमा,

ख) सानातिना कैद जरिवाना लागि लामो समयसम्म असूल उपर हुन नसकेको अवस्थामा निश्चित मापदण्ड निर्धारण गरी सो आधारमा,

**नियम १०६ मा थप**

ठ) नियम १०५ज बमोजिम फैसला कार्यान्वयन निर्देशनालयबाट प्राप्त वार्षिक प्रतिवेदनको विवरण ।

**नियम ११५ (१) (ङ) को (इ) खारेज गर्ने ।**

## जिल्ला अदालत नियमावली, २०५२ मा संशोधन

फैसला कार्यान्वयन एकाईको स्थापनाको लागि जिल्ला अदालत नियमावलीमा देहायको व्यवस्था गर्नु उपयुक्त हुन्छ :

१) परिच्छेद १ नियम २(ङ) मा रहेको "तहसिलदार" भन्ने शब्दको सट्टा "फैसला कार्यान्वयन अधिकारी" राख्ने र "न्यायाधीश"को सट्टामा "महानिर्देशकको" भन्ने शब्द राख्ने साथै (ङ१) थप गरी "महानिर्देशक" भन्नाले सर्वोच्च अदालत नियमावलीको नियम २०४९ को नियम १०५क(२) बमोजिमको महानिर्देशकलाई जनाउनेछ भन्ने व्यहोरा समावेश गर्ने ।

२) परिच्छेद ३ नियम ५(ख) मा रहेको तहसिलदार भन्ने शब्द हटाउने ।

३) नियम ६(१)(ख) मा रहेको तहसिल शाखा भन्ने शब्द हटाउने ।

४) नियम ६(३) हटाउने ।

५) नियम ४क.(१)(घ) मा रहेको "तहसिलदार" भन्ने शब्दको सट्टा "फैसला कार्यान्वयन अधिकारी" शब्द राख्ने ।

६) नियम ६ क. थप गरी देहाय बमोजिमको व्यवस्था गर्ने :

**६ क. फैसला कार्यान्वयन एकाई**

१) अदालतबाट भएको फैसला र अन्तिम आदेशको कार्यान्वयनका लागि हरेक जिल्ला अदालतमा छुट्टै फैसला कार्यान्वयन एकाई रहने छ ।

२) फैसला कार्यान्वयन अधिकारीको प्रत्यक्ष नियन्त्रणमा रहने यो एकाई अन्तर्गत आवश्यकता अनुसार दण्ड जरिवानाको लगत अभिलेख फाँट, जिन्सी धरौटी फाँट, दर्ता फाँट, फैसला कार्यान्वयन फाँट, दण्ड जरिवाना असुली तथा सहयोग फाँट रहने छन् ।

३) यस अघि तहसिल शाखाले सम्पादन गरी आएका कार्यहरू यो एकाईबाट कार्यान्वयन गरिने छ । तहसिल शाखामा दर्ता कायम भएका सबै दर्खास्त तथा अभिलेखहरू फैसला कार्यान्वयन एकाईमा सर्ने छन् ।

७. नियम ८ मा रहेको "तहसिलदार" भन्ने शब्दको सट्टा "फैसला कार्यान्वयन अधिकारी" भन्ने शब्द राख्ने र "अदालतका" भन्ने शब्दको सट्टा "फैसला कार्यान्वयन एकाई" भन्ने शब्द राख्ने ।

८. नियम १३ मा रहेको "तहसिलदार" भन्ने शब्दको सट्टा "फैसला कार्यान्वयन अधिकारी" भन्ने शब्द राख्ने ।

९. परिच्छेद ११ को नियम ६८ मा रहेको "तहसिल शाखाको जिम्मेवारी" भन्ने शब्दको सट्टा "फैसला कार्यान्वयन एकाईको जिम्मेवारी" राख्ने ।

१०. नियम ६८(१) को सट्टा "फैसला कार्यान्वयन सम्बन्धी सम्पूर्ण काम फैसला कार्यान्वयन अधिकारीको जिम्मेवारीमा फैसला कार्यान्वयन एकाईबाट हुनेछ" भनी राख्ने ।

११. नियम ६८(२) मा रहेको तहसिलदार शब्दको सट्टा फैसला कार्यान्वयन अधिकारी राख्ने ।

१२. नियम ६८(३) मा रहेको तहसिलदार शब्दको सट्टा फैसला कार्यान्वयन अधिकारी राख्ने ।

१३. नियम ६८(४) मा रहेको पहिलो वाक्यमा रहेको तहसिल शाखाको सट्टा फैसला कार्यान्वयन एकाई राख्ने । दोस्रो र तेस्रो वाक्यमा रहेको अदालत शब्दको सट्टा फैसला कार्यान्वयन एकाइ शब्द राख्ने ।

१४. नियम ६८(५) को अन्तिम वाक्यमा रहेको सर्वोच्च अदालतमा पछि "तथा फैसला कार्यान्वयन निर्देशनालयमा" भन्ने वाक्यांश थप गर्ने ।

१५. नियम ६८(७) मा रहेको तहसिलदार शब्दको सट्टा फैसला कार्यान्वयन अधिकारी राख्ने ।

१६. नियम ६९ मा रहेको तहसिलदार शब्दको सट्टा फैसला कार्यान्वयन अधिकारी राख्ने ।

१७. नियम ७०(१) मा रहेको तहसिलदार शब्दको सट्टा फैसला कार्यान्वयन अधिकारी राख्ने ।

१८. नियम ७०(३) मा रहेको तहसिलदार शब्दको सट्टा फैसला कार्यान्वयन अधिकारी राख्ने र सो शब्द पछि लगत शाखामा काम गर्ने कर्मचारीले पाँच प्रतिशत भन्ने वाक्यांश थप गर्ने ।

१९. नियम ७०(४) मा रहेको रू. पचासको सट्टा रू. पाँच सय राख्ने ।

२०. नियम ७१(ख) पछि (ख१) थप गरी जिल्ला न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता सदस्य राख्ने । (ख२) थप गरी जिल्ला प्रहरी प्रमुख वा निजले तोकेको अधिकृत सदस्य राख्ने ।

२१. नियम ७१(ग) मा रहेको तहसिलदार शब्दको सट्टा फैसला कार्यान्वयन अधिकारी राख्ने ।

२२. नियम ७४ मा रहेको तहसिल शाखाको सट्टा फैसला कार्यान्वयन एकाई राख्ने ।

२३. नियम ७६को तहसिलदारले शब्दको सट्टा फैसला कार्यान्वयन अधिकारीले राख्ने ।

२४. नियम ८७मा रहेको अदालतले भन्ने शब्दको सट्टा फैसला कार्यान्वयन एकाईले राख्ने ।

२५. नियम ८९ मा रहेको तहसिल शाखाले भन्ने शब्दको सट्टा फैसला कार्यान्वयन एकाईले राख्ने ।

२६. नियम ९२ख.मा रहेको पुनरावेदन अदालत पछि "र फैसला कार्यान्वयन निर्देशनालय तथा सम्बन्धित प्रहरी कार्यालय" थप गर्ने ।

२७. नियम ८० ख. थप गरी देहाय बमोजिमको व्यवस्था गर्ने

**नियम ७३ मा संशोधन**

नियम ७३ को खण्ड (ग) मा रहेको पांचसय रूपैया भन्नेको सट्टा पांचहजार रूपैया भन्ने राख्ने र खण्ड (घ) मा रहेको एक हजार रूपैया भन्नेको सट्टा दश हजार रूपैया भन्ने राख्ने ।

**नियम ८०ख. दण्ड जरिवानाको लगत व्यवस्थापन**

१) हरेक जिल्लामा रहने फैसला कार्यान्वयन एकाईले अदालतले गरेको फैसला बमोजिमको दण्ड जरिवाना, सरकारी बिगो तथा अन्य फैसला कार्यान्वयनको लगत अभिलेख तोकिएको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ ।

२) फैसला बमोजिमको लगत सम्बन्धित लगत किताबमा कसी सो लगत कसिएको नम्बर तथा मिति समेत उल्लेख गरी फैसला कार्यान्वयन एकाईबाट प्रमाणित भएपछि मात्र मिसिल अभिलेख संरक्षण फाँटमा बुझाउनु पर्नेछ ।

३) त्यसरी लगत कसिएपछि सो लगत बमोजिम लागेको कैद जरिवाना तथा सरकारी बिगोको विवरण खुलाई एकप्रति केन्द्रीय अभिलेखका लागि फैसला कार्यान्वयन निर्देशनालय र सम्बन्धित प्रहरी कार्यालय लाई पठाउनु पर्नेछ ।

४) कुनै पनि कारणले कायम भएको लगतमा कुनै संशोधन वा फेरवदल भएको वा फैसला बमोजिम लागेको दण्ड जरिवाना वा बिगो बुझाएको वा सो वापत धरौटी राखेको अवस्थामा सोको जानकारी अविलम्ब लगत रहेको फैसला कार्यान्वयन एकाईलाई दिनु पर्नेछ ।

**२७. नियम ८०ग. फैसला कार्यान्वयन जिल्ला समन्वय समिति**

१) जिल्ला स्तरमा फैसला कार्यान्वयन सम्बन्धी काम कारवाही व्यवस्थित गर्न तथा फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशन दिने र सरोकारवाला निकायहरू बीच समन्वय कायम गर्नका लागि देहाय बमोजिमको फैसला कार्यान्वयन जिल्ला समन्वय समिति रहने छः

| | |
|---|---|
| जिल्ला न्यायाधीश | संयोजक |
| स्थानीय विकास अधिकारी | सदस्य |
| जिल्ला न्यायाधिवक्ता | सदस्य |
| जिल्ला प्रहरी कार्यालयका प्रमुख | सदस्य |
| मालपोत कार्यालयका प्रमुख | सदस्य |
| फैसला कार्यान्वयन अधिकारी | सदस्य सचिव |

२) समितिको बैठकमा सम्बन्धित भूमी सुधार कार्यालयका प्रमुख, नापी शाखाका प्रमुख, कारागार कार्यालयका प्रमुख, वन कार्यालयका प्रमुखलाई समेत आमन्त्रण गर्न सकिने छ ।

३) समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्ने छ ।

उल्लिखित प्रस्ताव बमोजिम अदालत सम्बन्धी नियमावलीहरूमा संशोधन भएमा तत्कालीन रूपमा अदालतको सामान्य व्यवस्थापन भित्रै आन्तरिक समायोजनद्वारा फैसला कार्यान्वयन निर्देशनालय र फैसला कार्यान्वयन एकाईको स्थापना गरी फैसला कार्यान्वयन सम्बन्धी जिम्मेवारी सुम्पन सकिन्छ ।

## दीर्घकालीन उपाय

फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि दीर्घकालीन उपायकोरूपमा केन्द्रदेखि जिल्ला स्तर सम्म छुट्टै स्वायत्त संरचनाको आवश्यकता पर्दछ । फैसला कार्यान्वयन सम्बन्धी छुट्टै कानुनको आवश्यकता पर्दछ । अहिले अपनाइदै आएको कार्यविधिगत व्यवस्थाका कारणले पनि फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन नसकिएको हुदाँ सो व्यवस्थामा पनि समुचित सुधार र परिवर्तनको आवश्यकता रहेको छ । फैसला कार्यान्वयनकालागि स्थानीय निकायलाई समेत जिम्मेवार बनाई निश्चित मोल, बिगो, र जरिवाना असुल तहसील गर्ने अधिकार प्रदान गनुपर्ने, फैसला कार्यान्वयनको क्रममा समेत मिलापत्र गर्नसक्ने व्यवस्था गर्नुपर्ने, फैसला कार्यान्वयनको क्षेत्रमा पनि विवाद समाधानका वैकल्पिक उपायहरूको अवलम्बन गर्नसक्ने व्यवस्था गर्नुपर्ने र सरकारी क्षेत्र र नीजि क्षेत्रको साझेदारीको अवधारणलाई अंगिकार गर्नुपर्ने आवश्यकता देखिएको छ । यसका लागि मुलुकी ऐन लगायत अन्य विभिन्न ऐन नियममा व्यापक मात्रामा संशोधनको आवश्यकता पर्दछ । यसरी मौजुदा ऐन नियम र संरचनामा व्यापक परिवर्तन गरी नयाँ ढंगले अघि बढ्नका लागि यो छोटो समयमा गरिएको अध्ययनबाट निष्कर्षमा पुग्नु उपयुक्त हुने देखिएन । फैसला कार्यान्वयनको वर्तमान अवस्थाको विश्लेषण गरी तत्कालीन उपायको रूपमा अदालत सम्बन्धी नियमावलीमा सुधार गर्नुपर्ने प्रस्ताव गरिएको हो । यी तत्कालीन उपायको कार्यान्वयन गरी प्राप्त हुने पृष्ठपोषणका आधारमा प्रचलित ऐन नियम तथा संरचनामा सुधार गर्नमा लागि सर्वोच्च अदालतका माननीय न्यायाधीशको संयोजकत्वमा उच्चस्तरीय अध्ययन समिति गठन गरिनु उपयुक्त हुन्छ । सो समितिले बृहत रूपमा सरोकारवालाहरू सँग राय सुझाव सङ्कलन गरी निष्कर्षमा पुग्नु पर्ने हुन्छ ।

**उच्चस्तरीय समितिको गठन**

| | | |
|---|---|---|
| १. समितिको नाम | फैसला कार्यान्वयन सम्बन्धी उच्चस्तरीय अध्ययन समिति | |
| २. समितिको स्वरूप | संयोजक<br>सर्वोच्च अदालतका मा.न्या. | |
| | सदस्य | |
| | पुनरावेदन अदालत मा.न्या. मध्येबाट | - १ जना |
| | जिल्ला न्यायाधीश मध्येबाट | - १ जना |
| | फैसला कार्यान्वयन सम्बन्धी विज्ञ | - १ जना |
| | नेपाल न्यायसेवाका सह सचिव | - १ जना |
| ३. कार्यादेश | फैसला कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्थाको पुनारावलोकन गरि सुझाव सहितको प्रतिवेदन पेश गर्ने | |
| ४. समायावधि | कार्य प्रारम्भ भएको मितिले ३ महिना | |
| ५. कार्यविधि | समितिले आफै निर्धारण गर्ने छ । | |

■

# ७ निर्देशनालय स्थापनाका लागि आवश्यक पर्ने पूर्वाधार र बजेटको प्रक्षेपण

७.१ फैसला कार्यान्वयन निर्देशनालयका लागि
७.२ फैसला कार्यान्वयन एकाईका लागि

प्रस्तुत अध्ययनमा दिइएको सुझाव अनुसारको फैसला कार्यान्वयन निर्देशनालय तथा फैसला कार्यान्वयन एकाईको स्थापनाका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तथा बजेटको अनुमान यस प्रकार रहेको छ :

## ७.१ फैसला कार्यान्वयन निर्देशनालयका लागि

**क. कार्यालय स्थापना:** फैसला कार्यान्वयन निर्देशनालयका लागि पर्याप्त स्थान (कम्तीमा एउटा वैठक कक्ष सहित १० कोठां) भएको सरकारी भवन उपलब्ध गराइनु पर्दछ । सरकारी भवन उपलब्ध गराउन नसकिएको अवस्थामा सो बरावरको घर भाडा रकम विनियोजन गरिनु पर्दछ ।

**ख. कार्यालय सञ्चालन:** निर्देशनालयको स्थापनाका लागि प्रारम्भमा कम्तीमा १५ थान कम्प्युटर र ५ थान प्रिन्टर सहितको सूचना प्रविधि उपकरण आवश्यक पर्ने हुन्छ । त्यसैगरी लगत अभिलेख व्यवस्थित गर्नका लागि पहिलो चरणमा परामर्श सेवाका लागि पनि रकम विनियोजित गर्नुपर्ने हुन्छ । जिल्लागत रूपमा प्राप्त विवरणलाई केन्द्रीय अभिलेखमा इन्ट्री गर्नका लागि एक वर्षका लागि ५ जना कम्प्युटर अपरेटरको आवश्यकता पर्ने र त्यस पछिको लगत नियमित रूपमा इन्ट्री शाखामा खटिने कर्मचारीहरूबाट सम्पादन गर्न सकिन्छ ।

फैसला कार्यान्वयन निर्देशनालयका लागि देहायको शीर्षकमा रकम निकाशा गरिनु पर्ने हुन्छ ।

१. मसलन्द
२. फर्निसिङ
३. लगत अभिलेख व्यवस्थापन
४. उपभोग्य सामाग्री खर्च
५. इन्धन खर्च
६. पुस्तक पत्रपत्रिका
७. टेलिफोन
८. कम्प्युटर र प्रिन्टर
९. मर्मत सम्भार
१०. विविध
११. दैनिक तथा भ्रमण भत्ता
१२. कार्यक्रम
१३. सूचना प्रकाशन

विभिन्न शीर्षकमा रकम विनियोजन गर्दा आर्थिक प्रशासन सँग सम्बद्ध पदाधिकारी र निर्देशनालयका अधिकारीहरूबीचको आपसी छलफलबाट औचित्यका आधारमा निर्धारण गरिनु उपयुक्त हुने भएकोले अङ्क किटानी नगरिएको हो ।

ग. **सवारी साधनः** निर्देशनालयको लागि एक थान पिकअप भ्यान सहित २ थान सवारी साधन मोटर र ४ थान मोटर साइकल ।

घ. **तलव भत्ताः** निर्देशनालयका कर्मचारीका लागि आवश्यक पर्ने तलव भत्ता, सुविधाहरू (सम्बन्धित पदाधिकार रहेको अदालतबाट) ।

ङ. **सुरक्षाकर्मीको सुविधाः** सुरक्षाकर्मीको सुविधा सम्बन्धित प्रहरी प्रधान कार्यालयबाट उपलब्ध हुनु पर्ने ।

च. **सूचना प्रविधिको व्यवस्थाः** इमेल इन्टरनेट सुविधाको पहुँच भएका स्थानमा नेटवर्कको प्रबन्ध गरी फैसला कार्यान्वयन सम्बन्धी लगत अभिलेखलाई केन्द्रीय सूचना प्रविधिसँग आबद्ध गरिनु पर्दछ । यसका लागि देहाय बमोजिमको शीर्षकमा रकम विनियोजन गरिनु पर्दछः

१) केन्द्रीय लगतलाई सूचना सञ्जालमा आबद्ध गर्न

२) विभिन्न जिल्लाका फैसला कार्यान्वयन एकाईलाई केन्द्रीय सूचना सञ्जालमा आबद्ध गर्न ।

## ७.२ फैसला कार्यान्वयन एकाईका लागि

क. **कार्यालय स्थापनाः** फैसला कार्यान्वयन एकाईको सञ्चालनका लागि अदालत वा अन्य सरकारी भवन उपलब्ध गराउनु पर्ने । त्यस्तो स्थान उपलब्ध नभएको अवस्थामा घर भाडाका लागि आवश्यक रकम विनियोजन गर्नुपर्ने देखिन्छ ।

ख. **कार्यालय सञ्चालनः** फैसला कार्यान्वयनलाई छुट्टै एकाई कार्यालयको रूपमा नभई अदालत भित्रकै एकाईको रूपमा स्थापना गर्नुपर्ने प्रस्ताव गरिएको हुँदा सो एकाईका लागि आवश्यक पर्ने रकम सम्बन्धित अदालतकै नाममा विनियोजन गर्नुपर्ने हुन्छ । त्यसरी विनियोजन गर्दा फैसला कार्यान्वयन एकाइको लागि रकमको सिलिङ निर्धारण गरी त्यस्तो रकम फैसला कार्यान्वयन अधिकारीको सिफारिसमा मात्र खर्च गर्न पाउने गरी अख्तियारी प्रदान गर्नुपर्ने हुन्छ । त्यस्तो रकमको विनियोजन गर्दा देहाएका शीर्षकमा निकासा दिने व्यवस्था गरिनु पर्दछ ।

१. मसलन्द

२. फर्निसिङ

३. लगत अभिलेख व्यवस्थापन

४. उपभोग्य सामागी खर्च

५. इन्धन खर्च

६. टेलिफोन

७. दैनिक तथा भ्रमण भत्ता

८. कार्यक्रम

९. विविध

विभिन्न शीर्षकमा रकम विनियोजन गर्दा आर्थिक प्रशासन सँग सम्बद्ध पदाधिकारी र निर्देशनालयका अधिकारीहरूबीचको आपसी छलफलबाट औचित्यका आधारमा निर्धारण गरिनु उपयुक्त हुने भएकोले अङ्क किटानी नगरिएको हो ।

ग. **कम्प्युटरः** फैसला कार्यान्वयन एकाईका लागि वर्ग अनुसारको कम्प्युटर र प्रिन्टर उपलब्ध गराउनु पर्दछ । यसरी उपलब्ध गराउँदा

"क" वर्गका लागि ८ थान कम्प्युटर र २ थान प्रिन्टर

"ख" वर्गका लागि ५ थान कम्प्युटर र २ थान प्रिन्टर

"ग" वर्गका लागि ३ थान कम्प्युटर र १थान प्रिन्टर

"घ" वर्गका लागि १ थान कम्प्युटर र १थान प्रिन्टर

घ. **सूचना प्रविधिको व्यवस्थाः** इमेल इन्टरनेट सुविधाको पहुँच भएका स्थानमा नेटवर्कको प्रबन्ध गरी फैसला कार्यान्वयन सम्बन्धी लगत अभिलेखलाई केन्द्रीय सूचना प्रविधिसँग आवद्ध गरिनु पर्दछ ।

ङ. **सवारी साधनः** क वर्गका जिल्लाहरूलाई साइरन सहितको पिकअप मोटर एक एक थानका दरले चार थान र मोटर साइकल २ थानका दरले ८ थान

"ख" वर्गका जिल्लाका लागि मोटर साइकल २ थानका दरले २० थान

"ग" वर्गका जिल्लाका लागि मोटर साइकल १ थानका दरले ७ थान

## फैसला कार्यान्वयन निर्देशनालयको स्थापना सम्बन्धी अध्ययन प्रतिवेदनको कार्यान्वयनसम्बन्धी कार्ययोजना

| सि.नं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | लागत | समयावधि |
|---|---|---|---|---|---|
| १ | फैसला कार्यान्वयन निर्देशनालयको स्थापनाका लागि पूर्वाधार तयार | सर्वोच्च अदालत प्रशासन | | नेपाल सरकार, दातृ निकाय | एक महिना भित्र |
| २ | फैसला कार्यान्वयन निर्देशनालयको स्थापनाका लागि नियमावलीमा संशोधन | सर्वोच्च अदालत पूर्ण वैठक | सर्वोच्च अदालत प्रशासन | नेपाल सरकार, दातृ निकाय | तीन महिना भित्र |
| ३ | फैसला कार्यान्वयन निर्देशनालयको स्थापना | प्रधान न्यायाधीश, रजिष्ट्रार | अर्थ,गृह, सामान्य प्रशासन मन्त्रालय, सहयोगी निकाय | ऐ | नियमावली बनेको एक महिना भित्र |
| ४ | फैसला कार्यान्वयन निर्देशक समितिको वैठक | प्रधान न्यायाधीश | महानिर्देशक | ऐ | प्रत्येक ३ महिनामा एक पटक |
| ५ | फैसला कार्यान्वयन निर्देशनालयका कर्मचारीहरूलाई आधारभूत प्रशिक्षण | महानिर्देशक | प्रशिक्षण संस्थाहरू | ऐ. | निर्देशनालय स्थापना भएको पहिलो हप्ता ३ दिने प्रशिक्षण |
| ६ | फैसला कार्यान्वयनका लागि नमुना जिल्ला अदालत तोक्ने | सर्वोच्च अदालत | महानिर्देशक र अन्य सहयोगी निकायहरू | ऐ. | निर्देशनालय पूर्वाधार तयार भएको एक महिना भित्र |
| ७ | फैसला कार्यान्वयनका लागि तोकिएको नमुना जिल्ला अदालतको पूर्वाधार तयार | सर्वोच्च अदालत | महानिर्देशक र सम्बन्धित जिल्ला न्यायाधीश | ऐ. | नमूना जिल्ला अदालत तोकिएको १५ दिन भित्र |
| ८ | नमुना अदालतका कर्मचारीहरूलाई प्रशिक्षण | महानिर्देशक | प्रशिक्षण सस्थाहरू | ऐ. | पूर्वाधार तयार भएको १५ दिन भित्र |
| ९ | केन्द्रीय लगत व्यवस्थापनका लागि लगत ढाँचाको निर्माण | महानिर्देशक, परामर्शदाता | सूचना प्रविधि शाखा | ऐ | केन्द्रीय निर्देशनालयको पूर्वाधार तयार भएको एक महिना भित्र |
| १० | सबै जिल्लाबाट दण्ड जरिवाना तथा फैसला कार्यान्वयन सम्बन्धी विवरण झिकाउने | महानिर्देशक | सवै तहसिल शाखाहरू | ऐ. | लगत ढाँचाको निर्माण भएको १ महिना भित्र |
| ११ | दण्ड जरिवानाको लगत केन्द्रीय अभिलेखमा इन्ट्री गर्ने | लगत अभिलेख शाखा (सेवा करारमा दिनु पर्ने) | फैसला कार्यान्वयन एकाईहरू, सहयोगी निकायहरू | ऐ | कार्य प्रारम्भ भएको मितिले एक वर्ष भित्र |

| सि.नं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | लागत | समयावधि |
|---|---|---|---|---|---|
| १२ | इन्ट्री भएको लगत सम्बन्धित प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, अध्यागमन विभाग र परराष्ट्र मन्त्रालय लगायत जनसम्पर्क हुने र सार्वजनिक सेवा प्रवाह हुने कार्यालयमा पठाउने | लगत अभिलेख शाखा | सम्बन्धित सरोकारवाला निकायहरू | ऐ. | लगत इन्ट्री प्रारम्भ भएपछि प्रत्येक महिना |
| १३ | लगत प्रकाशित गर्ने र प्रकाशित लगत स्थानीय निकायसम्म पुऱ्याउने | महानिर्देशक | लगत अभिलेख शाखा | ऐ. | हरेक ३ महिनामा |
| १४ | फैसला कार्यान्वयन सम्बन्धी कानुन संशोधनका लागि उच्चस्तरीय समितिको गठन | नेपाल सरकार | सर्वोच्च अदालत, न्याय परिषद, अर्थ मन्त्रालय, कानून मन्त्रालय | ऐ | तीन महिना भित्र |
| १५ | जिल्ला अदालतमा फैसला कार्यान्वयन एकाईको स्थापना र कार्य प्रक्रिया निर्धारण | सर्वोच्च अदालत | अर्थ,गृह, सामान्य प्रशासन मन्त्रालय, सहयोगी निकाय | ऐ | नियमावली संशोधन भएको तीन महिना भित्र |
| १६ | फैसला कार्यान्वयनमा संलग्न जनशक्तिलाई प्रशिक्षण | फैसला कार्यान्वयन निर्देशनालय | राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्यायसेवा तालिम केन्द्र, सहयोगी निकायहरू | ऐ. | निरन्तर |
| १७ | दण्ड जरिवाना असुल तहसिल गर्ने | फैसला कार्यान्वयन अधिकारी र डोर कर्मचारी | स्थानीय प्रहरी, स्थानीय निकाय, नागरिक समाज, जिल्ला समन्वय समिति । | ऐ. | निरन्तर |
| १८ | फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तहरू समयमा किनारा गर्ने | फैसला कार्यान्वयन अधिकारी | स्थानीय प्रहरी, स्थानीय निकाय, नागरिक समाज, जिल्ला समन्वय समिति । | ऐ. | दर्खास्त दर्ता भएको ६ महिना भित्र किनार गरी सक्ने । |
| १९ | फैसला कार्यान्वयन जिल्ला समन्वय समितिको वैठक | जिल्ला न्यायाधीश | फैसला कार्यान्वयन अधिकारी र अरू सहयोगी निकायहरू | ऐ. | नमुना जिल्ला अदालतमा प्रत्येक महिना अरू अदालतमा कम्तीमा ३ महिनामा एक पटक |
| २० | फैसला कार्यान्वयन एकाईको निरीक्षण तथा अनुगमन | फैसला कार्यान्वयन निर्देशनालय, पुनरावेदन अदालत, सर्वोच्च अदालत | नेपाल सरकार | ऐ. | निरन्तर |
| २१ | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | सर्वोच्च अदालत | अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, कानून न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय | ऐ | केन्द्रीय निर्देशनालयको पूर्वाधार तयार भएको तीन महिना भित्र |

## फैसला कार्यान्वयन निर्देशनालयको स्थापना सम्बन्धी अध्ययन प्रतिवेदनको कार्यान्वयनसम्बन्धी

# कार्ययोजना

### क) केन्द्रीय स्तरमा गरिने कार्यहरू

| सि.नं. | क्रियाकलापहरू | २०६६ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | छैठौं | सातौं | आठौं | नवौं | दशौं | एघारौं | बाह्रौं |
| | प्रतिवेदनको कार्यान्वयनको स्वीकृती | | | | | | | | | | | | |
| | फैसला कार्यान्वयन निर्देशनालयको स्थापनाका लागि पूर्वाधार तयार | | | | | | | | | | | | |
| | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | | | | | | | | | | | | |
| | फैसला कार्यान्वयनका लागि नमुना जिल्ला अदालत तोक्ने | | | | | | | | | | | | |
| | केन्द्रीय लगत व्यवस्थापनका लागि लगत ढाँचाको निर्माण | | | | | | | | | | | | |
| | सवै जिल्लाबाट दण्ड जरिवाना तथा फैसला कार्यान्वयन सम्बन्धी विवरण झिकाउने | | | | | | | | | | | | |
| | दण्ड जरिवानाको लगत केन्द्रीय अभिलेखमा इन्ट्री गर्ने | | | | | | | | | | | | १ वर्ष सम्म |
| | फैसला कार्यान्वयन निर्देशनालयको स्थापनाका लागि नियमावलीमा संशोधन | | | | | | | | | | | | |
| | फैसला कार्यान्वयन निर्देशनालयको स्थापना | | | | | | | | | | | | |
| | फैसला कार्यान्वयन निर्देशनालयका कर्मचारीहरूलाई आधारभूत प्रशिक्षण | | | | | | | | | | | | |
| | फैसला कार्यान्वयनमा संलग्न जनशक्तिलाई प्रशिक्षण | | | | | | | | | | | | निरन्तर |
| | फैसला कार्यान्वयन एकाईको निरीक्षण तथा अनुगमन | | | | | | | | | | | | निरन्तर |

| सि.नं. | क्रियाकलापहरू | २०६६ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | छैठौं | सातौं | आठौं | नवौं | दशौं | एघारौं | बाह्रौं |
| | फैसला कार्यान्वयन निर्देशक समितिको बैठक | | | | | | | | | | | | निरन्तर रूपमा प्रत्येक तीन तीन महिनामा |
| | जिल्ला अदालतमा फैसला कार्यान्वयन एकाईको स्थापना र कार्य प्रक्रिया निर्धारण | | | | | | | | | | | | |
| | फैसला कार्यान्वयन सम्बन्धी कानुन संशोधनका लागि उच्चस्तरीय समितिको गठन | | | | | | | | | | | | |
| | फैसला कार्यान्वयनका लागि तोकिएको नमुना जिल्ला अदालतको पूर्वाधार तयार | | | | | | | | | | | | |
| | नमुना अदालतका कर्मचारीहरूलाई प्रशिक्षण | | | | | | | | | | | | |
| | इन्ट्री भएको लगत सम्बन्धित जिल्ला अदालतमा पठाउने | | | | | | | | | | | | इन्टि गर्ने कार्य समाप्त नभएसम्म प्रत्येक महिना |

## ख) जिल्ला अदालत स्तरमा गरिने कार्यहरूको कार्य योजना

| सि.नं. | क्रियाकलापहरू | २०६६ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | छैठौं | सातौं | आठौं | नवौं | दशौं | एघारौं | बाह्रौं |
| | फैसला कार्यान्वयनका लागि तोकिएको नमुना जिल्ला अदालतको पूर्वाधार तयार | | | | | | | | | | | | |
| | नमुना अदालतका कर्मचारीहरूलाई प्रशिक्षण | | | | | | | | | | | | |
| | इन्ट्री भएको लगत सम्बन्धित प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, अध्यागमन विभाग र परराष्ट्र मन्त्रालय लगायत जनसम्पर्क हुने र सार्वजनिक सेवा प्रवाह हुने कार्यालयमा पठाउने | | | | | | | | | | | | निरन्तर रूपमा प्रत्येक महिना |
| | लगत प्रकाशित गर्ने र प्रकाशित लगत स्थानीय निकायसम्म पुऱ्याउने | | | | | | | | | | | | निरन्तर रूपमा प्रत्येक ३ महिनामा |
| | फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तहरू समयमा किनारा गर्ने | | | | | | | | | | | | निरन्तर |
| | दण्ड जरिवाना असुल तहसिल गर्ने | | | | | | | | | | | | निरन्तर |
| | केन्द्रिय निर्देशनालयमा मासिक प्रतिवेदन पठाउने | | | | | | | | | | | | निरन्तर रूपमा प्रत्येक महिना |
| | फैसला कार्यान्वयन जिल्ला समन्वय समितिको वैठक | | | | | | | | | | | | निरन्तर रूपमा नमुना अदालतमा प्रत्येक महिनामा र अन्य अदालतमा प्रत्येक तिन महिनामा |

# अनुसूचीहरू

- अनुसूची १
  अध्ययनको क्रममा गरिएको छलफल
- अनुसूची २
  अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरूको विवरण
- अनुसूची ३
  फैसला कार्यान्वयन निर्देशनालयका कर्मचारीको कार्यविवरण
- अनुसूची ४
  फैसला कार्यान्वयन एकाईका कर्मचारीको कार्य विवरण

अनुसूची १

## अध्ययनको क्रममा गरिएको छलफल

१. निर्देशक समितिको छलफल

अध्ययनलाई प्रभावकारी बनाउन र अध्ययन समूहले बनाएको प्रतिवदेनलाई समिक्षा गर्न निर्देशक समितिको बैठक २०६५/६/१०, २०६५/७/२०, २०६५/९/१ र २०६५/१०/२६ गते बस्यो । निर्देशक समितिले प्रतिवेदनलाई विस्तृत रूपमा अध्ययन गरी २०६६/२/४ गते सम्माननीय प्रधानन्यायधीश श्री मिन बहादुर रायमाझीलाई संयोजक तथा राजिष्ट्रार डा. रामकृष्ण तिमल्सेनाको नेतृत्वमा निर्देशक समितिले बुझाइयो ।

उपस्थिति                    स्थानः सर्वोच्च अदालत

| | |
|---|---|
| १. डा. रामकृष्ण तिमल्सेना | रजिष्ट्रार, सर्वोच्च अदालत |
| २. श्री विनोद शर्मा | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ३. श्री तिलप्रसाद श्रेष्ठ | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ४. श्री श्रीकान्त पौडेल | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ५. श्री विपुल न्यौपाने | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ६. श्री गोविन्ददास श्रेष्ठ | प्रमुख, कानूनको शासन सुदृढीकरण परियोजना, द एशिया फाउण्डेशन |
| ७. श्री कृष्णमान प्रधान | कार्यकारी निर्देशक, नेपाल कानुन समाज |

२. प्रस्तुतीकरण एक

मितिः २०६५।६।२८                    स्थानः नेपाल कानून समाज

उपस्थिति

| | |
|---|---|
| १. श्री तीर्थमान शाक्य | कार्यकारी सदस्य, नेपाल कानून समाज |
| २. श्री उदय नेपाली श्रेष्ठ | कार्यकारी सदस्य, नेपाल कानून समाज |
| ३. श्री अनिल सिन्हा | महा सचिव, नेपाल कानून समाज |
| ४. श्री तुलसी भट्ट | कार्यकारी सदस्य, नेपाल कानून समाज |
| ५. श्री पुष्पा भुषाल | कार्यकारी सदस्य, नेपाल कानून समाज |
| ६. श्री तिलप्रसाद श्रेष्ठ | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ७. श्री कृष्णमान प्रधान | कार्यकारी निर्देशक, नेपाल कानून समाज |
| ८. श्री कविता शाह | अधिवक्ता, नेपाल कानून समाज |
| ९. श्री श्यामकुमार भट्टराई | उपसचिव, सर्वोच्च अदालत |

३. प्रस्तुतीकरण दुई

मितिः २०६५।७।२०                    स्थानः सर्वोच्च अदालत

उपस्थिति

| | |
|---|---|
| १. डा. रामकृष्ण तिमल्सेना | रजिष्ट्रार, सर्वोच्च अदालत |
| २. श्री विनोद शर्मा | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ३. श्री तिलप्रसाद श्रेष्ठ | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ४. श्री श्रीकान्त पौडेल | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ५. श्री विपुल न्यौपाने | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ६. श्री गोविन्ददास श्रेष्ठ | द एशिया फाउण्डेशन |

| | |
|---|---|
| ७. श्री कृष्णमान श्रेष्ठ | नेपाल कानुन समाज |
| ८. श्री विष्णु उपाध्याय | उप सचिव, सर्वोच्च अदालत |
| ९. श्री श्यामकुमार भट्टराई | उपसचिव, सर्वोच्च अदालत |
| १०. श्री कविता शाह | अधिवक्ता, नेपाल कानुन समाज |

४. प्रस्तुतीकरण तीन

मितिः २०६५।९।९ स्थानः सर्वोच्च अदालत

उपस्थिति

| | |
|---|---|
| १. डा. श्री रामकृष्ण तिमल्सेना | रजिष्ट्रार, सर्वोच्च अदालत |
| २. श्री गोविन्द कुसुम | सचिव, गृह मन्त्रालय |
| ३. श्री टीका बहादुर हमाल | नायव महान्यायाधिवक्ता, म.न्या.का. |
| ४. श्री नवीन घिमिरे | सह सचिव, गृह मन्त्रालय |
| ५. श्री श्याम सिं थापा | प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय |
| ६. श्री पूर्ण सिंह खड्का | बरिष्ठ प्रहरी उपरिक्षक, प्रहरी प्रधान कार्यालय |
| ७. श्री प्रेम प्रकाश उप्रेती | उपसचिव, स्थानीय बिकास मन्त्रालय |
| ८. श्री विनोद शर्मा | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ९. श्री तील प्रसाद श्रेष्ठ | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| १०. श्री श्रीकान्त पौडेल | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| ११. श्री विपुल न्यौपाने | सह रजिष्ट्रार, सर्वोच्च अदालत |
| १२. श्री विष्णु उपाध्याय | उप सचिव, सर्वोच्च अदालत |

५. प्रस्तुतीकरण चार

मितिः २०६५।१०।१२ स्थानः चितवन होटल बाघमारा, सौराहा चितवन

उपस्थिति

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद वगाले | जिल्ला न्यायाधीश | पाल्पा जिल्ला अदालत |
| २ | श्री चेत प्रसाद शर्मा | नवलपरासी वार | नवलपरासी |
| ३ | श्री टेक वहादुर कार्की | सहायक जिल्ला न्यायधिवक्ता | न्यायधिवक्ताको कार्यलय नवलपरासी |
| ४ | श्री गीता प्रसाद तिमल्सिना | जिल्ला न्यायधिवक्ता | जिल्ला न्यायधिवक्तको कार्यलय चितवन |
| ५ | श्री भीम कुमार ओझा | न्यायाधीश | वारा |
| ६ | श्री नारायण दाहाल | न्यायाधीश | पर्सा |
| ७ | श्री तोयानाथ पौडेल | सहन्यायधिवक्ता | रूपन्देही |
| ८ | श्री ज्ञानहरि भटराई | अधिवक्ता | कपिलवस्तु वार |
| ९ | श्री शिवशंकर प्रसाद चौधरी | सहन्यायधिवक्ता | कपिलवस्तु |
| १० | श्री शम्भु शहनी | अधिवक्ता | |
| ११ | श्री प्रेम शंकर चौधरी | स.इ | कपिलवस्तु |
| १२ | श्री यम नारायण अर्जेल | स.इ | रूपन्देही |
| १३ | श्री लक्ष्मण प्रसाद यादव | अधिवक्ता | |
| १४ | श्री सीता पराजुली | स.ई | नवलपरासी |
| १५ | श्री पुष्पालक्ष्मी श्रेष्ठ | अधिवक्ता | रूपन्देही |
| १६ | श्री सरस्वती शर्मा | अधिवक्ता | कपिलवस्तु |
| १७ | श्री उद्धव न्यौपाने | अधिवक्ता | रूपन्देही |
| १८ | श्री सविर खाँन | अधिवक्ता | रूपन्देही |

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १९ | श्री मुकुन्द अधिकारी | अधिवक्ता | हैटौडा |
| २० | श्री मोहन प्रसाद भट्राई | अधिवक्ता | पुनरावेदन वार हेटौडा |
| २१ | श्री राजु कुमार श्रीवास्तव | अधिवक्ता | कपिलवस्तु |
| २२ | श्री वलराम त्रिपाठी | जिल्ला न्याधिवक्ता | मकवानपुर |
| २३ | श्री विश्व विक | अ.स.इ. | मकवानपुर |
| २४ | श्री मान बहादुर खाती | अ.स.इ. | चितवन |
| २५ | श्री नन्दलाल महतो | अधिवक्ता | चितवन |
| २६ | श्री राधिका रेग्मी | सहजकर्ता | चितवन |
| २७ | श्री प्रकाश थपलिया | अधिवक्ता | चितवन वार |
| २८ | श्री इन्दु कोइराला | अधिवक्ता | चितवन वार |

६. प्रस्तुतीकरण पाँच

मितिः २०६५।१०।१४ स्थानः पोखरा

उपस्थिति

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री गोपाल पराजुली | का.मु. मुख्य न्यायाधीश | पुनरावेदन अदालत पोखरा |
| २ | श्री खेमराज शर्मा | न्यायाधीश | पुनरावेदन अदालत पोखरा |
| ३ | श्री खिम बहादुर थापा | शाखा अधिकृत | पुनरावेदन पोखरा |
| ४ | श्री माधवेन्दराज रेग्मी | जिल्ला न्यायाधीश | स्याङ्जा |
| ५ | श्री नारायणप्रसाद पोखरेल | जिल्ला न्यायाधीश | कास्की |
| ६ | श्री हरिकुमार पोखरेल | जिल्ला न्यायाधीश | कास्की |
| ७ | श्री जगतप्रकाश श्रेष्ठ | जिल्ला न्यायाधीश | तनहु |
| ८ | श्री दिपकराज पौडेल | अधिवक्ता | पोखरा |
| ९ | श्री रामचन्द्र पोखरेल | सहन्यायधिवक्ता | पोखरा |
| १० | श्री मुकुन्द शर्मा पौडेल | अधिवक्ता | पोखरा |
| ११ | श्री भरतमणि खनाल | जिल्ला न्यायधिवक्ता | कास्की |
| १२ | श्री भोलानाथ चौलागाई | जिल्ला न्यायाधीश | कास्की |
| १३ | श्री गोविन्द पौडेल | अधिवक्ता | पोखरा |
| १४ | श्री इन्द प्रसाद वराल | अधिवक्ता | पनरावेदन वार पोखरा |
| १५ | श्री रघुनाथ अधिकारी | अधिवक्ता | पुनरावेदन वार पोखरा |
| १६ | श्री पुष्पराज दाहाल | शाखा अधिकृत | पुनरावेदन अदालत पोखरा |
| १७ | श्री जगन्नाथ पौडेल | शाखा अधिकृत | पुनरावेदन अदालत पोखरा |
| १८ | श्री कृष्ण प्रसाद पौडेल | तहशिलदार | जिल्ला अदालत कास्की |
| १९ | श्री श्याम अर्याल | प्रहरी निरीक्षक | क्षेप्रका पोखरा |
| २० | श्री फणिन्द्र क्षेत्री | प्रहरी नायव निरिक्षक | अप्रका गण्डकी |
| २१ | श्री कृष्ण राना | प्रहरी नायव निरिक्षक | जिप्रका कास्की |
| २२ | श्री सूर्य बहादुर थापा | श्रेस्तेदार | कास्की जिल्ला अदालत |
| २३ | श्री धर्मराज पौडेल | शाखा अधिकृत | पुनरावेदन अदालत पोखरा |
| २४ | श्री रेशमराज सिग्देल | कानुन अधिकृत | क्षेत्रिय प्रसासन कार्यालय पोखरा |
| २५ | श्री डन्डपाणी शर्मा | उप रजिष्टार | पुनरावेदन अदालत पोखरा |
| २६ | श्री जुना कुमारी गुरूङ | अधिवक्ता | पोखरा वार |
| २७ | श्री पिमला अधिकारी पौडेल | अधिवक्ता | पोखरा |
| २८ | श्री दिपा कोइराला | अधिवक्ता | पोखरा |
| २९ | श्री विष्णुप्रसाद शर्मा | अधिवक्ता | पु.वे.अ. वार पोखरा |

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| ३० | श्री विदुरकुमार उपाध्याय | शाखा अधिकृत | पु.वे.अ. वार पोखरा |
| ३१ | श्री सोमप्रसाद पराजुली | इजलास अधिकृत | पु.वे.अ. पोखरा |
| ३२ | श्री मुकुन्दराज अर्याल | अधिवक्ता | पु.वे वार पोखरा |
| ३३ | श्री दिनबन्धु वराल | शाखा अधिकृत | पु.वे.अ. पोखरा |
| ३४ | श्री रामप्रसाद अधिकारी | शाखा अधिकृत | जिल्ला प्रशासन कास्की |
| ३५ | श्री कमलप्रसाद अर्याल | अधिवक्ता | पोखरा |
| ३६ | श्री अनिता गुरूङ | अधिवक्ता | पोखरा |
| ३७ | श्री पशुपति सुवेदी | कार्यक्रम अधिकृत | जिविस कास्की |

७. प्रस्तुतीकरण छ

मितिः २०६५।११।१६ स्थानः ग्राण्ड होटल, काठमाडौ

उपस्थिति

| क्र.सं. | नाम | कार्यालय |
|---|---|---|
| १ | मा. न्या. राम प्रसाद श्रेष्ठ | सर्वोच्च अदालत |
| २ | मा. न्या. खिलराज रेग्मी | सर्वोच्च अदालत |
| ३ | मा. न्या. कल्याण श्रेष्ठ | सर्वोच्च अदालत |
| ४ | मा. न्या. रण वहादुर वम | सर्वोच्च अदादत |
| ५ | श्री माधव प्रसाद चालिसे | पुनरावेदन अदालत पाटन |
| ६ | श्री रामकृष्ण तिमिल्सिना | सर्वोच्च अदालत |
| ७ | श्री उदय नेपाली श्रेष्ठ | नेपाल कानुन समाज |
| ८ | श्री कुँवर सिहं राना | नेपाल प्रहरी |
| ९ | श्री लेखनाथ ढकाल | जिल्ला अदालत ललितपुर |
| १० | श्री भेषराज शर्मा | अर्थ मन्त्रालय |
| ११ | श्री ओम प्रकाश मिश्र | विषेश अदालत |
| १२ | श्री तिल प्रकाश श्रेष्ठ | सर्वोच्च अदालत |
| १३ | श्री अनिल कुमार सिन्हा | नेपाल कानून समाज |
| १४ | श्री खिमानन्द भुसाल | गृह मन्त्रालय |
| १५ | श्री राजु खतिवडा | सर्वोच्च अदालत |
| १६ | श्री राम प्रसाद न्यौपाने | सर्वोच्च अदालत |
| १७ | श्री परशुराम कोइराला | सर्वोच्च अदालत, वार एसोसिएसान |
| १८ | श्री चन्द्रमणि ज्ञवाली | सर्वोच्च अदालत |
| १९ | श्री श्रीकान्त पौडेल | सर्वोच्च अदालत |
| २० | श्री टंक पन्त | नेपाल समाचारपत्र |
| २१ | श्री विमल पौडेल | जिल्ला सरकारी वकिल कार्यालय |
| २२ | श्री केशव प्रसाद दाहाल | न्यायमा पँहुच परियोजना |
| २३ | श्री केशर वहादुर वाँनिया | कारागार व्यवस्थापन विभाग |
| २४ | श्री इन्द्र कुमार चाडटेली | स्थानिय विकाश मन्त्रालय |
| २५ | श्री कुमार शर्मा आर्चाय | नेपाल कानुन समाज |
| २६ | श्री ऋषिराम निरौला | ललितपुर जिल्ला अदालत |
| २७ | श्री छत्र वहादुर केशी | ललितपुर जिल्ला अदालत |
| २८ | श्री चन्द्र वहादुर सापकोटा | पुनरावेदन सरकारी वकिल कार्यालय |
| २९ | श्री गुरू दत्त सुवेदी | भुमीसुधार तथा व्यवस्था मंत्रालय |
| ३० | श्री तिर्थ वस्याल | नेपाल कानून समाज |

| क्र.सं. | नाम | कार्यालय |
|---|---|---|
| ३१ | श्री गोविन्द दास श्रेष्ठ | एशिया फाउन्डेसन |
| ३२ | श्री गोपाल प्रसाद पराजुली | जिल्ला विकाश समिती काठमाडौ |
| ३३ | श्री हरि पौडेल | काठमाडौ जिल्ला वार |
| ३४ | श्री प्रेम कोइराला | काठमाडौ जिल्ला अदालत |
| ३५ | श्री संजय खनाल | नेपाल टेलिभिजन |
| ३६ | श्री प्रधुम्न भट्राई | नेपाल टेलिभिजन सरोकार कार्यक्रम |
| ३७ | श्री नवराज दाहाल | भक्तपुर जिल्ला अदालत |
| ३८ | श्री सन्तोष प्रसाद पराजुली | भक्तपुर जिल्ला अदालत |
| ३९ | श्री उदय प्रकाश चापागाई | काठमाडौ जिल्ला अदालत |
| ४० | श्री गोपाल बास्तोला | काठमाडौ जिल्ला अदालत |
| ४१ | श्री कुमार चुडाल | महान्यायधिवक्ताको कार्यलय |
| ४२ | श्री टोप वहादुर सिंह | नेपाल न्यायिक प्रतिष्ठान |
| ४३ | श्री नारायण प्रसाद श्रेष्ठ | काठमाडौ जिल्ला अदालत |
| ४४ | श्री भुपेन्द्र प्रसाद राई | काठमाडौ जिल्ला अदालत |
| ४५ | श्री बिष्णु प्रसाद उपाध्याय | सर्वोच्च अदालत |
| ४६ | श्री वाशुदेव तिमिल्सिना | सगरमाथा टेलिभिजन |
| ४७ | श्री जिवन पाण्डे | सगरमाथा टेलिभिजन |
| ४८ | श्री रजनीथ भण्डारी | काठमाडौ टेलिभिजन |
| ४९ | श्री विनिता रिजाल | काठमाडौ टेलिभिजन |
| ५० | श्री भिर्माजुन आर्चाय | नेपाल कानुन समाज |
| ५१ | श्री कविता शाह | नेपाल कानुन समाज |
| ५२ | श्री भवानी कायस्थ | नेपाल कानुन समाज |
| ५३ | श्री गणेशमान प्रधान | नेपाल कानुन समाज |
| ५४ | श्री विपुल न्यौपाने | सर्वोच्च अदालत |

८. प्रस्तुतीकरण सात

मितिः २०६६।१।२८ स्थानः होटल मल्ल, काठमाडौ

उपस्थिति

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | डा. रामकृष्ण तिमल्सिना | रजिष्ट्रार | सर्वोच्च अदालत |
| २ | श्री तील प्रसाद श्रेष्ठ, | सह रजिष्ट्रार | सर्वोच्च अदालत |
| ३ | श्री विनोद शर्मा | सह रजिष्ट्रार | सर्वोच्च अदालत |
| ४ | श्री श्रीकान्त पौड्याल | सह रजिष्ट्रार | सर्वोच्च अदालत |
| ५ | श्री विपुल न्यौपाने | सह रजिष्ट्रार | सर्वोच्च अदालत |
| ६ | श्री गोविन्ददास श्रेष्ठ | प्रमुख, कानूनको शासन सुदृढीकरण परियोजना | द एशिया फाउन्डेशन |
| ७ | श्री कृष्णमान प्रधान | कार्यकारी निर्देशक | नेपाल कानून समाज |
| ८ | श्री श्यामकुमार भट्टराई | उपसचिव | सर्वोच्च अदालत |
| ९ | श्री विष्णुप्रसाद उपाध्याय | उपसचिव | सर्वोच्च अदालत |
| १० | श्री कविता शाह | अधिवक्ता | नेपाल कानून समाज |
| ११ | श्री उदय नेपाली श्रेष्ठ | कार्यकारी सदस्य | नेपाल कानून समाज |
| १२ | श्री बेन रीड | रूल अफ ल स्पेसलिष्ट | द एशिया फाउन्डेशन |
| १३ | श्री अनिता जोशी | अधिवक्ता | नेपाल कानून समाज |

अनुसूची २

## अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरूको विवरण

१. जिल्ला न्यायाधीश श्री उदयप्रकाश चापागाईं, काठमाडौं जिल्ला अदालत
२. अतिरिक्त जिल्ला न्यायाधीश श्री भुपेन्द्रप्रसाद राई, काठमाडौं जिल्ला अदालत
३. अतिरिक्त जिल्ला न्यायाधीश श्री नरेन्द्रकुमार शिवाकोटी, काठमाडौं जिल्ला अदालत
४. अतिरिक्त जिल्ला न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ, काठमाडौं जिल्ला अदालत
५. अतिरिक्त जिल्ला न्यायाधीश श्री हेमराज पन्त, काठमाडौं जिल्ला अदालत
६. अतिरिक्त जिल्ला न्यायाधीश श्री लेखनाथ घिमिरे, काठमाडौं जिल्ला अदालत
७. अतिरिक्त जिल्ला न्यायाधीश श्री टेकनारायण कुवँर, काठमाडौं जिल्ला अदालत
८. अतिरिक्त जिल्ला न्यायाधीश श्री लिप्तबहादुर थापा, काठमाडौं जिल्ला अदालत
९. अतिरिक्त जिल्ला न्यायाधीश श्री महेन्द्र बहादुर कार्की, काठमाडौं जिल्ला अदालत
१०. जिल्ला न्यायाधीश श्री तेजबहादर कार्की, काठमाडौं जिल्ला अदालत
११. जिल्ला न्यायाधीश श्री मोहनरमण भट्टराई, भक्तपुर जिल्ला अदालत
१२. उपसचिव श्री गोपाल वास्तोला, काठमाडौं जिल्ला अदालत
१३. शाखा अधिकृत श्री प्रेमप्रसाद कोइराला, काठमाडौं जिल्ला अदालत
१४. तहसिलदार श्री चित्रबहादुर के.सी., ललितपुर जिल्ला अदालत
१५. शाखा अधिकृत श्री भीष्मराज प्रसाईं, काठमाडौं जिल्ला अदालत
१६. शाखा अधिकृत श्री भीमकुमार श्रेष्ठ, काठमाडौं जिल्ला अदालत
१७. सह न्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी, महान्यायाधिवक्ताको कार्यालय
१८. उप सचिव श्री दीपकराज पन्त, सर्वोच्च अदालत
१९. शाखा अधिकृत श्री जगदीश भट्ट, सर्वोच्च अदालत
२०. कानून अधिकृत श्री खिमानन्द भुषाल, गृह मन्त्रालय
२१. गृह सचिव श्री गोविन्द कुसुम, गृह मन्त्रालय
२२. प्रहरी महानिरीक्षक श्री हिमबहादुर गुरूङ, प्रहरी प्रधान कार्यालय
२३. प्रहरी नायव महानिरीक्षक श्री विनोद सिंह, प्रहरी प्रधान कार्यालय
२४. नायव महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइराला, महान्यायाधिवक्ताको कार्यालय
२५. नायव महान्यायाधिवक्ता श्री कुमार चुडाल, महान्यायाधिवक्ताको कार्यालय
२६. महान्यायाधिवक्ता श्री राघवलाल वैद्य, महान्यायाधिवक्ताको कार्यालय
२७. अधिवक्ता श्री शंकर सुवेदी ■

अनुसूची ३

# फैसला कार्यान्वयन निर्देशनालयका कर्मचारीहरूको कार्य विवरण

## १. महानिर्देशक

**१) सर्वोच्च अदालत नियमावलीको नियम १०५ च (१) बमोजिम महानिर्देशकले गर्ने भनी तोकिएका देहायका कार्यहरू गर्ने**

क) निर्देशनालयको कार्यकारी प्रमुखको रूपमा काम गर्ने,

ख) निर्देशनालयका कर्मचारीहरूलाई कार्यविवरण सहितको जिम्मेवारी दिने,

ग) दण्ड, जरिवाना, कैद तथा फैसला कार्यान्वयन सम्बन्धी अन्य अभिलेख अद्यावधिक गराउने प्रबन्ध गर्ने,

घ) फैसला कार्यान्वयन सम्बन्धी सरोकारवाला निकायहरूसँग अन्तर सम्बन्धको विकास गर्ने,

ङ) निर्देशनालय र माताहत इकाईको नियमित निरीक्षण तथा अनुगमन गर्ने,

च) दण्ड, जरिवाना, कैद असुल तहसिलका लागि प्रहरी बलको परिचालन गर्ने

छ) निर्देशनालयको वार्षिक कार्यक्रम तजुमा गर्ने,

ज) निर्देशनालयको आर्थिक तथा प्रशासनिक प्रबन्ध गर्ने,

झ) सर्वोच्च अदालतका रजिष्ट्रारले निर्देशन दिए बमोजिमका कामहरू गर्ने ।

**२) प्रशासनिक कार्यहरू**

क. फैसला कार्यान्वयन निर्देशक समितिको सदस्य सचिवको रूपमा काम गर्ने,

ख. निर्देशक समितिले दिएको नीतिगत निर्देशन अनुसार आफ्नो र मातहत एकाईको प्रशासकीय व्यवस्थापन गर्ने,

ग. निर्देशनालयका कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

घ. निर्देशनालय र मातहत एकाईका जनशक्तिको विकासका लागि जनशक्ति योजना तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने,

ङ. फैसला कार्यान्वयन सम्बन्धमा देखिएका समस्याहरू पहिचान गरी त्यस्ता समस्याको समाधान गर्नका लागि नीतिगत सुधार गर्न निर्देशक समिति समक्ष प्रस्ताव गर्ने,

च. निजामती सेवा ऐन नियम बमोजिम विभागीय प्रमुखको रूपमा काम गर्ने,

छ. उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने,

ज. फैसला कार्यान्वयन सम्बन्धी बडापत्र जारी गर्ने,

झ. फैसला कार्यान्वयन सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्ने,

ञ. प्रचलित ऐन नियम बमोजिम तोकिदिएका जिम्मेवारीहरू पालना गर्ने,

ट. निर्देशनालयको स्वीकृत कार्यक्रम बमोजिमको बजेट तर्जुमा गरी सम्बन्धित निकायमा पेश गर्ने,

ठ. प्रचलित ऐन, नियम, निर्देशनको अधीनमा रही विनियोजित बजेट खर्च गर्ने,

ड. निर्देशनालय र मातहत एकाईको प्रशासनिक तथा आर्थिक र जिन्सीको निरीक्षण गर्ने ।

## २. निर्देशक, दण्ड जरिवाना असुली तथा सहयोग महाशाखा

**१) सर्वोच्च अदालत नियमावलीको नियम १०५च(२) बमोजिम निर्देशकले गर्ने भनी तो किएका देहायका कार्यहरू गर्ने**

क) केन्द्रीय लगत अभिलेखबाट प्राप्त भएको दण्ड, जरिवाना, कैदको लगत विवरण अनुसार कैद जरिवाना लागेका व्यक्तिहरू पक्राउ गरी असुल तहसिल गर्ने गराउने,

ख) दण्ड जरिवाना असुल तहसिललाई प्रभावकारी बनाउन अपनाउनु पर्ने रणनीति तर्जुमा गरी महानिर्देशक समक्ष प्रस्ताव गर्ने,

ग) आफ्नो महाशाखाको कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि पेश गर्ने,

घ) फैसला कार्यान्वयन निर्देशनालय र मातहत एकाईमा कार्यरत प्रहरी जनशक्तिको समुचित परिचालन र व्यवस्थापन गर्ने,

ङ) आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूमा कार्यरत काम कारवाही लाई छिटो छरितो र प्रभावकारी रूपमा सम्पन्न गर्ने,

च) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका कामहरू गर्ने ।

**२) अन्य कार्यहरू**

क. दण्ड जरिवाना कैद असुल तहसिल गर्दाको अवस्थामा देखिएका समस्याहरू पहिचान गरी त्यसको समाधानका लागि गर्नुपर्ने नीतिगत सुधारका लागि महानिर्देशक समक्ष पेश गर्ने,

ख. आफ्ना मातहतका प्रहरी कर्मचारीहरूको कार्य विवरण तोकी कार्यान्वयन गराउने,

ग. प्रहरी सेवा ऐन नियम बमोजिम आफ्ना मातहतका प्रहरी कर्मचारीहरूको विभागीय प्रमुखको रूपमा निजहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

घ. आफ्नो महाशाखाको वार्षिक कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि पेश गर्ने,

ङ. आफ्नो महाशाखा अन्तर्गतका कामकाजहरूको पूर्ण उत्तरदायित्व लिने,

च. आफ्नो पदीय कार्य प्रकृतिसंग सम्बन्धित प्रचलित कानुनले तोकीदिएको अन्य काम काज गर्ने,

छ. प्रहरी प्रधान कार्यालय तथा अन्य प्रहरी कार्यालयहरू संग निर्देशनालयको सम्पर्क व्यक्तिको रूपमा काम गर्ने,

ज. आफ्ना महाशाखा अन्तर्गतका कामकारवाहीको प्रगति विवरण महानिर्देशक समक्ष पेश गर्ने ।

## ३. निर्देशक, केन्द्रीय लगत अभिलेख महाशाखा

**१) सर्वोच्च अदालत नियमावलीको नियम १०५च(३) बमोजिम निर्देशकले गर्ने भनी तोकिएका देहायका कार्यहरू गर्ने**

क) फैसला कार्यान्वयन एकाईबाट प्राप्त दण्ड, जरिवाना, कैद सरकारी बिगो तथा जिन्सी सामान लगायत फैसला कार्यान्वयन सम्बन्धी प्राप्त अन्य विवरणलाई केन्द्रीय अभिलेखमा राखी नियमित रूपमा अद्यावधिक गर्ने,

ख) दण्ड जरिवानाको लगतलाई केन्द्रीय सूचना सञ्जालमा आबद्ध गराई सरोकारवाला निकाय सम्म सूचना प्रवाह गर्ने,

ग) दण्ड जरिवानाको अद्यावधिक लगत विवरण असुल तहसिलका लागि दण्ड जरिवाना असुल शाखामा पठाउने,

घ) दण्ड जरिवानाको केन्द्रीय अभिलेखलाई व्यवस्थित गर्ने अपनाउनु पर्ने रणनीति मस्यौदा गरी महानिर्देशक समक्ष पेश गर्ने,

ङ) आफ्नो महाशाखाको वार्षिक कार्यक्रम तर्जूमा गरी स्वीकृतिका लागि पेश गर्ने,

च) आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूमा कार्यरत काम कारवाही लाई छिटो छरितो र प्रभावकारी रूपमा सम्पन्न गर्ने,

छ) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका कामहरू गर्ने ।

**२) अन्य कार्यहरू**

क. आफ्नो महाशाखा सम्बन्धी कार्य सुचारू रूपमा सम्पन्न गर्न आवश्यक पर्ने रणनीतिहरू तर्जूमा गरी महानिर्देशक समक्ष प्रस्तुत गर्ने,

ख. महाशाखा अन्तर्गतका कर्मचारीहरूको कार्य विवरण जारी गरी कार्यान्वयन गराउने,

ग. महाशाखा अन्तर्गतका शाखाहरूमा कार्यरत कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

घ. महानिर्देशकको निर्देशनमा रही निर्देशनालयको प्रशासनिक कार्य सञ्चालन गर्ने,

ङ. आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूको अनुगमन तथा निरीक्षण गर्ने,

च. महाशाखा अन्तर्गतका कामकाजको पूर्ण उत्तरदायित्व लिने,

छ. आफ्ना महाशाखा अन्तर्गतका कामकारवाहीको प्रगति विवरण महानिर्देशक समक्ष पेश गर्ने ।

## ४. शाखा प्रमुख, केन्द्रीय लगत अभिलेख शाखा

**१) सर्वोच्च अदालत नियमावलीको नियम १०५च(४) बमोजिम निर्देशकले गर्ने भनी तोकिएका देहायका कार्यहरू गर्ने**

क) केन्द्रीय लगत अभिलेखबाट प्राप्त भएको दण्ड, जरिवाना, कैदको लगत विवरण अनुसार कैद जरिवाना लागेका व्यक्तिहरू पक्राउ गरी असुल तहसिल गर्ने गराउने,

ख) दण्ड जरिवाना असुल तहसिललाई प्रभावकारी बनाउन अपनाउनु पर्ने रणनीति तर्जुमा गरी महानिर्देशक समक्ष प्रस्ताव गर्ने

ग) आफ्नो महाशाखाको कार्यक्रम तर्जूमा गरी स्वीकृतिका लागि पेश गर्ने,

घ) फैसला कार्यान्वयन निर्देशनालय र मातहत एकाईमा कार्यरत प्रहरी जनशक्तिको समुचित परिचालन र व्यवस्थापन गर्ने,

ङ) आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूमा कार्यरत काम कारवाही लाई छिटो छरितो रप्रभावकारी रूपमा सम्पन्न गर्ने,

च) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका कामहरू गर्ने ।

**२) अन्य कार्यहरू**

क. दण्ड जरिवानाको लगत अभिलेख व्यवस्थापनको क्रममा देखिएका समस्याहरूको पहिचान गरी समाधानका लागि महाशाखा प्रमुख समक्ष पेश गर्ने,

ख. दण्ड जरिवाना लगत अभिलेखको मासिक तथा वार्षिक विवरण तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने,

ग. दण्ड जरिवानाको अध्यावधिक अभिलेख सूचना सञ्जालमा आबद्ध गराई सरोकारवाला निकायहरू समक्ष पठाउन महाशाखा प्रमुख समक्ष पेश गर्ने,

घ. आफ्नो शाखाका कामकारवाही प्रति पूर्ण उत्तरदायी रहने,

ङ. आफ्नो शाखा अन्तर्गतका काम कारवाहीहरू व्यवस्थित गर्नका लागि अपनाउनु पर्ने रणनीतिका बारेमा महाशाखा प्रमुख र महानिर्देशकलाई आवश्यक सल्लाह दिने ।

## ५. शाखा प्रमुख, निरीक्षण तथा अनुगमन शाखा

**१) सर्वोच्च अदालत नियमावलीको नियम १०५च(५) बमोजिम निर्देशकले गर्ने भनी तोकिएका देहायका कार्यहरू गर्ने**

क) महानिर्देशक वा महाशाखा प्रमुखको स्वीकृति लिई मातहत एकाईहरूबाट सम्पादित फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीको नियमित निरीक्षण तथा अनुगमन गर्ने,

ख) निरीक्षण तथा अनुगमनबाट प्राप्त विवरणलाई प्रतिवेदनको रूप दिई महाशाखा प्रमुख समक्ष पेश गर्ने,

ग) फैसला कार्यान्वयन सम्बन्धी सूचना तथा तथ्याङ्कहरू अद्यावधिक गरी विश्लेषण गर्ने,

घ) फैसला कार्यान्वयनमा देखिएका समस्याहरू  पहिचान गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने,

ङ) सर्वोच्च अदालतबाट भएका आदेश तथा निर्देशनहरूको विवरण अद्यावधिक राखी सो आदेश तथा निर्देशन कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

च) महानिर्देशक वा महाशाखा प्रमुख बाट प्राप्त निर्देशन बमोजिमको काम गर्ने,

छ) आफ्नो शाखाको काम कारवाही प्रभावकारी रूपमा सम्पन्न गर्ने,

ज) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका कामहरू गर्ने ।

**२) अन्य कार्यहरू**

क. फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीको निरीक्षण तथा अनुगमन गर्नका लागि वार्षिक कार्यतालिका तयार गरी पेश गर्ने,

ख. आफ्नो शाखाका कामकारवाही प्रति पूर्ण उत्तरदायी रहने,

ग. आफ्नो शाखा अन्तर्गतका काम कारवाहीहरू व्यवस्थित गर्नका लागि अपनाउनु पर्ने रणनीतिका बारेमा महाशाखा प्रमुख र महानिर्देशकलाई आवश्यक सल्लाह दिने ।

## ६. शाखा प्रमुख, दण्ड जरिवाना असुली शाखा

**१) सर्वोच्च अदालत नियमावलीको नियम १०५च(६) बमोजिम निर्देशकले गर्ने भनी तोकिएका देहायका कार्यहरू गर्ने**

क) केन्द्रीय लगत अभिलेखबाट प्राप्त सूचना तथा लगत विवरणका आधारमा कैद जरिवाना लागेका व्यक्तिहरूको पहिचान गर्ने,

ख) दण्ड, जरिवाना, कैद लागेका व्यक्तिको वतन फरक पारी बसेको भए सोको विवरण संङ्कलन गरी केन्द्रीय लगत अभिलेखमा जानकारी दिने,

ग) महानिर्देशक वा महाशाखा प्रमुखबाट प्राप्त निर्देशन बमोजिमको काम गर्ने,

घ) आफ्नो शाखाको काम कारवाही प्रभावकारी रूपमा सम्पन्न गर्ने,

ङ) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका कामहरू गर्ने ।

**२) अन्य कार्यहरू**

क. आफ्नो शाखाबाट भएका काम कारवाहीको मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने ।

ख. आफ्नो शाखाका कामकारवाही प्रति पूर्ण उत्तरदायी रहने ।

ग. आफ्नो शाखा अन्तर्गतका काम कारवाहीहरू व्यवस्थित गर्नका लागि अपनाउनु पर्ने रणनीतिका बारेमा महाशाखा प्रमुख र महानिर्देशकलाई आवश्यक सल्लाह दिने ।

## ७. शाखा प्रमुख, सहयोग तथा समन्वय शाखा

**१) सर्वोच्च अदालत नियमावलीको नियम १०५च(७) बमोजिम निर्देशकले गर्ने भनी तोकिएका देहायका कार्यहरू गर्ने**

क) फैसला कार्यान्वयन एकाईबाट हुने दण्ड जरिवाना असुली तथा अन्य स्थलगत कार्यको सुरक्ष व्यवस्थाका लागि आवश्यक प्रबन्ध मिलाउने,

ख) सम्बन्धित प्रहरी कार्यालय सँग समन्वय गरी फैसला कार्यान्वयनमा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने,

ग) महानिर्देशक वा महाशाखा प्रमुखबाट प्राप्त निर्देशन बमोजिमको काम गर्ने,

घ) आफ्नो शाखाको काम कारवाही प्रभावकारी रूपमा सम्पन्न गर्ने,

ङ) महानिर्देशकले अधिकार प्रत्यायोजन गरिदिएका अन्य कामहरू गर्ने ।

२) **अन्य कार्यहरू**

क. फैसला कार्यान्वयनको क्रममा सुरक्षा व्यवस्था परिचालन गर्ने सम्बन्धमा देखिएका समस्याहरू पहिचान गरी समाधानका लागि महाशाखा प्रमुख समक्ष पेश गर्ने,

ख. आफ्नो शाखाबाट भएका काम कारवाहीको मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने,

ग. आफ्नो शाखाका कामकारवाही प्रति पूर्ण उत्तरदायी रहने,

घ. आफ्नो शाखा अन्तर्गतका काम कारवाहीहरू व्यवस्थित गर्नका लागि अपनाउनु पर्ने रणनीतिका बारेमा महाशाखा प्रमुख र महानिर्देशकलाई आवश्यक सल्लाह दिने ।

अनुसूची ४

# फैसला कार्यान्वयन एकाईका कर्मचारीहरूको कार्य विवरण

## १. फैसला कार्यान्वयन अधिकारीको काम कर्तव्य र अधिकार

### १.१ मुख्य कार्यहरू

क. फैसला कार्यान्वयन सम्बन्धमा परेका निवेदनहरू हेरी जाँची रीत पुगेको भए आवश्यक दस्तुर लिई दर्ता गर्ने वा दर्ता गर्न नमिल्ने भए कारण जनाई दरपीठ गर्ने,

ख. फैसला बमोजिम भरी भराउ गर्ने, चलन चलाउने, बण्डा छुट्याउने र सो सम्बन्धी अन्य काम गर्ने,

ग. फैसला कार्यान्वयनको सिलसिलामा वारिसनामा लिने, सकार गराउने र दरखास्त दिई तारिखमा रहेको पक्षले गुज्रेको तारिख थामी पाऊँ भनी दरखास्त दिएमा कानून बमोजिमको आदेश गर्ने,

घ. अदालतबाट रोक्का भएका वा अरू अदालतबाट रोक्का भै आएका जायजेथाहरू अन्य अड्डा अदालतमा दाखिल चलान गर्नुपर्ने भएमा समयमै दाखिल चलान गर्ने,

ङ. अदालतका र अरू अदालतबाट आएको फैसला बमोजिम दण्ड जरिवानाको लगत कसी अरू अदालतमा लगत जाने जती अरू अदालतमा लगत कस्न पठाउने र आफ्नै अदालतमा लगत कस्न पर्ने जती कसी असुल फछ्यौट गर्ने,

च. फैसला वा आदेश बमोजिम रोक्का भएको जायजात कानुन बमोजिम लिलाम गर्ने,

छ. कुनै पनि कामका लागि कर्मचारीलाई फिल्डमा खटाउदा त्यस ठाँउमा गएर गर्नुपर्ने काम पुर्‍याउनु पर्ने अनिवार्य कानुनी रीत, सो काम गर्दा आई पर्नसक्ने बाधा व्यवधान र त्यसका समाधानका उपाय बारेमा सम्झाई बुझाई पठाउने ।

### १.२ अन्य कार्यहरू

क. फैसला कार्यान्वयन एकाईको प्रमुखको रूपमा काम गर्ने,

ख. फैसला कार्यान्वयनको कुनै विषयमा अड्बड परेमा फैसला कार्यान्वयन अधिकारीले महानिर्देशक समक्ष पेश गरी निकाशा भए बमोजिम गर्ने,

ग. आफ्नो एकाईका कर्मचारीहरूलाई शाखा तोकी कार्य विवरण दिने । आफू अन्तर्गतका कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

घ. फैसला कार्यान्वयनका लागि विनियोजित बजेट प्रचलित प्रचलित कानुनको अधीनमा रही खर्चको सिफारिस गर्ने,

ङ. आफ्नो एकाईमा कसिएका दण्ड जरिवाना, सरकारी बिगो, जेथा जमानत तथा धरौटी विवरणसहितको लगत अध्यावधिक विवरण फैसला कार्यान्वयन निर्देशनालयमा पठाउने,

च. फैसला कार्यान्वयन सम्बन्धी दर्खास्तहरूको लगत फछ्र्यौट विवरण फैसला कार्यान्वयन निर्देशनालय, सर्वोच्च अदालत, न्याय परिषदमा समेत पठाउने,

छ. फैसला कार्यान्वयन जिल्ला समन्वय समितिको सदस्य सचिवको रूपमा काम गर्ने,

ज. फैसला कार्यान्वयनसम्बन्धमा देखिएका समस्याहरू पहिचान गरी समाधानका उपायहरू सहित महानिर्देशक समक्ष पेश गर्ने,

झ. फैसला कार्यान्वयन एकाईको वार्षिक कार्यक्रम तथा कार्यतालिका तयार गर्ने,

ञ. फैसला कार्यान्वयनका सम्बन्धमा माथिल्लो निकायबाट प्राप्त निर्देशनहरू कार्यान्वयन गर्ने गराउने,

ट. दण्ड जरिवाना तथा कैद असुली तथा फैसला कार्यान्वयन सम्बन्धी अन्य काममा आफू मातहत रहेका सुरक्षाकर्मीहरू परिचालन गर्ने । आवश्यक परे सम्बन्धित प्रहरी कार्यालयबाट थप सहयोग माग गर्ने,

ठ. फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीको पूर्ण जिम्मेवारी लिने,

ड. आफ्नो एकाईलाई सुधार गर्न आवश्यक उपाय निर्देशनालय समक्ष पेश गर्ने,

ढ. अदालत प्रयोगकर्तासँग शिष्टतापूर्वक व्यवहार गर्ने र उनीहरूलाई फैसला कार्यान्वयनको कार्यप्रक्रिया बारे जानकारी दिने,

ण. आफ्नो एकाईमा रहेका भौतिक चिजवस्तुको संरक्षण गर्ने र अदालतको सम्पत्तिको दुरूपयोग हुन नदिने,

त. सरकारी कामको सिलसिलामा आफूलाई थाहा हुन आएको गोप्य कुरा प्रकट नगर्ने,

थ. निजामती सेवा ऐन नियमद्धारा निर्धारित आचरणको पालना गर्ने ।

## २. फैसला कार्यान्वयन एकाईमा रहेका फाँटहरूको काम कर्तव्य र अधिकार

### २.१ फैसला कार्यान्वयन दरखास्त दर्ता फाँट

क. फैसला कार्यान्वयनको लागि वण्डा छुट्याउने, चलन चलाउने, बिगो भराउने, दाखिल खारेज नामसारी गराउने, रजिष्ट्रेशन पारित गर्ने, पूर्जी गर्ने, धरौटी फिर्ता इत्यादिको लागि पर्न आउने दरखास्त तोकिएको ढाँचामा खडा भएको दर्ता किताबमा दर्ता गर्ने, दरखास्तवालाको नाम, थर, वतन विपक्षीको नाम, थर, वतन, मुद्दा फैसला भएको मिति, दरखास्त परेको मिति, दर्ता नं., फैसला कार्यान्वयन भै तामेलीमा रहेको मिति र कैफियत समेत देखिने गरी दर्ता किताब खडा गरी राख्ने,

ख. सम्बन्धित फैसलाको नक्कल सहित रीतपूर्वक दरखास्त पर्न आएको देखिए फैसला कार्यान्वयन अधिकारीबाट तोक लगाई सम्बन्धित दर्ता किताबमा दर्ता गरी दरखास्तवालालाई तारिख तोकी दिने,

ग. दरखास्त दर्ता हुनासाथ जग्गा भए विक्री वितरण रोक्का गर्न तुरून्त फैसला कार्यान्वयन अधिकारी समक्ष पेश भएका आदेश बमोजिमको काम तत्काल गर्ने,

घ. बिगो भराउने कुरा भए तत्काल प्रतिवादीका नाममा ३५ दिने म्याद पठाई म्याद भित्र बुझाउनु पर्ने रकम लिई आउनु अन्यथा यो जग्गा वा वस्तु रोक्का राखिएको हुँदा लिलाम भै जानेछ भन्ने कुराको जानकारी सहितको म्याद सूचना तीन दिन भित्र तयार गरी म्याद तामेली शाखामा बुझाउने,

ङ. बिगो भरी भराउ गर्ने सम्पत्ति प्रतिवादी देखि बाहेकका मानिसका नाममा दर्ता भएको भए र त्यस्तो सम्पत्ति रोक्का गर्ने फैसला कार्यान्वयन अधिकारीको आदेश भएको भए जेथावालालाई सात दिने सूचना म्याद जारी गर्ने,

च. वण्डा छुट्याई पाऊँ भनी वण्डा पाउनेको दरखास्त परेपछि अरू पनि वण्डा छुट्टयाई लिनु पर्ने अंशियार भए फलानाको दरखास्त परेको छ तपाईको पनि वण्डा छुट्टयाउन पर्ने भए १५ दिन सम्म म्याद बाँकी भए ज्ञछ दिन भित्र र सो भन्दा घटी म्याद वाँकी भए बाँकी म्याद भित्र दरखास्त दिन आउनु, नआए निजको वण्डा छुट्टयाईने छ, पछि घटि बढी भयो भन्न पाइने छैन भनी म्याद दरखास्त दर्ता भएका ३ दिन भित्र जारी गर्ने,

छ. वण्डा दिनेले सबै वण्डा छुट्याई बुझाई पाऊँ भनी दरखास्त दिए वण्डा पाउनेलाई १५ दिनको म्याद तयार गरि फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

ज. प्रत्येक महिनाको ७ गते भित्र दर्ता भएका दरखास्तहरू एक भन्दा बढी फैसला कार्यान्वयन फाँट रहेको भए र एक भन्दा बढी न्यायाधीशहरू रहेको भए बण्डाको निमित्त फैसला कार्यान्वयन अधिकारी समक्ष गर्ने,

झ. दर्ता श्रेस्ता झिकाउने, पुनरावेदनको म्याद बुझ्नु पर्ने आदेश भएको भए तत्कालै पत्र तयार गरि फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

ञ. चलन चलाउने दरखास्त परेमा दरखास्तवालालाई तारिखमा राखी विपक्षीलाई १५ दिन भित्र घर खाली गर्ने वा चलन दिने इत्यादि कामको लागि अदालतमा हाजिर हुन आउनु भनी म्याद जारी गर्न फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

ट. फैसला कार्यान्वयन एकाईको दर्ता चलानीको काम गर्ने,

ठ. एकाईको छाप लेटर प्याड लगायतका सामानहरू सुरक्षितरूपमा राख्ने,

ड. माथिल्लो निकायबाट प्राप्त परिपत्रहरू सिलसिलेवार रूपमा राख्ने र फैसला कार्यान्वयन अधिकारीको निर्देशन बमोजिम गर्ने,

ढ. एकाईमा कार्यरत कर्मचारीहरूको व्यक्तिगत विवरण अध्यावधिक गरी राख्ने,

ण. फैसला कार्यान्वयन अधिकारीले तोकीदिए बमोजिमको प्रशासनिक कार्य गर्ने ।

### २.२ फैसला कार्यान्वयन फाँट

क. दर्ता फाँटबाट प्रत्येक महिनाको ७ गते भित्र फैसला कार्यान्वयन अधिकारी समक्ष वण्डाभएका दरखास्तहरू बुझि लिने : म्याद तामेल भएको छ छैन, रोक्का राख्नु पर्ने सम्पत्ति रोक्का छ छैन, मागिएको जवाफ प्राप्त भएको छ छैन, मिसिलमा गर्नुपर्ने काम बाँकी छ छैन, ताकेता गर्नुपर्ने अवस्था छ छैन, आदि सम्पूर्ण व्यहोरा रूजु जाँच गरि फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने र भएका आदेशानुसार गर्ने,

ख. बिगो भरि भराउने गर्नु भनि तोकिएको म्याद भित्र बिगो दाखिल गर्न नआए म्याद तामेल भएको छ दिन पुगे पछि डोर खटाई सो जग्गा वा वस्तुको तायदात गरी वस्तुस्थिति स्थानीय चलन चल्तीको मूल्य समेत खुलाई मुचुल्का गराई गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधिलाई समेत रोहबरमा राखी मुचुल्का तयार गर्ने प्रयोजनको निमित्त फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

ग. मोल कायम मुचुल्का गराई ल्याए पछि अदालत रहेको गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधि र नजिकको अड्डाको प्रतिनिधि समेत साक्षी राखी नियम ७५(५) को देहायमा उल्लिखित प्रावधानहरूको विवेचना गरी मूल्य निर्धारणको आधार र कारण खोली पञ्चकीर्ते मोल कायम गर्न फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

घ. पञ्चकृत मूल्याङ्कन हुना साथ लिलामको सूचना लिलाम गर्ने सम्पत्तिको विवरण र मूल्य खुलाई लिलाम गरिने दिन भन्दा कम्तीमा १५ दिन अगावै सम्बन्धित व्यक्तिले प्राप्त गर्ने गरी म्याद सूचना तामेल गर्न पढाई, लिलाम हुने सम्पत्ति रहेको ठाँउ, गाँऊ विकास समिति वा नगरपालिका, बढी जनसम्पर्क हुने कार्यालय र अदालतको सूचना पाटीमा टाँस गर्न सुचना तयार गरि म्याद तामेली शाखामा बुझाउने, यसरी म्याद पठाउँदा जिल्ला प्रशासन, प्रहरी, मालपोत, जिल्ला विकास समिति समेतलाई सूचना दिन सकिने,

ङ. लिलाम हुने दिन अदालत रहेको स्थानीय नगरपालिका वा गाँऊ विकास समिति प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिलाई रोहबरमा बस्न उपस्थितिका लागि सूचना दिई उपस्थित भए निजलाई समेत रोहबरमा राखी डाक बराबर गरी लिलाम गर्नको निमित्त फैसला कार्यान्वयन अधिकारी  समक्ष पेश गर्ने,

च. लिलाम गर्दा पञ्चकीर्ते मूल्याङ्कनमा कसैले सकार नगरे पुन, लिलामको सूचना जारी गरी  अर्को एक पटक लिलाम बडाबड गर्ने र दोस्रोपटक पनि कसैले सकार नगरे दुनियाको बिगोको हकमा दरखास्तवालालाई सकार गर्न लगाउने र निजले सकार नगरे तामेलीमा राखी दिने र सरकारी बिगोको हकमा पटक पटक लिलाम बडाबड गराई जतिमा सकार गरे पनि लिलाम गराई कारवाही टुङ्ग्याउन फैसला कार्यान्वयन अधिकारी  समक्ष पेश गरि भएका आदेशानुसार गर्ने,

छ. लिलाम सकार गराउँदा अन्तिम बोलकबोलवालाबाट बोल अङ्कको दश प्रतिशत र कम तुरून्त बुझाउँन लगाई बाँकी रकम बुझाउन सात दिनको समय दिने, सात दिन भित्र रकम बुझाई बुझाएको रकम धरौटीमा आम्दानी बाध्ने, नबुझाए पहिले राखेको दश प्रतिशत रकम जफत गरी सदरस्याहा गर्न फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने र भएका आदेश अनुसार लिलामका लागि अर्को सूचना प्रकाशित गर्ने,

ज. लिलाम गर्दा बिगो भराउने अवस्था अनुसार आवश्यक ठानेजति परिणाम मात्र लिलाम गर्नको निमित्त फैसला कार्यान्वयन अधिकारी  समक्ष पेश गर्ने,

झ. लिलाम भएको मितिबाट १५ दिन भित्र द.स.को ६१ नं. बमोजिम न्यायाधीश समक्ष उजुरी परे उजुरीको किनारा लागेपछि मात्र फैसला कार्यान्वयन अधिकारीको आदेशानुसार लिलाम बमोजिमको पूर्जी जारी गर्ने र धरौटी फिर्ता गर्न टिप्पणी पेश गर्ने,

ञ. लिलाम सकार गर्नेलाई लिलाम भएको ञ्ञछ दिन पछि कुनै उजुरी नपरे भराई पाउनेबाट देवानी मुद्दाको बिगो भए साढे दुई प्रतिशत  र फौजदारी मुद्दाको बिगो भए दशौद (१० प्रतिशत) लिई सदर स्याहा गरी चलन पुर्जी दिन पेश गर्ने,

ट. लिलाम भै नसक्दै रकम बुझाउनु पर्ने व्यक्तिले रकम बुझाउन ल्याए फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गरी उक्त रकम पाउने व्यक्तिलाई बुझाई वा धरौटीमा आम्दानी बाधी भराई पाउने बाट अढाई दस्तुर तथा दशौद लिई मिसिल तामेलीमा राख्न पेश गर्ने,

ठ. लेनदेन मुद्दा भए बिगो भराएका दिनसम्मको लेनदेनका ४ र ७ नं. अनुसार व्याज हिसाव गरी शुरूमा राखेको कोर्ट फी भन्दा नपुग कोर्ट फी भए सो समेत प्रतिवादीबाट असुल गरी लिने वा प्रतिवादीबाट असुल हुन नसके वादीबाट नै असुल गर्ने कार्यको निमित्त फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने ।

ड. म्याद भित्र हाजिर हुन आए दुबै पक्षलाई रोहबरमा राखी फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गरी डोर खटाई, चलन चलाई मुचुल्का गरी दण्ड सजायको ६१ नं. बमोजिम उजुरी परि वा टुङ्गिई चलन पुर्जीको निमित्त फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गरी भएको आदेशानुसार गर्ने,

ढ. डोर तारिख तोक्दा डोर उपस्थित नभए त्यसपछि अदालतमा हाजिर हुनुपर्ने तारिख समेत तोकी पठाउने,

ण. चलन वा वण्डादिनु पर्ने व्यक्ति हाजिर हुन नआए तोकिएको म्याद भुक्तान भएपछि दण्ड सजायको ३० नं. बमोजिमका व्यक्ति साक्षी राखी घर ताला फोड्न परे फोडी खोली चलन चलाई दिने,

त. चलन गर्न दिएन भन्ने उजुरी पर्न आएको दरखास्तमा फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गरी फैसला कार्यान्वयन अधिकारी को आदेशानुसार चलन हटक गर्ने व्यक्तिलाई झिकाई लिखित जवाफ वा बयान लिई आवश्यक परेमा सरजमीन लगायतका प्रमाण बुझी चलन हटक गरेको देखिएमा खण्ड सजायको ४३(५) नं. अनुसार कारवाहीको लागि फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

थ. चलन हटक गरेको ठहरिएमा सो वापत आदेशले भएको सजायको लगत कसी असुल गर्ने ।

द. पुनः चलन चलाईएकोमा चलनपुर्जी को निमित्त फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

ध. कोर्ट फी नलागेको मुद्दामा क्षतिपूर्तिको रकम भराएकोमा भराएका रकमको मुलुकी ऐन दण्ड सजायको २१(४) बमोजिम भरी पाउनेबाट सयकडा दश दस्तुर लिने,

न. कोर्ट फी राख्न असमर्थ भनी कोर्ट फी ऐनको दफा २३ को सुविधा पाएको पक्ष संग रू ५,०००।- सम्म बिगो भराई वा चलन चलाएकोमा साढे दुई प्रतिशतका दरले लाग्ने दस्तुर नलिने,

प. वण्डालिने दिने दुबै हाजिर भए अंश वण्डाको २८ नं. अनुसार असल कमसल मिलाई दिने लिनेको मञ्जुरी भएकोमा मञ्जुरी बमोजिम र मञ्जुरी नभएकोमा गोला हाली वण्डा छुट्याई दिने र दिने दिने वा लिने पक्ष मात्र हाजिर भै अर्को पक्ष हाजिर नभए दण्ड सजायको ४६(८) अनुसार म्याद टाँस गरी १५दिन भित्र उपस्थित भए वण्डागरी आ–आफ्नो जिम्मा दिने र अनुपस्थित भए दण्ड सजायको ३० नं. का व्यक्ति साक्षी राखी घर ताला फोडी उक्त ४६ नं. अनुसार

वण्डा छुट्याई गोला हाली अनुपस्थित व्यक्तिको भाग माथवर व्यक्ति वा गाउँ विकास समिति नगरपालिकाको प्रतिनिधि जिम्मा राखी उपस्थित पक्षको अंश छुट्याई दिन डोर खट्ने,

फ. लिलाम गरी चलन चलाएको, लिलाम गरेको वा वण्डाछुट्याएको जग्गाको नामसारी दाखिल खारेज इत्यादि गर्नको लागि मालपोत कार्यालयमा पत्र लेखी पठाउन फैसला कार्यान्वयन अधिकारी  समक्ष पेश गर्ने,

ब. आफ्नो इलाका बाहेक पनि वण्डा छुट्याउनु चलन चलाउनु पर्ने भए आफ्नो इलाकाको कार्य सकी अर्को इलाकाको वण्डा छुट्याउन जानु भनी पक्षलाई तारिख तोकी सम्बन्धित अदालतको फैसला कार्यान्वयन एकाईलाई पत्र लेखी आफ्नो अड्डाको लगत काटी मिसिल सो अदालतमा पठाई दिन फैसला कार्यान्वयन अधिकारी  समक्ष पेश गर्ने,

भ. अन्य जिल्लाबाट वण्डा छुट्याई दिन वा चलन चलाई दिन भनी लेखी आएको दरखास्तहरूमा आफ्नो इलाकाको जति माथि लेखिए बमोजिम कार्य गरी बाँकी अरू जिल्लाको पनि भए सोही अदालतमा तारिख तोकी पठाउने,

म. दण्ड सजायको ४२ नं. बमोजिम बिगो वापत कैद गराउन पाउने दरखास्तहरूमा बिगो वा थैली असामीको जायजातबाट असुल हुनु नसकेको वा केही असुल भै केही बाँकी रहेकोमा नपुग जतिमा असामीलाई कैद गरी पाऊँ भनी लिलाम भएको वा दरखास्त तामेलीमा रहेको सात दिन भित्र दरखास्त दिए लिई दर्ता गर्ने र फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गरी भएका आदेशानुसार सिधा खर्च समेत दरखास्तवाला बाट लिई सम्बन्धित इजलास समक्ष पेश गरि भएको आदेशानुसार गर्ने,

य. फैसला कार्यान्वयन सम्बन्धी विविध कार्यका लागि डोर खटी गै मुचुल्का समेत तयार गर्नुपर्ने भएको अवस्थामा गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधिको उपस्थितिका लागि पत्र पठाई बुझाई भरपाई समेत लिने र गाँऊ विकास समिति वा नगरपालिकाका प्रतिनिधिलाई समेत रोहबरमा राखी मुचुल्का तयार गर्ने समेतको कार्य सम्पन्न गर्ने,

र. कसैले फैसला कार्यान्वयनको कार्यमा बाधा विरोध गरेमा दण्ड सजायको २७ नं. अनुसार कार्यवाहीको लागि एकाईमा आई प्रतिवेदन दिने र भएका आदेश बमोजिम बाँकी कार्य सम्पन्न गर्ने,

ल. फैसला कार्यान्वयन अधिकारी ले गरेको फैसला कार्यान्वयन सम्बन्धी काम कुरामा बेरीत भयो भनी १५ दिन भित्र उजुरी दिन ल्याए फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गरि फैसला कार्यान्वयन अधिकारीको आदेशानुसार सो मिसिल कागजात सहित जिल्ला न्यायाधीश समक्ष पेश गरी भएका आदेशानुसार गर्ने,

व. कुनै पनि कामको लागि फिल्डमा पठाउँदा त्यस ठाउँमा गएर गर्नुपर्ने काम पुऱ्याउनु पर्ने अनिवार्य कानूनी रीत सो काम गर्दा आई पर्नसक्ने बाधा व्यवधान र त्यसका समाधानका उपाय बारेमा फैसला कार्यान्वयन अधिकारी  सँग छलफल गर्ने,

स. जिल्ला न्यायाधीशले गरेको निर्णय उपर अ.वं. १७ नं. अन्तर्गत पुनरावेदन तहमा निवेदन दिई कैफियत प्रतिवेदन माग भएमा भएका आवश्यक तथ्य विवरण खुलाई मागिएका कागजातहरूको प्रतिलिपि र आदेश सहितको प्राप्त निवेदन समेत साथै राखी पत्र पाएको ७ दिन भित्र कैफियत प्रतिवेदन तयार गर्ने,

ष. रीट सम्बन्धी निवेदन परी लिखित जवाफ माग भएकोमा भएको तथ्य खुलाई आफ्नो अड्डाले सो काम गर्दा आधार लिएका कानून समेत उल्लेख गरी म्याद भित्रै पुग्ने गरी पुनरावेदन अदालत सम्बन्धी भए पुनरावेदन सरकारी वकिल कार्यालय मार्फत र सर्वोच्च अदालत सम्बन्धित भए महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउने व्यवस्थाको निमित्त फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

श. उपरोक्त कुराहरूका अतिरिक्त कानूनले तोकेका अन्य कार्य समेत गर्ने र कुनै कुरामा अड्चन वा द्विविधा परे फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गरी भएका आदेशानुसार गर्ने

ह. आफ्नो शाखालाई सुधार गर्न आवश्यक उपायहरू फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने

क्ष. आफ्नो शाखामा आउने मुद्दाका पक्षहरू र अदालतका नियमित प्रयोगकर्ताहरूलाई पालोक्रम मिलाई पहिले आउनेको पहिले कार्य सम्पन्न गरी पठाउने,

त्र. अदालत प्रयोगकर्तासँग शिष्टतापूर्वक व्यवहार गर्ने र उनीहरूलाई अदालतको कार्यप्रक्रिया बारे जानकारी दिने,

ज्ञ. आफ्नो शाखामा रहेका भौतिक चिज वस्तुको संरक्षण गर्ने र अदालतको सम्पत्तिको दुरूपयोग हुन नदिने,

अ. फैसला कार्यान्वयन सम्बन्धी काममा आवश्यक परेमा सुरक्षा फाँटको सहयोग लिने ।

## २.३ दण्ड जरिवाना लगत अभिलेख फाँट

क. फैसला कार्यान्वयन एकाईमा फैसला अनुसार लागेको दण्ड, जरिवाना, कैद, सरकारी बिगो इत्यादि असुल गर्नुपर्ने रकम र मुद्दा, फैसला मिति र असुल गर्नुपर्ने व्यक्तिको नाम, थर, वतन पिता वा पतिको नाम, थर र यथासम्भव हुलिया समेत खुलाई मूल लगत किताब राख्ने,

ख. मुल लगत किताबबाट प्रत्येक गाँऊ विकास समिति र नगरपालिकाको वडा पिच्छे छुट्टा छुट्टै लगत किताब खडा गरी राख्ने,

ग. जमानत राखिएको जिन्सी वा जग्गा जस्ता सम्पत्ति लिलाम गरी लागेको दण्ड जरिवाना असुल गरी बाँकी रहन आए धरौटीमा आम्दानी बाँधी दिने,

घ. अदालतमा दर्ता हुन आउने प्रत्येक लिखतको पक्ष वा वारिसलाई दण्ड जरिवाना कैद दशौद आदेशले बाँकी रहेको कोर्ट फी सरकारी बिगो बाँकी छ छैन हेरी फैसला कार्यान्वयन एकाईले प्रमाणित गरिदिने,

ङ. फैसला कार्यान्वयन एकाईमा अंश रोक्का भएको वा जेथा जमानी राखी रोक्का भएकोमा अनुसूची १५ र १६ को ढाँचामा रोक्का किताब प्राप्त गरि सो किताबमा विवरण भरी अद्यावधिक गराई राख्ने,

च. जमानतमा राखिएको सम्पत्ति फुकुवा गरी पाउँ भनी जमानतको लागि तोकिएको धरौटी बरावरको रकम दाखिल गरेमा तेस्रो पक्षको सम्पत्ति जमानत रहेको भए फुकुवा को निमित्त फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

छ. दण्ड जरिवानाको लगत असुल गर्न जिल्ला भरीनै वर्षै पिच्छे हिँउदे वाली भित्र्याएपछि र वर्षे वाली भित्र्याए पछि अनिवार्य रूपमा डोर खटाउन फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

ज. मानिस फेला परे जरिवानाको रकम असुल गरी रसिद दिने जरिवाना असुल नभएमा वा कैद असुल गर्न पर्ने भएमा पक्राउ गरी थुनामा राख्न पठाउन फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

झ. फेला नपरे निजको सम्पत्तिको तायदात गरी ल्याउने,

ञ. मरेको वा वेपत्ता भएको वा बसाई सराई गरेको भए सो व्यहोराको मुचुल्का गरी ल्याउने,

ट. अन्य इलाकामा बसाई सराई गरी गएको भए सो अड्डामा लगत कस्न पठाई लगत कसेको जानकारी लिई सो नं. जनाई आफ्नो अड्डाको लगत कट्टा गर्न पेश गर्ने,

ठ. मरेको वेपत्ता भएको वा अवधि नाघेकोमा कानून बमोजिम मिनाहाको लागि दण्ड सजायको २४ नं. र जिल्ला अदालत नियमावली २०५२ को नियम ७१ बमोजिम प्रत्येक ३ महिनामा लगत फछर्यौट समितिको वैठक राख्ने व्यवस्था गर्ने र तहसिददार समक्ष पेश गरि भएको निर्णय बमोजिम लगत कट्टा गर्ने,

ड. जरिवाना असुलबाट आएको रकम आम्दानी बाँधी लगत कट्टा गरिदिने,

ढ. सर्वस्व सहित जन्मकैद हुने ठहरी फैसला भएकोमा जन्मकैदको २० वर्ष लगत ठेकी सर्वस्व गर्नुपर्ने सम्पत्ति भए सर्वस्व गर्ने, तर सर्वस्व वापत भनी थप १.५ (डेढ) वर्ष कैद नगर्ने,

ण. पक्राउ परेको वा फैसला हुँदा थुनामा रहेका व्यक्तिहरूका हकमा दण्ड सजायको ६, ७, १०, ३८, ४० र ४१ नं. समेतको कानूनलाई विचार गरी रीतपूर्वकको कैदी पूर्जी बनाई कारागारमा पठाईदिने,

त. कैदी पूर्जी लिई पठाएका प्रत्येक कैदीको अनुसूची १७ को ढाँचामा कैदी किताबमा चढाई राख्ने,

थ. पुनरावेदन अदालत वा सर्वोच्च अदालतबाट र अन्य अदालतबाट आएको लगत अनुसार लगत कस्ने र लगत कसेको लगत नं. सहितको जानकारी पठाउने,

द. नियम ८७ बमोजिमको सूचना वर्षको २ पटक प्रकाशित गरी दण्ड जरिवाना सरकारी बिगो बुझाउन ल्याए ६ प्रतिशत सम्म छुट दिई असुल गर्ने सम्बन्धी सुचना प्रकाशित गर्न फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

ध. पुनरावेदन अदालत तथा सर्वोच्च अदालतको फैसलाले लगत कट्टा गर्ने वा सजाय बढी वा घटी भएको रहेछ भने अन्तिम फैसला अनुसारको लगत कायम गरी मिलाउने,

न. पुनरावेदन वा सर्वोच्च अदालतमा पुनरावेदन गर्दा जरिवाना बुझाएको भन्ने जानकारी प्राप्त हुन आएमा सो अनुसार लगत कट्टा गर्ने,

प. असुल भएको कैद जरिवाना वापत असुल गर्नेले पाउने नियम बमोजिमको कमिशन भुक्तानी दिने,

फ. एकाईमा रहेको सुरक्षा अङ्गसमेत परिचालन गरी फैसला बमोजिम कायम भएको दण्ड जरिवानाको लगत असुल तहसिलका लागि क्रियाशील रहने,

ब. कैद जरिवाना असुलका लागि सो को लगत प्रहरी कार्यालय लगायतका कार्यालय एवं आवश्यकता अनुसार संघसंस्था (जस्तो गाउँ विकास समिति) समेतमा लगत पठाई असुलको व्यवस्था मिलाउने,

भ. अन्तिम फैसला भएको मितिले ६० दिन भित्र कैद वा जरिवाना लागेको व्यक्ति आफै अदालतमा उपस्थित भै सजाय भोग्नु वा बुझाउन पाऊँ भनी निवेदन दिए मुलुकी ऐन दण्ड सजायको ४१ क. नं. बमोजिम २० प्रतिशत छुट सुविधाको लागि फैसला कार्यान्वयन अधिकारी  समक्ष पेश गरी भएका आदेशानुसार गर्ने,

म. अन्य काम कारवाही ऐन बमोजिमको रीत पुर्‍याई गर्ने र कुनै बाधा अड्चन भए फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गरी भएका आदेशानुसार गर्ने,

य. दण्ड जरिवाना, सरकारी बिगो तथा जेथा जमानतको विवरण अध्यावधिक गरी सो को जानकारी नियमित रूपमा फैसला कार्यान्वयन निर्देशनालयमा पठाउने ।

### २.४ जिन्सी फाँट

क. जिन्सी सामानहरूको जिन्सी किताबमा आम्दानी बाधी जिन्सी नम्बर टाँसी सो सामानमा पनि नम्बर लेखी खोजेका बखत पाउन र चिन्न सकिने गरी राख्ने, तहसिलको जिन्सी विवरण मासिक तथा वार्षिक रूपमा सर्वोच्च अदालत तथा फैसला कार्यान्वयन निर्देशनालय र सम्बन्धित पुनरावेदन अदालतमा पठाउने,

ख. मुद्दा अन्तिम टुङ्गो लागेका र तत्काल सडी जाने सामान हात हतियार भए खोजिभएको बखत फिर्ता दिने गरी जिल्ला प्रशासन कार्यालयमा बुझाई भर्पाई लिने र पुरातात्विक महत्वका मूर्ति, ग्रन्थ इत्यादि भए पुरातत्व विभागमा पठाई भरपाई लिने र अन्य सामानहरू कानून बमोजिम दशौद बुझाउन पर्नेमा बुझाई फिर्ता लगेमा बाहेक लिलाम गरी आएको रकम कानूनले तोकेको म्याद भित्र फिर्ता माग्न आए दिने गरी धरौटीमा आम्दानी बाँधी राख्ने कार्यको निमित्त फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

ग. नमूनाको रूपमा मिसिल संलग्न रहेको लागू औषध मुद्दा अन्तिम किनारा लागेपछि सडाउने,

घ. आफ्नो फाँटको कामप्रति पूर्णरूपमा जिम्मेवार रहने,

ङ. जिन्सी सामानको व्यवस्थापनमा देखिएका समस्याहरू फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने ।

### २.५ नाप नक्सा फाँट

क. फैसला कार्यान्वयन सम्बन्धमा नाप नक्सा गर्ने आदेश भएमा आदेश बमोजिम नाप नक्सा गर्ने,

ख. नाप नक्सामा जाँदा काज किताबमा काज खटिएको व्यहोरा जनाई राख्ने,

ग. नक्सा गर्न जादाँ फैसला कार्यान्वयन एकाईको कम्तीमा पनि डिठ्ठा सरहको कर्मचारी साथ लिई जाने । नक्सामा अनिवार्य रूपमा स्थानीय निकायका प्रतिनिधि र मुद्दाका पक्षहरूलाई रोहवरमा राख्ने,

घ. सुरक्षा अवस्था कमजोर भएको वा नाप नक्सा कार्यमा बाधा अवरोध आइ पर्ने सम्भावना भएका ठाँउमा नाप नक्सा गर्न जाँदा फैसला कार्यान्वयन अधिकारी समक्ष सो व्यहोरा स्पष्ट पारी एकाईमा रहेको सुरक्षा बलको सहयोग लिने,

ङ. आफ्नो फाँटलाई सुधार गर्न आवश्यक उपायहरू फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

च. नाप नक्सा गर्दा पालो क्रम मिलाई पहिले आउनेको पहिले कार्य सम्पन्न गरी पठाउने,

छ. फैसला कार्यान्वयन सम्बन्धी प्रयोगकर्तासँग शिष्टतापूर्वक व्यवहार गर्ने,

ज. आफ्नो शाखामा रहेका चिज वस्तुको संरक्षण गर्ने,

झ. फैसला कार्यान्वयनका लागि आउने मुद्दाका पक्षहरूलाई एकाईको कार्यप्रक्रिया वारे जानकारी दिने,

ञ. आफ्नो फाँटको कामप्रति पूर्णरूपमा जिम्मेवार रहने,

ट. निजामती सेवा ऐन नियमद्वारा निर्धारित आचरणको पालना गर्ने ।

**२.६ दण्ड जरिवाना असुली तथा सहयोग फाँट**

क. फैसला कार्यान्वयन निर्देशनालय तथा फैसला कार्यान्वयन एकाईको दण्ड जरिवाना लगत अभिलेख फाँटबाट प्राप्त लगत विवरण अनुसार कैद तथा जरिवाना लागेका व्यक्तिहरूलाई पक्राउ गरी असुल तहसिल गर्न सहयोग गर्ने,

ख. फैसला कार्यान्वयनका क्रममा फैसला कार्यान्वयन अधिकारीले दिएको निर्देशन बमोजिमको काम गर्ने,

ग. फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक वा निर्देशकले दिएको आदेशको पालना गर्ने,

घ. फैसला कार्यान्वयनको क्रममा थप सुरक्षा बलको आवश्यकता देखिएमा फैसला कार्यान्वयन अधिकारी सँग अनुमति लिई सम्बन्धित प्रहरी कार्यालयबाट थप प्रहरी सहयोग लिने,

ङ. एकाई र प्रहरी कार्यालयसँग समन्वयका लागि सम्पर्क व्यक्तिको रूपमा काम गर्ने,

च. फैसला कार्यान्वयन सम्बन्धी कार्यमा देखिएको संवेदनशीलताको विश्लेषण गरी फैसला कार्यान्वयन अधिकारी समक्ष पेश गर्ने,

छ. फैसला कार्यान्वयन सम्बन्धी कार्यको सुरक्षा व्यवस्थाको पूर्ण दायित्व निर्वाह गर्ने,

ज. प्रचलित प्रहरी ऐन नियम बमोजिमको कार्य गर्ने । अदालतको काम गर्दा आफूलाई थाहा हुन आएको गोप्य कुरा प्रकट नगर्ने,

झ. निजामती सेवा ऐन नियमद्वारा निर्धारित आचरणको पालना गर्ने,

ञ. अदालत प्रयोगकर्तासँग शिष्टतापूर्वक व्यवहार गर्ने र अदालतको कार्यप्रक्रिया बारे जानकारी दिने,

ट. आफ्नो शाखामा रहेको भौतिक चिज वस्तुको संरक्षण गर्ने र अदालतको सम्पत्तिको दुरूपयोग हुन नदिने,

ठ. आफ्नो शाखालाई सुधार गर्न आवश्यक उपायहरू फैसला कार्यान्वयन अधिकारी मार्फत महानिर्देशक समक्ष पेश गर्ने,

ड. आफ्नो शाखामा आउने मुद्दाका पक्षहरू र अदालतका प्रयोगकर्ताहरूलाई पालोक्रम मिलाई पहिले आउनेको पहिले कार्य सम्पन्न गरी पठाउने ।

**विविध**

फैसला कार्यान्वयन एकाईमा रहने सम्पूर्ण फाँट तथा कर्मचारीहरूका अन्य ऐन नियममा उल्लेख भए बाहेक काम कारवाहीसँग सम्बन्धित विषयमा फैसला कार्यान्वयन अधिकारीसँग प्रत्यक्ष उत्तरदायित्व रही फैसला कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण काम कारवाही फैसला कार्यान्वयन अधिकारीको निर्देशन र नियन्त्रणमा रही सम्पादन हुनेछ । ■

## नेपाल कानून समाजका प्रबन्ध समितिका सदस्यहरू

| | |
|---|---|
| श्री कुसुम श्रेष्ठ | अध्यक्ष |
| श्री काशीराज दाहाल | उपाध्यक्ष |
| श्री अनिलकुमार सिन्हा | सचिव |
| श्री सजनराम भण्डारी | कोषाध्यक्ष |
| श्री पुष्पा भुषाल | सह-सचिव |
| श्री कोमल प्रकाश घिमिरे | सदस्य |
| श्री उदय नेपाली श्रेष्ठ | सदस्य |
| श्री तीर्थमान शाक्य | सदस्य |
| श्री कुसुम शाखः | सदस्य |
| श्री सुधीर श्रेष्ठ | सदस्य |
| श्री तुलसी भट्ट | सदस्य |
| श्री कृष्णमान प्रधान | कार्यकारी निर्देशक |

# नेपाल कानून समाजको संक्षिप्त परिचय

नेपाल कानून समाज कानूनी शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र सुशासनको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले कानून र न्याय क्षेत्रका विज्ञहरूद्वारा २०३८ सालमा स्थापना गरिएको संस्था हो । न्यायाधीश, कानून व्यवसायी, न्याय र कानूनका क्षेत्रमा कार्यरत व्यक्ति एवं कानूनका प्राध्यापक गरी करिव ३५० जना समाजका सदस्यको रूपमा सक्रिय छन्।

## प्रमुख कार्यक्षेत्रहरू

- स्वतन्त्र न्यायपालिका,
- संवैधानिक विकास,
- कानूनी शासन/सुशासन,
- मानव अधिकार,
- महिला र लैङ्गिक न्याय,
- सुशासन र विकास

## मुख्य उद्देश्यहरू

- कानूनी शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, सुशासनको विकास, संरक्षण र सम्बर्द्धन गर्ने,
- नीति निर्माण र क्षमता बृद्धि गर्नसहयोग पुऱ्याउने उद्देश्यले अनुसन्धान, तालिम, अन्तरक्रिया, गोष्ठी, सम्मेलनको आयोजना गर्ने,
- जनचेतनामूलक कार्यक्रम गरी सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने,
- विभिन्न पुस्तक, प्रतिवेदन, बुलेटिनको प्रकाशन गर्ने

## रणनीति

समाजले सरोकारवालाहरूको संलग्नतामा कानूनी शासन, सुशासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिकाको विकासमा सघाउ पुऱ्याउने रणनीति अवलम्बन गर्दछ ।

समाजले सरकारी, गैरसरकारी तथा स्थानीय तहमा रहेका विभिन्न क्षेत्रहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्दैआएको छ । विशेषगरी न्यायपालिकामा अर्धन्यायिक निकायहरू, स्थानीय निकायसँग समन्वय गरी क्षमता अभिबृद्धिको कार्यक्रम सञ्चालन गर्दै आएको छ । समाजले मुलुकका विभिन्न क्षेत्रमा अनुसन्धान, गोष्ठी, अन्तरक्रिया, तालिम गरी विभिन्न प्रतिवेदन र पुस्तकहरू प्रकाशित गरेको छ । समाजले मुलुकका सबैजिल्लाहरूमा कार्यक्रम सहज रूपमा सञ्चालन गर्न, समाजका सदस्यहरू, सम्पर्कव्यक्ति स्थानीय संघसंस्थाहरूसँग सम्बन्धन राखेको छ ।

नेपाल कानून समाज International Bar Association को सक्रिय सदस्य र International Commission of Jurists सँग आवद्ध भईसक्रिय रूपमा कार्य गर्दै आएको छ ।